JOINT PROGRAMME ON:
Accelerating Progress towards
Rural Women's Economic Empowerment



# नेपालमा ग्रामिण महिलाहरुको आर्थिक सशक्तीकरण-कार्यक्रम (JP-RWEE)

## आधारभूत अध्ययन प्रतिवेदन, नेपाल

**अगष्ट २०२३**

Food and Agriculture Organization of the United Nations

IFAD
Investing in rural people

UN WOMEN

WFP
World Food Programme

IFAD, FAO, UN Women, and WFP, 2023. ग्रामीण महिलाहरुको आर्थिक सशक्तीकरण कार्यक्रम,  आधारभूत अध्ययन प्रतिबेदन, काठमाडौँ ।

यस अध्ययन प्रतिवेदनमा समावेश गरिएका सामग्रीहरुले कुनैपनि राष्ट्रको कानुन वा विकासको अवस्था, सिमाना, शहर वा क्षेत्रअधिकार अन्तर्गतका भूभागहरु वा सिमानाको सिमांकन बारेमा संयुक्त राष्ट्रसंघको खाद्य र कृषि संगठन (FAO), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD),  विश्व खाद्य कार्यक्रम (WFP), र लैङ्गिक समानता र महिलाको सशक्तीकरणका लागी संयुक्त राष्ट्रसंघीय निकाय (UN Women) को धारणालाई संकेत गर्दैन । प्रतिवेदनमा राखिएका नक्साहरुमा रहेका अर्ध रेखाहरुले (ड्यास लाईन) अनुमानित सीमा रेखाहरूलाई जनाउँदछ जुन पूर्ण सहमतिको नहुन सक्दछ । यस प्रतिवेदनमा कुनै कम्पनि वा तिनका उत्पादनहरुबारेमा विवरण समावेश गरिनुको मतलव तिनिहरुलाई FAO, IFAD, WFP, UN Women र WFP ले अन्य उही प्रकृतीका कम्पनि वा उत्पादन भन्दा प्राथमिकतामा राखेर समर्थन, प्रवर्द्धन वा सिफारिस  गरेको भन्ने होईन ।

यस प्रतिवेदनमा व्यक्त गरिएका विचारहरु लेखकहरुका निजी विचारहरु हुन् र यसले संयुक्त राष्ट्रसंघ लगायतका FAO, IFAD, WFP, UN Women, WFP, र MPTF कार्यालयको विचार र नीतिको प्रतिनिधित्व गर्दैन ।

**© IFAD, FAO, UN Women, WFP, 2023**

केहि अधिकारहरु सुरक्षित गरिएको । यस प्रतिवेदन क्रियटिभ कमन्स (Creative Commons) Attribution-NonCommercial-ShareAlike 3.0 IGO license (CC BY-NC-SA 3.0 IGO; https://creativecommons.org/licenses/by-nc-sa/3.0/igo/legalcode) मा उपल्बध छ ।

यस इजाजतपत्र अनुसार, स्रोतलाई उधृत गरेर गैर-व्यावसायिक उद्देश्यका लागि यस प्रतिवेदनको प्रतिलिपि बनाउन र पुन: वितरण गर्न सकिनेछ । यस प्रतिवेदनलाई सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्दा FAO, IFAD, WFP, UN Women, WFP ले कुनै विशेष संस्था, उत्पादन वा सेवालाई समर्थन गरेको भनि सुझाव दिन पाईनेछैन । FAO, IFAD, WFP, UN Women, WFP को लोगो प्रयोग गर्न पाईनेछैन । यदि यस कार्यलाई अनुकुलन गरिएको खण्डमा, ‘क्रियटिभ कमन्स लाईसन्स’ अन्तर्गत ईजाजत पत्र लिनुपर्नेछ । यस प्रतिवेदनको अनुवाद गरेको खण्डमा स्रोतलाई उल्लेख गर्नुका साथै, निम्न घोषणा गर्नुपर्दछ। “ यो अनुवाद FAO, IFAD, UN Women, वा WFP द्वारा सिर्जना गरिएको होइन अथवा FAO, IFAD, UN Women, र WFP यस अनुवादको सामग्री वा शुद्धताको लागि जिम्मेवार छैनन् । मूल अंग्रेजी संस्करण नै आधिकारिक संस्करण हो ।”

इजाजतपत्रसंग सम्बन्धित विवादहरु आपसी समझदारीमा समाधान नभएमा, र कसरी समाधान गर्ने भनि  यस प्रतिवेदनमा उल्लेख नगरेको खण्डमा, यसै इजाजतपत्रको धारा ८ मा भनेबमोजिम मेलमिलाप र मध्यस्थता मार्फत गरिनेछ । मेलमिपलाको प्रकृया विश्व बौद्धिक सम्पत्ति संगठनको (World Intellectual Property Organization) नियमहरू http://www.wipo.int/amc/en/mediation/rules को हुबहु पालना गरेर हुनेछ र  मध्यस्थता संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी आयोगको (UNCITRAL) मध्यस्थताका नियमहरु अनुसार गरिनेछ।

तेस्रो-पक्षका सामाग्रीहरु: यस प्रतिवेदनमा तेस्रो पक्षमा निहित रहेका सामग्रीहरु जस्तै तालिकाहरु, चित्रहरु वा फोटोहरुको प्रयोगका लागि तेस्रो पक्षबाट अनुमति चाहिने वा नचाहिने र लिने वा  नलिने भन्ने विषयमा प्रतिवेदनका पाठकहरु स्वयम् जिम्मेवार रहन्छन् । तेस्रो पक्षको स्वामित्वका कुनै सामग्रीहरुको उलङ्घनका बारेमा केहि दावी आएमा, त्यसको जिम्मवारी प्रतिवेदनका पाठक वा प्रयोगकर्ताहरुमा नै रहन्छ ।

*कभर फोटोः युएन वोमेन नेपाल/श्रवण श्रेष्ठ/२०२३*

# प्राक्कथन

ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (आरडब्लुईई) संयुक्त राष्ट्रसंघको साझेदारीमा ग्रामीण महिलाहरूले समाना गरिरहेका अबरोधहरूलाई सम्बोधन गर्ने तयार गरिएको एक विश्वव्यापी पहल हो । यो कार्यक्रम खाद्य तथा कृषि संगठन (एफएओ), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी), लैंगिक समानता र महिला सशक्तिकरणका लागि संयुक्त राष्ट्रसंघीय इकाई (युएन उमन) र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) द्वारा संयुक्त रुपमा कार्यान्वयन भईरहेको छ । कार्यक्रमले ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरणका लागि उपयुक्त वातावरण सिर्जना गर्दै सशक्तीकरणका सामाजिक, आर्थिक र राजनीतिक आयामहरूलाई समेट्ने समग्र दृष्टिकोणलाई अवलम्बन गरेको छ ।

यस कार्यक्रमको मुख्य लक्ष्य दिगो विकास एजेन्डा २०३० र दिगो विकास लक्ष्यको सन्दर्भमा ग्रामीण महिलाहरूको जीविकोपार्जन, अधिकार र उत्थानशीलता सुरक्षित गर्नु हो । यो कार्यक्रम निम्नानुसारका अन्तरसम्बन्धित परिणाम क्षेत्रहरूमा केन्द्रित छः क) खाद्य सुरक्षा र पोषणमा सुधार; ख) आयमा वृद्धि, मर्यादित रोजगारी र आर्थिक स्वायत्तता; ग) ग्रामीण जीवन र संस्थाहरूमा सहभागिता र नेतृत्वमा अभिवृद्धि; र घ) अधिक लैंगिक-उत्तरदायी नीतिगत वातावरण ।

यो कार्यक्रमको पहिलो चरण सन् २०१४ देखि २०२१ सम्म इथियोपिया, ग्वाटेमाला, किर्गिस्तान, लाइबेरिया, नेपाल, नाइजर र रुवाण्डामा लागू गरिएको थियो भने दोस्रो चरण नेपाल, नाइजर, तान्जानिया, ट्युनिसिया र प्रशान्त द्विपका फिजी, किरिबाटी, सोलोमन द्वीप, टोंगामा सहित थप देशहरूमा विस्तार गर्ने उद्देश्य लिएर २०२२ देखि २०२७ सम्मका लागि कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीय तहको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको समन्वयमा सिराहा र सप्तरी जिल्लाका पाँचवटा गाउँ तथा नगरपालिकाहरू (लक्ष्मीपुर पतारी, सखुवनन्कारकट्टी गाउँपालिका र कर्जन्हा नगरपालिका- सिराहा र छिन्नामस्ता तथा तिलाठी कोइलाडी गाउँपालिका -सप्तरी) सँगको नजिकको सहकार्यमा यो कार्यक्रम कार्यान्वयन भै रहेको छ । यो कार्यक्रमले सीमान्तकृत समूहका ६ हजार व्यक्ति (५ हजार ५ सय महिला र ५ सय पुरुष), उनीहरूका घरपरिवारका सदस्यहरू, निर्वाचित सरकारी प्रतिनिधिहरू र अधिकारीहरू सहित थप २६ हजार अप्रत्यक्ष सहभागीहरू सम्म पुग्ने उद्देश्य लिएको छ । यसको पहिलो चरण पनि मधेश प्रदेशका सर्लाही र रौतहट जिल्लामा लागू गरिएको थियो र ग्रामीण महिलाहरूले आर्थिक सशक्तिकरणमा महत्त्वपूर्ण परिणामहरू प्राप्त गरेका थिए ।

कार्यक्रमको (दोस्रो चरण) आधारभूत अध्ययन न्यू एरा नामक एक अनुसन्धान संस्थासंगको साझेदारीमा सन् २०२३ को अप्रिल देखि जुलाई महिना सम्म गरिएको थियो । यसको समग्र उद्देश्य कार्यक्रमका सहभागीहरूको प्रारम्भिक अवस्थाको आँकलन गर्ने, आधारभूत र लक्षित मानकहरू तय गर्ने र कार्यक्रम टोलीलाई व्यवहारिक र कार्यान्वयन योग्य क्रियाकलापहरू सिफारिस प्रदान गर्नु रहेको थियो । सर्वेक्षणमा सप्तरी र सिराहा जिल्लाका कार्यक्रम कार्यान्वयन गरिने र नगरीने दुबै थरी गाउँहरूबाट ३०० का दरले ६०० घरपरिवारहरू सहभागि थिए भने कुल १,००० व्यक्तिहरूमध्ये ६०० महिला र ४०० पुरुषसँग अन्तरवर्ता लिईएको थियो । यस अध्ययनको निष्कर्षले महिलाहरू आफ्नो जीवनका विविध आयामहरूमा शक्तिहीन रहेको देखाएको छ । महिलाहरूले महत्त्वपूर्ण स्थानहरूमा भ्रमण गर्ने, स्वतन्त्रता पुर्वक निर्णयहरू गर्ने, कामहरूमा सन्तुलन हासिल गर्ने र

घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण जस्ता सूचकहरूमा गहन चुनौतीहरूको सामना गरिरहेका छन् । विनापारिश्रमिका घरेलु तथा हेरचाहका काममा असमान कार्य बोझले महिलाहरू ग्रस्त छन् । यिनै कारणले उनीहरूलाई आर्थिक गतिविधिहरूमा लाग्ने समय न्युन मात्रामा उपलब्ध भएको र अन्ततः वित्तीय स्वतन्त्रता, सशक्तीकरण र आरोग्यता हालिल गर्ने उनीहरूको क्षमतालाई बन्देज गरेको देखाएको छ ।

सर्वेक्षणको निष्कर्षले कृषिमा संलग्न अधिकांश व्यक्तिहरू (३८% पुरुष र ३३% महिला) भाडाको जमिनमा निर्भर रहेको र केवल २३ प्रतिशत पुरुष र २१ प्रतिशत महिलाहरूमात्र आफ्नो वा आफ्ना परिवारका सदस्यहरूको स्वामित्वमा रहेको जमिनमा खेती गरिरहेको देखाएको छ । अधिकांश घरपरिवारको आम्दानीको मुख्य स्रोत (३६%) कृषि र गैर-कृषि क्षेत्रमा गर्ने अदक्ष श्रमको पारिश्रमिक हो । औसतमा, ५० प्रतिशत घरपरिवारको मासिक आयको २० हजार रुपयाँ (लगभग १५० अमेरिकी डलर) भन्दा कम छ । कार्यक्रम कार्यान्वयत गरिने गाउँहरूमा खाद्य सुरक्षाको अवस्था चिन्ताजनक छ । कूल ४४ प्रतिशत घरपरिवारले मध्यम तथा गम्भीर खाद्य असुरक्षाको अनुभव गरेका छन् । त्यसै गरी ५९ प्रतिशत घरपरिवारहरूले आफ्नो आम्दानीको ६५ प्रतिशतभन्दा बढी अंश खानामा खर्च गर्छन् (आर्थिक संकटापन्नता मापन गर्ने प्रतिनीधीमुलक सूचक) ।

प्रजनन् उमेरका १६ प्रतिशत महिला (१८ देखि ४९ वर्ष) ले मात्र न्यूनतम आहार विविधता (कम्तिमा पाँच खाद्य समूहको उपभोग) हासिल गर्न सक्षम छन् । यसको अलावा कृषि सूचकाँकमा महिला सशक्तिकरण र लैंगिक समानता सूचकाँकका आधारमा कृषि क्षेत्रमा २२ प्रतिशत महिला र ३३ प्रतिशत पुरुष मात्र सशक्त भएको देखिएको छ ।

यस अध्ययनका मुख्य निष्कर्ष र सिफारिसहरूको आधारमा, कार्यक्रमले ग्रामीण महिलाहरूका चुनौतीहरू सम्बोधन गर्दै सशक्तिकरणका सामाजिक, आर्थिक र राजनीतिक आयामहरूमा लक्षित परिणामहरू हासिल गर्न उपयुक्त वातावरण तयार गरी मुख्य सरोकारवालाहरू र सहभागी संयुक्त राष्ट्रसंघीय निकायहरूसँग समन्वयात्मक तरिकाले समग्र दृष्टिकोण अवलम्बन गर्दै निरन्तर रुपमा व्यवहारिक क्रियाकलापहरू तयार गर्न म कार्यक्रमलाई आग्रह गर्दछु ।

**रोशन कुक**
**नेपाल र भुटानका लागि कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) का निर्देशक**

# विषय सूचि


प्राक्कथन I

तालिकाहरूको सूचि V

चित्रहरूको सूचि VI

संक्षिप्त शव्दावली IX

मुख्य सारांश XI

१ परिचय १

१.१ आधारभुत अध्ययनको उद्देश्य ४

१.२ विधि ४

१.३ नमूना छनौट र नमूनाको आकार ७

१.४ सर्वेक्षण र तथ्याङ्क संकलन १०

१.५ तथ्याङ्क विश्लेषण ११

१.६ समस्या र सीमाहरू १२

२ लाभग्राहीहरूको प्रोफाईल १३

२.१ सर्वेक्षणका उत्तरदाताहरूको आधारभूत विशेषताहरू १३

२.२ घरहरूका आधारभुत विशेषताहरू र घरपरिवारको जनसंख्या १६

२.२.१ घरपरिवारको जनसंख्या १६

२.२.२ घरहरूका विशेषताहरू १९

२.२.३ घरपरिवारको सरसफाई सुविधा २२

२.२.४ घरपरिवारमा खानेपानीको सुविधा २३

२.२.५ सवैभन्दा नजिकमा रहेको सेवा/सुविधाको दुरी २४

२.२.६ घरपरिवारको आय २५

३ खाद्य असुरक्षा अनुभव स्तर (FIES) २९

४ कृषि उत्पादन नतिजाहरू ३३

५ महिलाको न्युनतम आहारा विविधता (MDD-W) ३६

६ घरपरिवारको खाद्यान्न खपतको अंश (HFES) ३९

७ गैर-कृषि रोजगारी र व्यवसायिक गतिविधिहरू ४१

८ जलवायु क्षमता अंक (CCS) नतिजा ४२

| | | |
|---|---|---|
| ९ | **कृषि सूचकांकमा महिला सशक्तीकरण (PRO-WEAI) का नतिजाहरू** | ४४ |
| | ९.१ कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro- WEAI) र लैङ्गिक समानता सूचकांक (GPI) | ४७ |
| | ९.२ आन्तरिक शक्ति (Intransice Agency) | ५४ |
| | ९.२.१ आयमा स्वायत्तता | ५४ |
| | ९.२.२ स्वयममा प्रभावकारीता | ५५ |
| | ९.२.३ घनिष्ठ साथी (Intimate Partner) द्वारा हुने हिंसाप्रतिको दृष्टिकोण | ५७ |
| | ९.२.४ घरपरिवारका सदस्यहरूमा एक अर्का प्रतिको सम्मान | ५८ |
| | ९.३ महत्वपूर्ण शक्ति (Instrumental Agency) | ६० |
| | ९.३.१ उत्पादनशील निर्णयहरूमा संलग्नता | ६० |
| | ९.३.२ भूमि तथा अन्य सम्पत्तिको स्वामित्व | ६१ |
| | ९.३.३ वित्तीय सेवाहरूमा पहुँच र निर्णय | ६२ |
| | ९.३.४ आयको प्रयोगमा नियन्त्रण | ६३ |
| | ९.३.५ समय बाँडफाँड | ६४ |
| | ९.३.६ गतिशीलता : महत्वपूर्ण स्थानहरूको भ्रमण | ६८ |
| | ९.४ सामुहिक शक्ति | ६९ |
| | ९.४.१ समूह सदस्यता | ६९ |
| | ९.४.२ प्रभावशाली समूहमा सदस्यता | ७२ |
| १० | **निष्कर्ष** | ७३ |
| ११ | **सुझावहरू** | ७४ |
| १२ | **वितरण योजना** | ७५ |
| १३ | **अनुगमन योजना** | ७६ |
| | परिशिष्ट क : आधारभुत, यान्त्रिक र सामुहिक निकायमा सशक्तता | ७७ |
| | परिशिष्ट ख : गाउँको प्रोफाईल | ८९ |
| | परिशिष्ट ग : तथ्याङ्क संकलन प्रतिवेदन | ९९ |
| | परिशिष्ट घ : परियोजना सुचकहरूमा आधारित संक्षिप्त नतिजाहरू | ११४ |
| | परिशिष्ट ङ : नेपालमा JP-RWEE दोश्रो चरणको आधारभुत सर्वेक्षणका केही सम्झनाहरू | १२१ |

# तालिकाहरूको सूचि


| | | |
|---|---|---|
| तालिका १.१ : | कार्यक्रम कार्यान्वयन गरिने गाउँ र समुदायको नमुना सूचि | ८ |
| तालिका १.२ : | कार्यक्रम कार्यान्वयन नगरिने गाउँ/समुदायहरूको सूचि | १० |
| तालिका २.१ : | उत्तरदाताको विशेषताहरू, जिल्ला र लिंग अनुसार | १४ |
| तालिका २.२ : | उत्तरदाताको विशेषताहरू, लिंग र कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुह अनुसार | १५ |
| तालिका २.३ : | घरपरिवारको जनसंख्या, जिल्ला अनुसार | १७ |
| तालिका २.४ : | घरपरिवार जनसंख्या, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुह अनुसार | १८ |
| तालिका २.५ : | घरपरिवारको विशेषताहरू, जिल्ला अनुसार | २० |
| तालिका २.६: | घरपरिवारको विशेषताहरू, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुह अनुसार | २१ |
| तालिका २.७ : | घरपरिवारमा सरसफाइका सुविधाहरू, जिल्ला अनुसार | २२ |
| तालिका २.८ : | घरपरिवारको सरसफाईका सुविधाहरू, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुह अनुसार | २३ |
| तालिका २.९ : | घरपरिवारमा खानेपानीको सुविधा, जिल्ला अनुसार | २४ |
| तलिका २.१० : | घरपरिवारमा खानेपानीको सुविधा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँअनुसार | २४ |
| तालिका २.११ : | नजिकमा रहेका सेवा/सुविधाहरूको दूरी, जिल्ला अनुसार | २५ |
| तालिका २.१२ : | नजिकको सेवा/सुविधाहरूको दूरी, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँ अनुसार | २५ |
| तालिका ४.१ : | गएको १२ महिनामा लगाईएका बालीहरू | ३१ |
| तालिका ४.२ : | प्रत्येक बालीको उपज, साना स्तरका कृषकको लिंग अनुसार | ३४ |
| तालिका ४.३ : | बिक्रिको परिमाण र मुल्य | ३५ |
| तालिका ५.१ : | प्रजनन उमेर समुहका महिलाका लागि एकिकृत न्युनतम आहार विविधता निर्धारण | ३६ |
| तालिका ९.१ : | पर्याप्तता प्रतिशत, क्षेत्र तथा सूचक, क्षेत्रीय र कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुह अनुसार | ४५ |
| तालिका ९.२ : | कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकमा आधारित पुरुष र महिलाको सशक्तीकरणको आधाररेखा, जिल्ला र कार्यक्रम कार्यान्वयन अवस्थाको आधारमा | ४८ |
| तालिका ९.३: | कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकहरूमा आधारित महिला र पुरुषहरूको सशक्तीकरणको आधाररेखा, व्यक्तिगत र घरपरिवार सामाजीक जनसांख्यिकीय विशेषताहरू अनुसार | ५१ |
| तालिका ९.४ : | कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकहरूमा आधारित महिला र पुरुषहरूको सशक्तीकरणको आधाररेखा, व्यक्तिगत र घरपरिवार सामाजीक जनसांख्यिकीय विशेषताहरू अनुसार | ५२ |
| तालिका ९.५ : | दर्ता गरिएका समुह र महिला-नेतृत्व समुहहरूको संख्या | ७० |

# चित्रहरूको सूचि


| | | |
|---|---|---|
| चित्र २.१ : | जिल्ला, कार्यक्रम कार्यान्वयन गरिने समूह र कार्यान्वयन नगरिने समूहभित्रका नमुना | १३ |
| चित्र २.२ : | घरपरिवारको आय, कामको प्रकार अथवा आय अनुसार | २६ |
| चित्र २.३ : | घरपरिवारको आय, जिल्ला अनुसार | २७ |
| चित्र २.४ : | घरपरिवारको आयमा महिलाको योगदान | २७ |
| चित्र २.५ : | आय वितरण, घरपरिवार अनुसार | २८ |
| चित्र २.६ : | आय वितरण, जातीयता अनुसार | २८ |
| चित्र ३.१ : | घरपरिवारमा खाद्य असुरक्षा अनुभव स्तर | २९ |
| चित्र ३.२ : | खाद्य असुरक्षाको गम्भीरता र असम्पादित अंकहरू | ३० |
| चित्र ३.३ : | खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको आय | ३१ |
| चित्र ३.४ : | खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको आकार | ३१ |
| चित्र ३.५ : | खाद्य असुरक्षा अनुभव स्तर वि. खाद्य खपतको अनुपात | ३१ |
| चित्र ३.६ : | खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको प्रकार | ३१ |
| चित्र ३.७ : | खाद्य असुरक्षा अनुभव स्तर, जातीयता अनुसार | ३१ |
| चित्र ३.८ : | व्यक्तिगत-स्तरमा खाद्य असुरक्षा अनुभवको स्तर, विभिन्न श्रेणी तथा जातीयता अनुसार | ३२ |
| चित्र ४.१ : | कृषकहरूको प्रोफाईल | ३३ |
| चित्र ४.२ : | अन्तिम सिजनमा भूमि र खेती गरिएको जमिनको स्वामित्व | ३३ |
| चित्र ५.१ : | पाँचभन्दा बढि समुहको खाना खाने ग्रामिण महिलाको प्रतिशत | ३७ |
| चित्र ५.२ : | खाद्य समुहको उपभोग प्रतिशत | ३७ |
| चित्र ५.३ : | खाद्यको प्रकार अनुसार महिलाले गर्ने उपभोगको प्रतिशत | ३७ |
| चित्र ५.४ : | > = पाँच खाद्य समुहहरू, घरपरिवारको आकार, प्रकार, जातीयता, FIES र FES अनुसार | ३८ |
| चित्र ६.१ : | खाद्य खपतको अनुपात प्रतिशत | ३९ |
| चित्र ६.२ : | FES >=६५ % बि. घरपरिवारको आय | ४० |
| चित्र ६.३ : | FES >=६५ % , घरपरिवारको प्रकार अनुसार | ४० |
| चित्र ६.४ : | FES >.६५ %, जातीयता अनुसार | ४० |
| चित्र ७.१ : | गैर-कृषि रोजगारीमा संलग्नता, लिंग अनुसार | ४१ |
| चित्र ७.२ : | गैर-कृषि रोजगारीको प्रकार | ४१ |

| | | |
|---|---|---|
| चित्र ८.१ : | जलवायु क्षमता अंक (CCS) | ४२ |
| चित्र ८.२ : | जलवायु क्षमता अंक बर्गीकरण | ४३ |
| चित्र ८.३ : | जलवायु क्षमता अंकका तत्वहरू | ४३ |
| चित्र ९.१ : | सशक्त व्यक्तिहरूको प्रतिशत, सूचकहरू (कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू) अनुसार | ४९ |
| चित्र ९.२ : | आयमा स्वायत्ततमा सशक्तीकरण, जिल्ला अनुसार | ५४ |
| चित्र ९.३ : | आयमा स्वायत्ततामा सशक्तीकरण, उमेर अनुसार | ५४ |
| चित्र ९.४ : | आयमा स्वायत्ततामा सशक्तीकरण, जाति अनुसार | ५४ |
| चित्र ९.५ : | आयमा स्वायत्ततामा सशक्तीकरण, घरपरिवारको प्रकार अनुसार | ५५ |
| चित्र ९.६ : | आत्म-क्षमता मा सशक्तीकरण, जिल्ला अनुसार | ५५ |
| चित्र ९.७ : | आत्म-क्षमतामा सशक्तीकरण, उमेर अनुसार | ५६ |
| चित्र ९.८ : | आत्म-प्रभावकारितामा सशक्तीकरण, शिक्षा अनुसार | ५६ |
| चित्र ९.९ : | स्वयममा प्रभावकारीतामा सशक्तीकरण, जाति अनुसार | ५६ |
| चित्र ९.१० : | स्वयममा प्रभावकारितामा सशक्तीकरण, घरपरिवारको प्रकार अनुसार | ५६ |
| चित्र ९.११ : | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, लिंग अनुसार | ५७ |
| चित्र ९.१२ : | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, जिल्ला अनुसार | ५८ |
| चित्र ९.१३ : | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण उमेर समूह अनुसार | ५८ |
| चित्र ९.१४ : | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, जाति अनुसार | ५८ |
| चित्र ९.१५ : | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, शिक्षा अनुसार | ५८ |
| चित्र ९.१६ : | घरपरिवारका सदस्यहरुबीचमा सम्मानमा सशक्तीकरण, जिल्ला अनुसार | ५८ |
| चित्र ९.१७ : | परिवारका सदस्यहरुबीचको सम्मानमा सशक्तीकरण, उमेर अनुसार | ५९ |
| चित्र ९.१८ : | घरपरिवारका सदस्यहरुबीचमा सम्मानमा सशक्तीकरण, खाद्य असुरक्षा स्तर अनुसार | ५९ |
| चित्र ९.१९ : | उत्पादनशील निर्णयहरुमा संलग्नताको सशक्तीकरण, जिल्ला अनुसार | ६० |
| चित्र ९.२० : | उत्पादनशील निर्णयहरुमा संलग्नताको सशक्तीकरण, उमेर अनुसार | ६० |
| चित्र ९.२१ : | जीविकोपार्जनका निर्णयहरूमा संलग्नताको सशक्तीकरण, शिक्षा अनुसार | ६० |
| चित्र ९.२२ : | भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, जिल्ला अनुसार | ६१ |
| चित्र ९.२३ : | भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, उमेर अनुसार | ६१ |
| चित्र ९.२४ : | भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, खाद्य असुरक्षा स्तर अनुसार | ६१ |
| चित्र ९.२५ : | वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, जिल्ला अनुसार | ६२ |
| चित्र ९.२६ : | वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, उमेर अनुसार | ६२ |

| | | |
|---|---|---|
| चित्र ९.२७ : | वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, जात/जाति अनुसार | ६२ |
| चित्र ९.२८ : | आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, जिल्ला अनुसार | ६३ |
| चित्र ९.२९ : | आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, उमेर अनुसार | ६३ |
| चित्र ९.३० : | आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, शिक्षा अनुसार | ६३ |
| चित्र ९.३१ : | सवै गतिविधीहरूका लागि समय बाँडफाँड | ६४ |
| चित्र ९.३२ : | काम र कामसंगै बच्चाको हेरचाहमा दिएको घण्टा, लिंग अनुसार | ६६ |
| चित्र ९.३३ : | कार्य सन्तुलनमा सशक्तीकरण, जिल्ला अनुसार | ६७ |
| चित्र ९.३४ : | कार्य सन्तुलनमा सशक्तीकरण, उमेर अनुसार | ६७ |
| चित्र ९.३५ : | कार्य सन्तुलनमा सशक्तीकरण, जाति अनुसार | ६८ |
| चित्र ९.३६ : | गतिशीलतामा सशक्तीकरण, जिल्ला अनुसार | ६८ |
| चित्र ९.३७ : | कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा रहेका समूहहरू, जिल्ला अनुसार | ६९ |
| चित्र ९.३८ : | लघुवित्त तथा धार्मिक समुदायहरूमा सक्रिय सहभागिता | ७० |
| चित्र ९.३९ : | समूह सदस्यतामा सशक्तीकरण, जिल्ला अनुसार | ७१ |
| चित्र ९.४० : | समूह सदस्यतामा सशक्तीकरण, उमेर अनुसार | ७१ |
| चित्र ९.४१ : | प्रभावशाली समूहको सदस्यतामा सशक्तीकरण, जिल्ला अनुसार | ७२ |
| चित्र ९.४२ : | प्रभावशाली समूहको सदस्यतामा सशक्तीकरण, उमेर अनुसार | ७२ |
| चित्र ९.४३: | प्रभावशाली समूहको सदस्यतामा सशक्तीकरण, जात/जाति अनुसार | ७२ |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| CAPI | कम्प्युटरको सहायतामा गरिने अन्तरवार्ता (Computer-assisted personal interviewing) |
| CCS | जलवायु परिवर्तन असरको सामना गर्ने क्षमता सूचकाँक (Climate Capacity Score) |
| FAO | कृषि तथा खाद्य संगठन (Food and Agriculture Organization) |
| FES | खाद्यान्मा भएको खर्चको अंश (Food Expenditure Share) |
| GEWE | लैङ्गिक समानता तथा महिला सशत्तिकरण (Gender Equality and Women's Empowerment) |
| HD | घर परिवारको घनत्व (Household Density) |
| HFES | घरपरिवारको खाद्यान्मा भएको खर्चको अंश (Household Food Expenditure Share) |
| HH | घरपरिवार (Household) |
| IFAD | कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development) |
| JP-RWEE | ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (Joint Programme on Accelerating Progress towards Rural Women's Economic Empowerment) |
| MDD-W | महिलाहरूको न्युनतम आहार विविधता (Minimum Dietary Diversity for Women) |
| MoALD | कृषि तथा पशु पन्छी विकास मन्त्रालय (Ministry of Agriculture and Livestock Development) |
| NPR | नेपाली रूपैयाँ (Nepali Rupee) |
| PPS | सम्भावित समानुपातिक आकार (Probability Proportional to Size) |
| Pro-WEAI | परियोजना स्तरको कृषिमा महिला सशक्तिकरण सूचकाँक (Project-Level Women's Empowerment in Agriculture Index) |
| SAMS | साना किसान कृषि बजार सहयोग (Smallholder Agricultural Market Support) |
| UN Women | संयुक्त राष्ट्र संघको लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी एकाइ (United Nations Entity for Gender Equality and the Empowerment of Women) |

| | |
|---|---|
| USD | अमेरिकन डलर (United States Dollar) |
| VDC | गाउँ विकास समिति (Village Development Committee) |
| WEAI | कृषिमा महिला सशक्तिकरण सूचकाँक (Women's Empowerment in Agricultural Index) |
| WFP | विश्व खाद्य कार्यक्रम (World Food Programme) |

# मुख्य सारांश

यस प्रतिवेदनमा ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (JP-RWEE), दोस्रो चरणका लागि गरिएको आधारभूत सर्वेक्षणको निष्कर्षलाई संक्षेपमा प्रस्तुत गरिएको छ। मुख्य निष्कर्षहरू यस प्रकार छन् :

- कार्यक्रम कार्यान्वयन गरिने (Intervention) गाउँहरूमा २२ प्रतिशत महिला र कार्यक्रम कार्यान्वयन नगरिने (Control) गाउँहरूमा २० प्रतिशत महिलाहरूले मात्र सशक्तीकरण हाँसिल गरेका छन्। यसको तुलनामा, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका ३३ प्रतिशत र कार्यक्रम कार्यन्वयन नगरिने गाउँहरूका ४१ प्रतिशत पुरुषले सशक्तीकरण हाँसिल गरेको पाइयो। यसले महिला र पुरुषबीच रहेको सशक्तीकरणको असमान अवस्थालाई देखाउँछ। यसबाहेक, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा, सप्तरीमा सशक्तीकरण हाँसिल गर्ने महिलाहरूको अनुपात सिराहाका महिलाहरूको तुलनामा दोब्बर देखिन्छ; तर, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ठीक विपरित रहेको छ। सिराहामा (२७ प्रतिशत) सप्तरी (१२ प्रतिशत) को तुलनामा बढि महिला सशक्त रहेको पाईयो।

- ८० प्रतिशत भन्दा बढि महिलाहरूको उत्पादनशील निर्णयहरूमा संलग्नता छ र भूमि तथा अन्य सम्पत्तिहरूको स्वामित्व, साथै ऋणमा पहुँच र ऋण लिने निर्णयहरूमा संलग्न हुने क्षमता आदिका आधारमा सशक्त रहेको पाईयो। कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro- WEAI) को १२ वटा सूचकहरू (जस्तै आयमा स्वायत्तता, स्वयममा प्रभावकारीता, घनिष्ट साथी (Intimat Partner) द्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, उत्पादनशील निर्णयहरूमा योगदान, जग्गा तथा अन्य सम्पत्तीहरूको स्वामित्व, आयको उपयोग, कार्य सन्तुलन र महत्त्वपूर्ण स्थानहरूमा भ्रमण गर्ने) मा आधाभन्दा बढि महिलाहरू सशक्त रहेका छन्। तर, विभिन्न समूहहरूमा सदस्यता र प्रभावशाली समूहको सदस्यता जस्ता सूचकांकहरूमा भने कम सशक्त रहेको पाइयो।

- कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका महिलाहरू (२० प्रतिशत) को तुलनामा कार्यक्रम कार्यान्वयन गरिने गाउँका महिलाहरूमा (२२ प्रतिशत) बढि सशक्तताको सम्भावना रहेको पाइयो।

- महिलाहरू जस्तै पुरुषहरू पनि उत्पादनशील निर्णयहरूमा संलग्न हुने क्षमताका साथसाथै भूमि र अन्य सम्पत्तिमा उनीहरूको स्वामित्वको सन्दर्भमा बढि सशक्त छन्। सामान्यतया, पुरुषहरू ऋण सम्बन्धी पहुँच र ऋण लिने निर्णयहरूमा बाहेक अन्य सबै सूचकहरूमा महिलाहरू भन्दा बढि सशक्त रहेका छन्। यद्यपि, यस सूचकमा ७५ प्रतिशत भन्दा बढि पुरुषहरू सशक्त छन्, यो प्रतिशत महिलाहरूको तुलनामा अझै अलि कम हो, तर भिन्नता भने त्यति धेरै छैन। पुरुषहरू विभिन्न समूहहरूको सदस्यता र प्रभावशाली समूहहरूको सदस्यतामा पनि महिला भन्दा कम सशक्त रहेको पाईयो।

- पुरुष र महिलाबीच सशक्तीकरणमा देखिएका भिन्नताहरू विशेषत: महिलाहरूका लागि आवजावतमा देखिने सीमाहरू (अर्थात् महत्त्वपूर्ण स्थानहरू भ्रमण गर्ने उनीहरूको क्षमता), कार्य सन्तुलन र घनिष्ठ साथी (Intimate Partner) द्वारा हुने हिंसाप्रतिको दृष्टिकोणले निर्धारण गर्ने गर्दछन्।

- धेरै कम महिला (कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ६ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ४ प्रतिशत) हरूले माध्यमिक स्तरको वा उच्च शिक्षा हासिल गरेका छन् । त्यसै गरी धेरै कम (कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ५ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ९ प्रतिशत) लाई मात्र कानूनी अधिकारबारे ज्ञान वा बुझाई छ ।

- खुला शौचले महिलाको स्वास्थ्य, सुरक्षा र प्रतिष्ठमा ठूलो आँच ल्याउँछ र यो कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने दुवै गाउँहरूमा प्रचलित अभ्यास हो । यद्यपि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको (३२ प्रतिशत) तुलनामा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा (५१ प्रतिशत), यो अभ्यास अझै व्यापक रहेको देखियो ।

- न्यूनतम आहार विविधताम पनि गम्भीर रूपले कम अर्थात १६ प्रतिशतले मात्र हासिल गरेको देखिएको छ ।

- ४४ प्रतिशत घरपरिवारले मध्यम वा गम्भीर खाद्य असुरक्षाको अनुभव गरेका छन् भने १० प्रतिशत घरपरिवारले गम्भीर खाद्य असुरक्षाको अनुभव गरेको पाईयो । व्यक्तिगत स्तरमा हेर्दा, मध्यम वा गम्भीर खाद्य असुरक्षा पुरुष र महिलाबीचमा उल्लेखनीय रूपमा फरक देखिएन तर गम्भीर खाद्य असुरक्षा पुरुष (६ प्रतिशत) को तुलनामा महिला (१५ प्रतिशत) मा बढि रहेको छ । खाद्य असुरक्षा मुख्यतया पारिवारिक आय तथा जात/जातीगत संरचनाबाट प्रभावित भएको पाइन्छ । उच्च आय भएका परिवारको तुलनामा न्यून आय भएका घरपरिवारमा अधिक खाद्य असुरक्षा रहेको पाईयो भने अन्य मधेसी जात/जातिका घरपरिवारको तुलनामा दलित घरपरिवारमा बढि खाद्य असुरक्षा रहेको पाईयो ।

- आर्थिक संकटासन्नता मापन गर्ने एक प्रतिनिधी सूचक घरपरिवारको खाद्य खपतको अनुपात (FES) मापनमा सर्वेक्षण गरिएका समुदायहरूमा प्रवल रहेको पाईयो । लगभग पाँच भागको तीन भाग घरपरिवारहरू (५९ प्रतिशत) ले आफ्नो घरको कुल बजेटको ६५ प्रतिशत बरावर वा सो भन्दा बढी रकम खानामा खर्च गर्ने गरेको पाईयो । यस अध्ययनले खानामा हुने खर्चको उच्च हिस्सा र घरपरिवारको कुल मासिक आयबीच नकारात्मक अन्तर्सम्बन्ध भएको देखाएको छ । अन्य मधेसी जात/जातिको तुलनामा दलित घरपरिवारहरूको खानामा बढि खर्च हुने गरेको पाईयो ।

- गत सिजनमा (जेष्ट-भाद्र २०८०) जोडी घरपरिवार (Dual Household) हरूका २६ प्रतिशत महिला उत्तरदाता र एकल/महिला-घरमुलि भएका घरपरिवार (Single/Female-headed household) का ९ प्रतिशत महिला उत्तरदाता खेतीपातीमा संलग्न रहेको पाईयो । हाल ५७ प्रतिशत उत्तरदातासँग आफ्नै स्वामित्वमा (२२ प्रतिशत) वा भाडामा (३५ प्रतिशत) लिएको जग्गा छ । उत्तरदाताहरूसँग औषतमा १२.७९ कट्ठा (१.०६ एकड) जमिन रहेको पाईयो, जुन एक कट्ठा (०.०८३ एकड) देखि २.४० बिघा (४ एकड) सम्म रहेको छ । आमरूपमा खाद्यान्न बालीको खेती गरेको पाईयो तर ती बालीहरूका बिक्रीको परिमाण र मूल्य न्युन रहेको पाईयो ।

- गैर-कृषि गतिविधिहरूमा महिलाहरूको संलग्नता एकदमै न्यून (३ प्रतिशत) रहेको देखियो ।

- सिराहा र सप्तरी जिल्लाको जलवायु क्षमता अंक (CCS) लाई "न्युन" को रूपमा वर्गीकरण गरियो । यसमा पनि सप्तरीको जलवायु क्षमता अंक (२.६) सिराहाको (३.७) तुलनामा कम रहेको देखियो ।

# १ परिचय

लैङ्गिक समानता र महिला सशक्तीकरणमा जोड दिँदै कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD), खाद्य तथा कृषि संगठन (FAO), विश्व खाद्य कार्यक्रम (WFP) र संयुक्त राष्ट्र संघको लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी एकाई (UN Women) ले संयुक्त रूपमा नेपालमा "ग्रामिण महिलाहरूको आर्थिक सशक्तीकरण" (JP-RWEE) कार्यक्रम सञ्चालन गरिरहेका छन् । दोस्रो चरणको कार्यक्रमको उद्देश्य ग्रामीण महिलाहरूको समग्र अवस्थामा सुधार गर्दै सशक्तीकरणलाई बढावा दिनु रहेको छ । नेपालको संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यक्रमको कार्यान्वयनलाई नेतृत्व गरिरहेको छ भने मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्थानीय सरकारसँगको समन्वयमा यो कार्यक्रम सञ्चालन भईरहेको छ ।

ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (JP-RWEE) को दोस्रो चरण, मधेश प्रदेशका सिराहा र सप्तरी दुई जिल्लाका एक नगरपालिका (कर्जनाहा) र चारवटा गाउँपालिकाहरू (लक्ष्मीपुर पतारी, सखुवानन्कारकट्टी, तिलाठी कोईलाडी र छिन्नमस्ता) मा कार्यान्वयन भैरहेको छ । मधेश प्रदेशले देशको सबैभन्दा उर्वर भूमि ओगटेको छ यद्यपी यहाँ बसोबास गर्ने जनसंख्याबीचमा उत्पादनशील स्रोतहरूमा न्युन पहुँच, खाद्य असुरक्षा र पुरुष र महिलाबीचको पारिश्रमिकमा विभेद लगायतका सूचकहरूमा उच्च असमानता रहेको छ (WFP, २०२०)।[१] मधेश प्रदेशको मानव विकास सूचकाङ्क (HDI) र लैङ्गिक सशक्तीकरण सूचकाङ्क (GEI) पनि अत्यन्त न्यून छ ।[२] नेपालको आर्थिक तथा सामाजिक रूपमा सीमान्तकृत समूहहरूको संख्या पनि यसै प्रदेशमा सबैभन्दा बढि छ । यसका साथै स्वास्थ्य समस्याहरूको व्यापकता, भूमिहीन घरपरिवारहरूको उच्च संख्या र दाइजो, बालविवाह र बोक्सी जस्ता हानिकारक परम्परागत प्रथाहरूको उच्चतम प्रचलन छ ।[३,४] हालैका वर्षहरूमा मधेश प्रदेशमा खडेरी, मनसुनी बाढी र पानीको अभाव जस्ता जलवायु परिवर्तनका असर तथा प्रभावहरू बढ्दो रूपमा देखिन थालेका छन् जसले खेती बालीमा नकारात्मक प्रभाव पारिरहेको छ ।

प्रत्येक व्यक्तिको पहिचानले उसको जीवनका विभिन्न क्षेत्रहरूमा कसरी प्रभाव पार्दछ भन्ने कुरा पहिचान गर्ने उद्देश्यले अन्तरबिबिधता (Intersectionality) को अवधारणालाई अवलम्वन गर्दै[५] यस कार्यक्रमले नेपालका आर्थिक रूपले सबैभन्दा सीमान्तकृत समुदाय, भूमिहीन, दलित महिला तथा महिला श्रमिकहरूको समावेशकिरणलाई कार्यक्रममा सुनिश्चित गर्नेछ । यी विशेष समूहहरूको बहिष्करणलाई निम्त्याउने अवरोधहरूलाई सम्बोधन गर्नका लागि यस कार्यक्रमले स्थानीय सरकार र अन्य सरोकारवालाहरूलाई सघाउने छ ।

१ https://www.wfp.org/publications/nepal-covid-19-economic-vulnerability-index

२ मानव विकास सूचकाङ्कका आधारमा मधेश प्रदेश सबैभन्दा कम, २३ औं स्थानमा रहेको छ ।

३ https://un.org.np/sites/default/files/doc_publication/2021-02/HP_perception_survey_0.pdf

४ https://docs.wfp.org/api/documents/WFP-0000117595/download/?_ga=2.224479130.1469225660.1691143677-248065448.1681222231

५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यसमुह, २०१७ ।

यस कार्यक्रममा जम्मा ६ हजार ग्रामिण घरपरिवारका ५,५०० महिला र ५०० पुरुषहरूलाई कार्यक्रमका प्रत्यक्ष सहभागीका रूपमा लक्षित गरिएको छ। जस अर्न्तगत कार्यक्रम संचालन हुने पालिकाहरूबाट खण्डिकृतरूपमा १,००० जना एकल महिला सहितका महिला-घरमुलि भएका घरपरिवारहरू (Single/Female-Headed Households), १०० जना अपाङ्गता भएका महिलाहरू; ५० जना यौनिक तथा लैंगिक अल्पसंख्यकहरू, २,००० जना स्तनपान गराईरहेका आमाहरू तथा गर्भवती महिलाहरू, ५०० जना दलित महिलाहरू; ५०० जना जनजाति महिलाहरू; र ३५० जना लैङ्गिक हिंसा प्रभावितहरूलाई कार्यक्रमा सहभागी गराउने लक्ष्य रहेको छ। त्यस्तै, ५०० जना बहिष्कृत/जोखिममा रहेका समूहहरू (दलित, मधेसी र जनजाति प्रत्येकबाट १५० जना र मुस्लिम समुदायबाट ५०) का पुरुषहरूलाई पनि कार्यक्रमा सहभागीका रूपमा लिईने छन्।

ग्रामिण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (JP-RWEE) को पहिलो चरणको सिकाईहरुलाई अवलम्बन गर्दै, दोस्रो चरणले ग्रामीण महिलाहरूको आर्थिक क्षमता र उत्थानशीलतालाई समग्र रूपमा बढाउने काम गर्नेछ। जस अर्न्तगत उनीहरूको सामाजिक र आर्थिक समावेशीकरणलाई रोक्ने विभिन्न संरचनात्मक अवरोधहरू र जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूलाई सम्बोधन गर्नका लागि काम गर्ने छ। दोस्रो चरणमा कार्यक्रमको विश्वव्यापी ढाँचा (Global Framework) मा आधारित रणनीति र पद्धतीहरू अवलम्बन गरेर, चार मुख्य परिणाम (Outcome) हरू हाँसिल गर्ने प्रयास गरिनेछ। लैङ्गिक रूपान्तरण र उत्थानशीलतालाई अर्न्तनिहित (Cross Cutting) विषयवस्तुको रूपमा विशेष ध्यान दिइनेछ। यो कार्यक्रमको कार्य ढाँचा (logical framework)मा चारवटा दिर्घकालिन परिणामहरू (Outcome) र तत्काल देखिने परिणामहरू (Output-Level) का सूचकहरू हासिल गर्न डिजाइन गरिएको छ।

# कार्य ढाँचा

## लक्ष्य :

दिगो विकास, एजेन्डा २०३० र दिर्घकालिन विकास सूचकहरू (SDGs) लाई अगाडि बढाउन ग्रामीण **महिलाको जीविकोपार्जन, अधिकार र उत्थानशीलता**लाई सुरक्षित गराउन

### मध्यम वा गम्भीर खाद्य असुरक्षा भएका परिवारहरूको अनुपात

**जि१:** खाद्य असुरक्षा अनुभव स्तर, FIES (SDG २.१.२ बाट अनुकूलित)

### विभिन्न आयामहरूमा कृषि क्षेत्रमा महिला सशक्तीकरणको अनुपात

**जि२:** कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI - बहु सर्वेक्षण मोड्युल)

### लक्षित समुदायहरूको जलवायु आघात र जोखिमहरू व्यवस्थापन गर्ने क्षमतामा सुधार भएको प्रमाण भएको अनुपात

**जि३:** जलवायु क्षमता अंक (CCS)

---

### नतिजा १:

समतामूलक र **दिगो खाद्य प्रणाली**मा योगदान गर्ने ग्रामीण महिला र उनीहरूका घरपरिवारका लागि सुधारिएको **खाद्य सुरक्षा र पोषण**

- ग्रामीण महिलाहरू द्वारा पौष्टिक बालीको उत्पादन/उत्पादकत्वमा वृद्धि प्रतिशत
  - **ओ१.१** साना कृषिजन्य बजार सहयोग (SAMS) उप-मोड्युल बि १: खेती गरिएको बाली र उपज
- न्यूनतम आहार विविधतामा पुग्ने १८ देखि ४९ वर्षका महिलाहरूको अनुपात
  - **ओ१.२** महिलाका लागि न्यूनतम आहार विविधता (MDD-W)
- खानामा आफ्नो मासिक बजेटको ६५% वा सोभन्दा बढि खर्च गर्ने घरपरिवारको अनुपात
  - **ओ१.३** घरपरिवारको खाद्य खर्च हिस्सा (HFES)

### नतिजा २:

ग्रामीण **महिलाको आय, मर्यादित काम र आर्थिक स्वायत्तता**ले उनीहरूको जीविकोपार्जन सुरक्षित गर्न र **उत्थानशिलता** विकास

- ग्रामीण महिलाहरूको औसत वार्षिक कृषि आयको प्रतिशत
  - **ओ२.१** महिला SHFs को लागि बालीको बिक्रीको मात्रा र मूल्य, SDG २.३ मा योगदान
- ग्रामीण महिलाहरूको गैरकृषि आम्दानीको औसत वार्षिक प्रतिशत (लघु उद्यमहरू र परियोजनाद्वारा प्रवर्द्धन गरिएको ज्याला रोजगारी सहित), रोजगारी प्रकारद्वारा विभाजित
  - **ओ२.२** तदर्थ सर्वेक्षण (रोजगार र व्यापार गतिविधि मोड्युल)
- आफ्नो आय र व्ययको प्रयोगमा नियन्त्रण भएका ग्रामीण महिलाहरूको अनुपात
  - **ओ२.३** Pro-WEAI मोड्युल G2.07 A-H / G2.06 A-F
- लिंग र उमेर अनुसार, बिना पारिश्रमिक हेरचाह र घरेलु काममा खर्च हुने दैनिक घण्टाको औसत संख्यामा घरपरिवारको पुनर्वितरण
  - **ओ२.४** Pro-WEAI मोड्युल G4

### नतिजा ३:

ग्रामीण **महिलाको आवाज र निकाय**लाई उनीहरूको घरपरिवार, समुदाय, संगठन र शासन प्रणालीमा पूर्ण र समान **सहभागिता र नेतृत्व**को लागि बढाइएको छ

- उत्पादन र उत्पादक सम्पत्तिहरूमा निर्णय गर्ने शक्ति भएका ग्रामीण महिलाहरूको अनुपात
  - **ओ३.१** Pro-WEAI (G2.03 A-F) - उत्पादन) र G3.07 A-M and G3.11 A-F)
- नेतृत्व क्षेत्रमा सशक्तीकरण भएका ग्रामीण महिलाको अनुपात
  - **ओ३.२** Pro-WEAI मोड्युल G5 (व्यक्तिगत)
- निर्वाचित स्थानीय शासन संरचनामा महिलाको अनुपात
  - **ओ३.३** माध्यमिक तथ्याङ्क (निर्वाचन आयोग नेपाल)
- सहभागी महिलाहरूको, जो सशक्त छन् वा जसका उपलब्धिहरू कम्तिमा उनीहरूको घरका पुरुषहरू जत्तिकै उच्च हुनेको अनुपात
  - **ओ३.४** Pro-WEAI लैङ्गिक समानता सूचकांकमा अनुकूलित

### नतिजा ४:

ग्रामीण महिलाहरूलाई आफ्नो जीविकोपार्जन, अधिकार र उत्थानशीलता सुरक्षित गर्न सक्षम वातावरण सिर्जना गर्न **लैंगिक-उत्तरदायी कानूनी ढाँचा, नीतिहरू र संस्थाहरूलाई** बलियो बनाइएको छ

- लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने, लागू गर्ने र अनुगमन गर्ने राष्ट्रिय वा क्षेत्रीय कानूनी संरचना, नीतिहरू वा रणनीतिहरूको परिमार्जन वा अपनाइएको संख्या र प्रकार
- लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि सार्वजनिक विनियोजन गर्ने र सो को अनुगमन गर्ने प्रणाली भएका कार्यक्रम देशहरूको संख्या
  - **ओ४.१** टेबल समीक्षा

## १.१ आधारभुत अध्ययनको उद्देश्य

यस आधारभूत अध्ययनको उद्देश्य कृषि उत्पादन, खाद्य सुरक्षा र पोषणको क्षेत्रमा लैङ्गिक समानता र महिला सशक्तीकरण (GEWE) का साथै जलवायु परिवर्तनका आघातहरूलाई अनुकूलन गर्ने र उत्थानशीलता आदिको सन्दर्भमा कार्यक्रमका लक्षित सहभागीहरूको वर्तमान अवस्थाको उजागर गर्नु हो । यस आधारभुत अध्ययनका मुख्य उद्देश्य निम्नलिखित छन् :

१. विशेष गरी कार्यक्रमको कार्यढाँचा (Log Frame) मा उल्लिखित विशिष्ट सूचकहरूको सन्दर्भ, जस्तै कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) मा कार्यक्रमका सहभागीहरूले अनुभव गरिरहेका प्रारम्भिक अवस्थाहरूको मापन र वर्णन गर्ने ।

२. ग्रामिण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम ले लैङ्गिक समानता र महिला सशक्तीकरण (GEWE) मा कतिसम्म योगदान पुऱ्याउँछ र बिद्यमान लैङ्गिक मूल्य मान्यताहरूलाई सक्रिय रूपमा परिवर्तन गर्न र पुरुष तथा महिलालाई परिवर्तनका संवाहकको रूपमा संलग्न गर्ने अवसरहरूको सिर्जना गर्नका लागि आधाररेखाको निर्धारण गर्ने ।

३. अध्ययनको निश्कर्षका आधारमा कार्यान्वयन गर्न योग्य कार्यक्रम सम्बन्धी (Programmatic) सुझावहरू दिने ।

## १.२ विधि

अध्ययनले एक अर्न्तसम्बन्धित ढाँचा (Cross-sectional Design) को प्रयोग गरेको थियो जसमा परिमाणत्मक र गुणात्मक दुवै विधिहरू समावेश गरिएको थियो । परिमाणात्मक तथ्याङ्क दुवै घरपरिवार र व्यक्तिगत स्तरमा सङ्कलन गरिएको थियो । अन्तरवार्ताका लागि दुई प्रकारका घरपरिवारको पहिचान गरिएको थियो: क) जोडी घरपरिवार (Dual Households) र ख) एकल/महिला-घरमुलि भएका घरपरिवार (Single/Female-Headed Households) । जोडी घरपरिवारमा वयस्क उत्तरदाता (१८ वर्ष भन्दा माथि) संग एउटा घरपरिवार तहको अर्न्तवार्ता लिईएको थियो । साथै सामान्यतया विपरीत लिङ्गी श्रीमान वा श्रीमति वा विपरीत लिङ्गी घरको सदस्यहरूबाट एक मुख्य र एक सहायक उत्तरदातागरि दुईवटा व्यक्तिगत अर्न्तवार्ता लिईएको थियो । एकल/महिला-घरमुलि भएका घरपरिवारहरू भनेका १८ वर्ष भन्दा बढि उमेरका पुरुष सदस्यहरू नभएका घरपरिवारहरू हुन । त्यस्ता घर परिवारहरूबाट महिला उत्तरदाताहरूसँग मात्र अर्न्तवार्ता (दुवै घरपरिवार र व्यक्तिगत-स्तरको अर्न्तवार्ता) लिइएको थियो ।

अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान संस्थान (IFPRI) द्वारा विकास गरिएको परियोजना स्तरको कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) परिमाणात्मक सर्वेक्षणमा प्रयोग गरिएको मुख्य पद्धति थियो । यसमा कृषि सूचकांकमा महिला सशक्तीकरण तीन क्षेत्रमा वर्गीकृत १२ सूचकहरू मार्फत सशक्तीकरणको मापन गरेको छ :

१. **आन्तरिक शक्ति** (Intrinsic Agency) (आफै भित्रको शक्ति), यसलाई ४ वटा सूचकहरू मार्फत मापन गरिएको थियो, जस्तैः आयमा स्वायत्तता, स्वयममा प्रभावकारीता, घनिष्ठ साथी (Intimate Partner) द्वारा हुने हिंसा प्रतिको दृष्टिकोण र घरपरिवारका सदस्यहरूमा एक अर्का प्रतिको सम्मान ।

२. **महत्वपूर्ण शक्ति** (Instrumental Agency) (मुख्य विषयहरूको शक्ति), यसलाई ५ वटा सूचकहरू मार्फत मापन गरिएको थियो जस्तैः उत्पादनशिल निर्णयहरूमा संलग्नता, भूमि र अन्य सम्पत्तिहरूको स्वामित्व, आयको उपयोगमा नियन्त्रण, वित्तीय सेवाहरूमा पहुँच र निर्णय, कार्य सन्तुलन र आवतजावत (महत्त्वपूर्ण स्थानहरू भ्रमण गर्ने क्षमता) ।

३. **सामुहिक शक्ति** (Collective Agency) (अरुवाट प्राप्त हुने शक्ति), यसलाई समूहको सदस्यता र प्रभावशाली समूहमा रहेको सदस्यता मार्फत मापन गरिएको थियो ।

**Pro-WEAI**
**कृषि सूचकांकमा महिला सशक्तीकरणको सूचाङ्कहरु र क्षेत्रहरु**




१. आयमा स्वायत्तता
२. स्वयममा प्रभावकारिता
३. घरेलु हिंसा प्रतिको दृष्टिकोण
४. घरका सदस्यहरु बीचको सम्मान
५. उत्पादनशिल निर्णयहरुमा संलग्नता
६. जमीन र अन्य सम्पत्तिको स्वामित्व
७. वित्तीय सेवाहरुमा पहुँच र निर्णयहरु
८. आयको उपयोगमा नियन्त्रण
९. कार्य सन्तुलन
१०. महत्वपूर्ण स्थानहरुको भ्रमण
११:. समूह सदस्यता
१२. प्रभावशाली समूहहरुमा सदस्यता

| क्षेत्र | सूचक | विवरण |
|---|---|---|
| आन्तरिक शक्ति (Intrinsic Agency) | आयमा स्वायत्तता | यस सूचकले कृषि र गैर-कृषि गतिविधिहरूबाट प्राप्त आयको प्रयोगमा निर्णय लिने कुरालाई जनाउँछ। कुनै व्यक्ति अरूले ठिक मानेको कुराभन्दा आफ्नै सिद्धान्तमा बढि अडिग भई निर्णय लिन्छ भने उसलाई सशक्त भएको मानिन्छ। |
| | स्वयममा प्रभावकारीता | स्वयममा प्रभावकारीता सूचक एक यस्तो मोड्युलबाट गणना गरिएको छ, जसमा उत्तरदाताहरूलाई उनीहरूको जीवनसँग सम्बन्धित आठवटा विषयहरूमा सहमती वा असहमती के छ भनेर सोधिनेछ। प्रतिक्रियाहरू १ देखि ५ सम्मको स्तरमा राखिएका छन्, जसमा १ को अर्थ "पुरै असहमत" र ५ को अर्थ "पुरै सहमत" जनाउँदछ। कुनै व्यक्ति आफ्नो क्षमता र आफ्नो लक्ष्यमा पुग्न सक्ने क्षमतामा विश्वास गर्छ, र उसको प्रतिक्रियाहरूको कुल योग ३२ भन्दा बढि छ भने सो व्यक्ति सशक्त भएको मानिन्छ। |
| | घनिष्ठ साथी (Intimate Partner) द्वारा हुने हिंसा प्रतिको दृष्टिकोण | यो सूचकले पाँचवटा विभिन्न अवस्थाहरूमा एक श्रीमानले उसकी श्रीमतिलाई कुटपिट गर्नु न्यायोचित हुन्छ कि हुँदैन भन्ने प्रश्नमा के मा विश्वास गर्छ सो को आधारमा निर्धारण गरिन्छ। यदि उत्तरदाताले कुनै पनि परिस्थितिमा आफ्नी श्रीमतिलाई कुटपिट गर्नु न्यायोचित नहुने भन्ने विश्वास राखेको पाईएमा मात्र सो व्यक्ति सशक्त भएको मानिन्छ। |
| | घरपरिवारका सदस्यहरू मा एक अर्का प्रतिको सम्मान | यो सूचक अन्तर्गत उत्तरदातालाई आफ्नो श्रीमान वा श्रीमति वा घरका अन्य नाताका व्यक्तिहरूको सम्मान गर्दछ कि गर्दैन, उसको श्रीमान वा श्रीमति वा अन्यले पनि उसलाई सम्मान गर्दछन् कि गर्दैनन्, उसलाई उसको श्रीमान वा श्रीमति वा अन्य नाताका व्यक्तिहरूले उसको सर्वोत्तम हितमा काम गर्दछन भन्ने विश्वास लाग्छ वा लाग्दैन, र उत्तरदाता आफ्नो श्रीमान वा श्रीमति वा अन्यसंग उनीहरूको कुनै कुरामा आवश्यक परेमा बिमति जनाउन सहज महसुस गर्दछ कि गर्दैन जस्ता कुराहरू सोधिन्छ। कुनै व्यक्तिले उसको उत्तरमा "धेरैजसो समय" उल्लेख गरेमा सशक्त भएको मानिन्छ। |

| क्षेत्र | सूचक | विवरण |
|---|---|---|
| महत्वपूर्ण शक्ति (Instrumental Agency) | उत्पादक निर्णयहरूमा संलग्नता | यो सूचकमा, कुनै व्यक्तिले चाहेमा आफैले वा संयुक्त रूपमा, कृषिका सबै गतिविधिहरूमा कम्तीमा केहीमा निर्णय गर्दा संलग्नता राखेमा सशक्त भएको मानिन्छ। यदि कुनै व्यक्तिले कृषि गतिविधिमा भाग लिँदैनन् भने उनीहरू सशक्त मानिदैनन्। |
| | भूमि र अन्य सम्पत्ति माथीको स्वामित्व | यदि कुनै व्यक्तिको (१) भूमि, वा (२) निम्नमध्ये कम्तिमा तीनवटा सूचकहरू: ठूला पशुपालन, साना पशुपालन, माछापोखरी वा माछा मार्ने उपकरण, गैर-यान्त्रिक कृषि उपकरण, यान्त्रिक कृषि उपकरण, गैर-कृषि व्यवसायका उपकरण, घर वा भवनहरू, ठूला उपभोगका सामाग्रीहरू, साना उपभोगका सामाग्रीहरू, मोवाईल, गैर-कृषि भूमि, वा यातायातको साधनमा एकल वा संयुक्त रूपमा स्वामित्व रहेको पाईएमा भूमि र अन्य सम्पत्तिको स्वामित्व सूचकमा सशक्त रहेको मानिन्छ। |
| | वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरू | वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरूमा सशक्तीकरणको निर्धारण निम्न कुराहरूले गर्दछन्। (१) गत वर्षमा लिएको ऋणको प्रयोग गर्ने सम्बन्धमा र एक्लै वा संयुक्त रूपमा ऋण लिने निर्णयमा भाग लिने घरपरिवारको सदस्य भएमा, (२) गत वर्षमा ऋण लिन सक्ने, तर नलिएको घरपरिवारको सदस्य भएमा; वा (३) एकल वा संयुक्त रूपमा वित्तीय खातामा पहुँच रहेको पाईएमा। |
| | आयको उपयोगमा नियन्त्रण | आयको प्रयोगमा सशक्तीकरण भन्नाले व्यक्तिले भाग लिने सबै कृषि गतिविधिहरूमा, त्यस्ता गतिविधिबाट आर्जित कुनै पनि आयको प्रयोगमा नियन्त्रण र गतिविधिबाट प्राप्त आय घरखर्चमा प्रयोग गरिएको छ वा छैन भन्ने सम्बन्धमा उसको नियन्त्रण छ भन्ने बुझिन्छ। आफु संलग्न कुनै पनि गैर-कृषि, स्वरोजगार गतिविधिहरू र ज्यालादारी वा तलब रोजगारबाट हुने आयमा पनि सो व्यक्तिको नियन्त्रण छ भने पनि यस सूचकमा सशक्त भएको मानिन्छ। |
| | कार्य सन्तुलन | काम गरेको घण्टाको संख्यालाई कुनै व्यक्तिले प्राथमिक गतिविधिको रूपमा काम सम्बन्धित गतिविधीहरूमा खर्च गरेको कुल समय र द्धितिय गतिविधीको रूपमा जस्तै बालबच्चा हेरचाहमा खर्च गरेको आधा समयलाई मानिएको छ (जस्तै कार्यभार = प्राथमिक गतिविधिमा बिताएको समय + (१/२) द्धितीय गतिविधिको रूपमा बच्चाको हेरचाहमा बिताएको समयलाई गणना गरिएको छ। घरका कामसँग सम्बन्धित क्रियाकलार्पहरूको परिभाषामा ज्याला र तलब रोजगार, आफ्नै व्यावसायिक काम, खेती, निर्माण, किनमेल/सेवाहरू लिने, माछा मार्ने, बुनाई/सिलाई, टेक्सटाइल सम्बन्धी, खाना पकाउने, घरेलु काम, बच्चा/वयस्क/वृद्धहरूको हेरचाह र आवतजावत आदि पर्दछन्। यदि व्यक्तिले माथिका काम सम्बन्धित गतिविधिहरू गर्दागर्दै बच्चाहरूको हेरचाह गरिरहेको छ भने बच्चाको हेरचाहलाई द्धितिय गतिविधि मानिन्छ। यस सूचकमा, यदि कुनै व्यक्तिले भने, सशुल्क रोजगार र गैर-रोजगार गतिविधिहरू सहित दिनको १०.५ घण्टा भन्दा कम समय काममा खर्च गर्दछ भने सो व्यक्ति सशक्त भएको मानिन्छ। |
| | गतिशिलता: महत्त्वपूर्ण स्थानहरू भ्रमण | गतिशिलतामा सशक्तीकरण भन्नाले व्यक्ति अधिकंश समय (१) शहर, बजार, घरपरिवार वा अन्य नातेदारहरूकोमा - कम्तिमा दुई स्थानहरूको भ्रमण गर्दछ वा (२) स्वास्थ्य सुविधा वा सार्वजनिक बैठकहरूमा कम्तिमा कहिले काहीं जान्छ भन्ने कुराले मापन गएिको छ। |

| क्षेत्र | सूचक | विवरण |
|---|---|---|
| सामुहिक शक्ति (Collective Agency) | समूह सदस्यता | कृषि, पशुपालन, माछापालन उत्पादक समूह, पानी उपभोक्ता समूह; वन उपभोक्ता समूह; ऋण वा लघुवित्त समूह; पारस्परिक सहायता समूह; व्यापार र व्यापार समूह; नागरिक समूह वा परोपकारी समूह; धार्मिक समूह; वा अन्य समूहहरू मध्ये कम्तिमा एक समूहमा सक्रिय सदस्य भएमा कुनै व्यक्तिः समूह सदस्यतामा सशक्त भएको मानिन्छ; । |
| | प्रभावशाली समूहहरूमा सदस्यता | नेतृत्वको सन्दर्भमा सशक्त हुनुको अर्थ व्यक्ति समुदायमा मध्यम वा उच्च स्तरको प्रभाव पार्नसक्ने समूहहरूमध्ये कम्तिमा पनि एउटा त्यस्तो समूहको सक्रिय सदस्य रहेको छ भन्ने जनाउँदछ । |

*श्रोत : Malapit et al. (2019)*

परिमाणत्मक अध्ययनको रूपमा सङ्कलन गरिएका अन्य तत्वहरू निम्नानुसार रहेका छन् :

१. घरपरिवारको खाद्य असुरक्षाको अनुभव स्तर (FIES) : यसमा खानामा मानिसहरूको पहुँच कति छ र खाद्य असुरक्षा सम्बन्धी घरपरिवारको अनुभवको गम्भीरताका बारेमा जानकारी लिइएको छ ।

२. घरपरिवारको खाद्यान्न खपतको अनुपात (FES) : यो घरपरिवारको आर्थिक कमजोरीको लागि एउटा बैकल्पिक सूचक हो । अन्य उपभोग्य वस्तु/सेवामा हुने खर्चको तुलनमा खानामा जति बढि खर्च हुन्छ, त्यो घरपरिवार त्यति नै बढि आर्थिक रूपले कमजोर भएको देखाउँद छ ।

३. महिलाहरूको लागि न्यूनतम आहार विविधता (MDD-W) : यो पनि एउटा बैकल्पिक सूचक हो, जसले प्रजनन् उमेर समूह (१८ देखि ४९ वर्ष) का महिलाहरूको समूहहरूमा सुक्ष्म पोषकतत्व पर्याप्तता रहे नरहेको प्रक्षेपण गर्न आहार विविधता मापन गर्दछ ।

४. साना किसन कृषि बजार सहयोग (SAMS) खेती गरिएको बाली र उपज : यसले किसानहरूद्वारा उत्पादित बालीहरूको विविधता, उत्पादन, परिमाण र बिक्रीको मूल्यसहित जानकारी समावेश गर्दछ ।

५. गैर-कृषि रोजगार मोड्युल : यो मोड्युलले कृषिबाट उनीहरूको आयमा सहयोग गर्न र उनीहरूको ग्रामीण जीविकोपार्जनको व्यवस्थापनमा गैर-कृषि रोजगार र व्यावसायिक गतिविधिहरूमा पुरुष र महिलाहरूको सहभागिताको अध्ययन गर्दछ ।

६. जलवायु क्षमता अंक (CCS) : यसले कुनै समुदायको जलवायु परिवर्तनबाट हुने आघात र जोखिम व्यवस्थापन गर्नसक्ने क्षमताको मापन गर्दछ । जसमा स्थानीय गाउँका अगुवाहरू र सामुदायका किसानहरू उत्तरदाता रहेका थिए । उनीहरूलाई गुणात्मक र विषयगत प्रश्नहरू सोधिएका थिए । यो सूचकले लक्षित समुदायहरूमा समयानुसार गरिएका प्रगतीको व्याख्या गर्दछ ।

## १.3 नमूना छनौट र नमूनाको आकार

ग्रामिण महिलाहरूको आर्थिक सशक्तीकरण कार्यक्रम (JP-RWEE) दोस्रो चरणका लागि छानिएका मधेश प्रदेशका सिराहा र सप्तरी जिल्लालाई कार्यक्रम कार्यान्वयन गरिने जिल्लाका रूपमा छनोट गरिएको थियो । गणनाका लागि प्रत्येक जिल्लाभित्र, कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने गरी दुई थरी गाउँहरू छानिएको थियो ।

प्राथमिक नमूना एकाइका रूपमा घरपरिवारलाई लिइएको छ, घरपरिवार भन्नाले सँगै बस्ने र एउटै भाँडामा पकाएको खाना खाने मानिसहरूको समूहलाई जनाउँदछ ।

### कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू र घरपरिवारहरूको छनौट :

कार्यक्रम कार्यान्वयन गरिने घरपरिवार भन्नाले कार्यक्रमका लक्षित लाभग्राही भएका गाउँहरूबाट लिइएका घरपरिवारहरूको नमूनालाई बुझाउँछ । वहाँहरूलाई लाभग्राही लक्षित गर्ने प्रक्रियामा छानिएका गाउँहरूबाट लिईएको थियो । सप्तरीको छिन्नमस्ता र तिलाठीकोइलाडी गाउँपालिकाबाट २७ वटा गाउँहरू, सिराहाको लक्ष्मीपुर पतारी र सखुवानन्कारकाट्टी गाउँपालिका र कर्जन्हा नगरपालिकाका ३५ वटा गाउँलाई “कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू” का रूपमा छानिएको थियो । विस्तृत जानकारी परिशिष्ट “क” मा दिईएको छ ।

पहिला चरणमा, प्रत्येक गाउँ भित्र लक्षित घरपरिवारहरूको अनुमानित कुल संख्यालाई मापन गर्नका लागि दुबै जिल्लाका गाउँहरूको सूचिबाट अनियमित रूपमा (randomly), सम्भाव्यता समाअनुपातिक आकार (Probability Propotional to Size) विधिको प्रयोग गरेर पाँच पाँचवटा गाउँहरू छानिएका थिए । दोस्रोमा चरणमा, नमूना गाउँहरूमा लक्षित समुदायहरूको छुट्टै सूचि तयार परिएको थियो । सप्तरीका नमूना गाउँहरूमा एक/एक वटा मात्र समुदाय थिए भने सिराहामा एउटै गाउँभित्र धेरै वटा समुदायहरू थिए । फलस्वरूप, प्रत्येक नमूना गाउँभित्र लक्षित घरपरिवारहरूको अधिकतम संख्याको आधारमा सबैभन्दा ठुलो समुदाय चयन गरिएको थियो । तर, लक्ष्मीपुर पतारी गाउँपालिकाको खार्कुयाही टोल र सखुवानन्कारकाट्टी गाउँपालिकाको पटना टोल गरी दुई गाउँमा एउटा मात्र समुदाय छानिएकाले लक्षित घरपरिवार संख्या कम रहेको थियो । त्यसैले ती गाउँहरूभित्रका दुई वटा ठूला समुदायहरूलाई मिलाएर एउटै समुदायको रूपमा लिईएको छ ।

**तालिका १.१**

**कार्यक्रम कार्यान्वयन गरिने गाउँ र समुदायको नमुना सूचि**

| क्र.स. | जिल्ला | नगरपालिका | वडा | गाउँ | समुदाय | लक्षित घरपरिवार | कुल घरपरिवार |
|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | छिन्नमस्ता गाउँपालिका | वडा नं. ५ | खत्वे टोल | खत्वे | ३०० | ३०० |
| २ | सप्तरी | छिन्नमस्ता गाउँपालिका | वडा नं. ५ | मुसहर टोल | सदा (मुसहर) | २५० | २५० |
| ३ | सप्तरी | छिन्नमस्ता गाउँपालिका | वडा नं. ५ | पासवान टोल | पासवान | ४० | ४० |
| ४ | सप्तरी | तिलाठी कोईलाडी गाउँपालिका | वडा नं. ४ | मुखिया टोल | मुखिया | २०० | २०० |
| ५ | सप्तरी | तिलाठी कोईलाडी गाउँपालिका | वडा नं. ५ | रोय टोल | सरदार/ मुखिया | १२५ | १२५ |
| ६ | सिराहा | कर्जन्हा नगरपालिका | वडा नं. ५ | खोला टोल | सदा (मुसहर) | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | वडा नं. २ | पोखरभिन्डा/ पर्सा टोल | दनुवार | १०० | १०० |
| ८क | सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | वडा नं. ५ | खर्कुयाही टोल | मुसलमान | २० | १४० |
| ८ख | सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | वडा नं. ५ | खर्कुयाही टोल | यादव | ३० | २०० |
| ९क | सिराहा | सखुवानन्करकाट्टी गाउँपालिका | वडा नं. २ | पटना टोल | सदा (मुसहर) | ४० | ४० |
| ९ख | सिराहा | सखुवानन्करकाट्टी गाउँपालिका | वडा नं. २ | पटना टोल | यादव यादव | ४० | ८० |
| १० | सिराहा | सखुवानन्करकाट्टी गाउँपालिका | वडा नं. ३ | मिर्जापुर | सदा (मुसहर) | ८५ | १२० |

तेस्रोमा चरणमा, स्थलगत टोलीले प्रत्येक समुदाय भित्रका सबै लक्षित सहभागीहरूको एक अलग सूचि संकलन गऱ्यो र उनीहरूलाई जोडी (Dual Household) वा एकल/महिला-घरमुली घरपरिवार (Single/Female-Headed Household) को रूपमा वर्गीकरण गऱ्यो। उपलब्ध भएसम्म व्यवस्थित अनियमित नमूना (Systematic Random Sampling) को प्रयोग गरेर १० वटा एकल/महिला-घरमुलि भएका घरपरिवारहरू र २० वटा जोडी घरपरिवारहरूको चयन गरिएको थियो। स्थलगत अध्ययन टोलिले एकल/महिला-घरमुलि भएका घरपरिवारहरू पहिले छानिएको कुराको सुनिश्चित गर्दै लक्षित घरपरिवारहरूको कम संख्या भएका समुदायहरूलाई प्राथमिकता दिएको थियो। एकल/महिला-घरमुलि भएका घरपरिवारको संख्यामा कमी भएको अवस्थामा, उच्च संख्यामा लक्षित समुदायहरू भएका समुदायहरूबाट छनौट गरेर यो कमी भएको संख्यालाई पुरा गरिएको थियो।

यसकारण, प्रत्येक समुदायमा कुल ३० घरपरिवारको अन्तर्वार्ता लिईएको थियो, जसमा २० जोडी घरपरिवार र १० एकल/महिला-घरमुलि भएका घरपरिवारहरू समेटिएका थिए। यो नमूना विधिको परिणामस्वरूप प्रत्येक जिल्लाबाट १५० घरपरिवारहरूका दरले कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूबाट कुल ३०० घरपरिवारहरूसंग अन्तर्वार्ता लिईएको थियो।

### कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू र घरपरिवारहरूको छनौट :

कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका घरपरिवारहरू ती गाउँहरूबाट छानिएका थिए जहाँ व्यक्तिहरूले कार्यक्रमबाट कुनै पनि सहयोग प्राप्त गर्ने छैनन्। यी दुई जिल्लाका एउटै पालिकाभित्रका विभिन्न वडाबाट अनियमित रूपमा ९च्बलमकभथि० यी गाउँहरू र घरपरिवार छनौट गरिएका थिए। यद्यपी, वडाहरू भने नगरपालिका प्रमुखसँग परामर्श गरेर उद्देश्यपूर्ण रूपले, उक्त वडाहरू कार्यक्रम कार्यान्वयन गरिने कुनैपनि गाउँहरूको सीमामा नरहेको सुनिश्चित गरि छनौट गरिएको थियो। कार्यक्रम कार्यान्वयन नगरिने घरपरिवारहरू समावेश गर्नुको उद्देश्य कार्यक्रम कार्यान्वयन गरिने ठाउँका लाभग्राहीहरूका तथ्य तथ्यांकहरूसंग परिक्षण गर्न तुलनात्मक समूहको स्थापना गर्नु हो। कार्यक्रम कार्यान्ययन पश्चात गरिने अध्ययनमा लाभग्राही घरपरिवारहरूले पनि कार्यक्रम कार्यान्वयन नभएको खण्डमा, कार्यक्रम कार्यान्वयन नगरिने समूहमा देखिने जस्तै परिणामहरूको अनुभव गर्ने थिए भन्ने अनुमान लगाउन सकिन्छ। कार्यक्रम कार्यान्वयनका गरिने ठाउँहरूकासहभागीहरू र कार्यक्रम कार्यान्वयन नगरिने समूहको बीचको परिणामहरू तुलना गरेर, कार्यक्रम कार्यान्वयनको प्रभावको अनुमान गर्न सकिन्छ।

यस अनुमानको विश्वसनीयतालाई सुदृढ बनाउन, कार्यक्रम कार्यान्वयन नहुने गाउँहरू र कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूको छनोट एउटै पालिकाबाट गरिएको थियो । यी कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको छनौट कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूकै जस्तो सामाजिक-आर्थिक अवस्था भएका समुदायहरूबाट गरिएको थियो । साथै, कार्यक्रम कार्यान्वयनका प्रभावहरू विस्तार हुने सम्भावनाबाट बच्नका लागि, विशेषगरी कार्यक्रम कार्यान्वय गरिने गाउँहरूसँग सीमा नजोडिएका गाउँहरूलाई कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको रूपमा छानिएको थियो । कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको पहिचान गर्न पहिलेको स्थानीय संरचना अन्तर्गतका गाउँ विकास समिति (गाविसहरू) का वडाहरूको उपयोग गरिएको थियो ।

**तालिका १.२**

**कार्यक्रम कार्यान्वयन नगरिने गाउँ/समुदायहरूको सूचि**

| जिल्ला | नगरपालिका | वडा | गाउँ | समुदाय |
|---|---|---|---|---|
| सप्तरी | छिन्नमस्ता गाउँपालिका | ६ | कोचाबखरी गाविस ८ | मुसहर/डोम |
| सप्तरी | छिन्नमस्ता गाउँपालिका | ६ | कोचाबखरी गाविस ९ | मुसहर/खत्वे |
| सप्तरी | छिन्नमस्ता गाउँपालिका | ७ | मुस्लिम टोल | मुस्लिम |
| सप्तरी | तिलाठी कोईलाडी गाउँपालिका | ७ | सरदार टोल | सरदार |
| सप्तरी | तिलाठी कोईलाडी गाउँपालिका | ७ | बाहुनगावा टोल | रजक धोबी |
| सिराहा | कर्जन्हा नगरपालिका | ९ | कर्जन्हा गाविस ३ | पासवान |
| सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | सीतापुर प्र. धा. गाविस १ | राम, दास |
| सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | सीतापुर प्र. धा. गाविस ६ | पासवान |
| सिराहा | सखुवानन्कारकाट्टी गाउँपालिका | ५ | इटारहर्वा गाविस ३ | राम/मुसलमान, |
| सिराहा | सखुवानन्कारकाट्टी गाउँपालिका | ५ | इटारहर्वा गाविस ४ | पासवान/दास |

कार्यान्वयन गरिने गाउँहरू जस्तै तरिकाले प्रत्येक कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूबाट पनि अनियमित (randomely) रूपमा ३० वटा घरपरिवारहरू छानिएको थिए । यी परिवारहरूबाट २० वटा जोडी घरपरिवार (Dual Household) र १० वटा एकल/महिला-घरमुलि भएका घरपरिवार (Single/Female-Headed Household) हरू समावेश रहेका थिए र छनौट प्रक्रियामा प्रत्येक गाउँभित्रका घरपरिवारहरूको छुट्टै सूचि समावेश थियो । फलस्वरूप, प्रत्येक जिल्लाबाट कुल १५० घरपरिवारहरू गरि, कुल ३०० कार्यक्रम कार्यान्वयन नगरिने घरपरिवारहरू छानिएका थिए ।

## १.४ सर्वेक्षण र तथ्याङ्क संकलन

सर्वेक्षणका प्रश्नहरूलाई: व्यक्तिगत, घरपरिवार र समुदायस्तर गरि तीन तहहरूमा विभाजन गरिएको थियो । घरपरिवार तहका प्रश्नावली केवल प्राथमिक उत्तरदाताहरूका लागि रहेका थिए । व्यक्तिगत प्रश्नावली भित्र कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) का प्रश्नावलीहरू समावेश गरिएका थिए, जुन जोडी घरपरिवार (Dual Households) का प्राथमिक र द्वितिय उत्तरदाताहरू दुवैलाई सोधिएको थियो । समुदायस्तरको प्रश्नावली स्थानीय गाउँका अगुवा र सामुदायका अगुवा कृषकहरूलाई सोधिएको थियो । सबै प्रश्नावलीहरू नेपाली र मैथिली (त्यस क्षेत्रमा सबैभन्दा बढि

बोलिने भाषा) दुवैमा अनुवाद गरिएको थियो र यी दुवै भाषाहरूमा दक्षता भएका गणकहरूले सर्वेक्षण गरेका थिए ।

| घरपरिवार स्तर | व्यक्तिगत स्तर | समुदाय स्तर |
|---|---|---|
| • जनसांख्यिकीय विशेषताहरू<br>• घरपरिवार खाद्य असुरक्षा अनुभव स्तर (FIES)<br>• घरपरिवार खाद्यान्न खपतको अनुपात (FES) | • कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI)<br>• महिलाहरुका लागि न्युनतम आहारा विविधता (MDDW)<br>• रोजगारी तथा व्यवसायीक क्रियाकलाप<br>• व्यक्तिगत खाद्य असुरक्षा अनुभव स्तर (FIES)<br>• कृषिजन्य उत्पादन | • जलवायु क्षमता अंक (Climate capacity score) |

यो सर्वेक्षण २१ अप्रिल देखि १० मे २०२३ सम्म दुईवटै जिल्लाहरूमा लगातार रूपमा संचालन गरिएको थियो । तथ्याङ्क संकलनपूर्व, १८ जना गणकहरूको समूहले ५ दिनको तालिम प्राप्त गरेका थिए । तालिमका साथै, १९ देखि २० अप्रिलमा एक दिनको स्थलगत पूर्व-परीक्षण र एक दिने समीक्षा पनि आयोजना गरिएको थियो । सर्वेक्षणका लागि कम्प्युटरको सहयोगमा लिइने व्यक्तिगत अर्न्तवार्ता (Computer-assisted personal interviewing (CAPI) को उपयोग गरिएको थियो । सर्वेक्षणका प्रश्नावलीहरू, अफलाईन रूपमा तथ्याङ्क संकलन गर्न सकिने, तथ्याङ्क तुरुन्त हेर्न मिल्ने र तथ्य तथ्याङ्कहरू लगातार रूजु गर्न र सच्याउन मिल्ने गरि MoDA नामक केन्द्रिय तथ्याङ्क संकलन प्रणालीमा राखिएको (upload) थियो । उत्तरदाताका लागि सहज वातावरणको सिर्जना गर्न, गणकहरूलाई विभिन्न समूहमा, सामान्यतया प्रत्येकमा २ जना महिला र २ जना पुरुष हुने गरि विभाजन गरिएको थियो । यस खालको व्यवस्थाले महिला उत्तरदातासंग महिला गणकले र पुरुष उत्तरदातासंगका अर्न्तवार्ता पुरुष गणकहरूले लिएका थिए । समुदाय स्तरको अन्तक्रियाका लागि, समुदायमा रहेका नेतृत्वकर्ता र/वा सामुदायको ज्ञान भएका कृषकहरूको पहिचान गरी सुपरीवेक्षकले समुदायसंग अन्तक्रिया गरेका थिए । गणकहरूले सबै उत्तरदाताहरूका लागि सुरक्षित वातावरणको सुनिश्चितताका लागि “कसैलाई हानी/नोक्सानी नगर्ने” (Do No Harm) सिद्धान्तलाई कडा ढंगले पालना गरेका थिए । तथ्याङ्क संकलन प्रक्रियाका बाँकी विवरण परिशिष्ट “ख” मा राखिएको छ ।

## १.५ तथ्याङ्क विश्लेषण

STATA १७.० नामक सांख्यिकीय सफ्टवेयरको प्रयोग गरेर तथ्याङ्कको विश्लेषण गरिएको थियो । कृषि सुचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) र विभिन्न व्यक्तिगत र घरपरिवार-स्तरका विशेषताहरू सम्बन्धी तथ्याङ्कहरू प्रस्तुत गर्नका लागि वर्णनात्मक तथ्यांकको प्रयोग गरिएको थियो । उत्तरदाताका विशेषताहरू, Pro-WEAI र विभिन्न व्यक्तिगत र घरपरिवार तहका चरहरू जस्तै जिल्ला, लिंग, जात/जातीयता, उमेर, शिक्षा, पारिवारिक प्रकार, घरपरिवारको खाद्य असुरक्षा अनुभव स्तर (FIES), महिलाका लागि न्युनतम आहार विविधता (MDDW), घरपरिवारको खाद्यान्न खपत अनुपात (FES) आदि बीचको सम्बन्ध बुझ्नका लागि अनुमानित (Inferential) तथ्याङ्कहरू (Chi Squaire परीक्षण, टी-परीक्षण, सहसम्बन्ध आदि) को प्रयोग गरिएको थियो ।

## १.६ समस्या र सीमाहरू

तथ्याङ्क संकलन गर्नु अघिनै कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका सहभागीहरूको सूचि बनाउन नसकिएका कारण, वैकल्पिक नमूना रणनीति तयार गरिएको थियो । यसमा प्रत्येक जिल्लाबाट सम्भाव्य समानुपातिक आकार (PPS) विधिबाट पाँचवटा गाउँहरूको छनौट गरिएको थियो । यी गाउँहरूका घरपरिवारलाई जोडी वा एकल/महिला-घरमुलि भएका घरपरिवारको रूपमा वर्गीकृत गरिएको थियो । संकलित सूचिबाट, अनियमित (random) विधिबाट २० जोडी घरपरिवार र १० एकल/महिला-घरमुलि भएका घरपरिवारहरू तथ्याङ्क सङ्कलनका लागि छानिएका थिए ।

यद्यपी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ५ स्थित पासवान टोलमा सर्वेक्षणका लागि उपयुक्त घरपरिवारहरू ३० वटा भन्दा पनि कम रहेका थिए । फलस्वरूप, त्यस गाउँमा जम्मा २१ वटा अर्न्तवार्ताहरू मात्र लिइयो र बाँकी ९ घरपरिवारहरू टोलीले सूचिबद्ध गरेको अर्को गाउँबाट लिएर अर्न्तवर्ता गरिएको थियो । त्यस्तै, विभिन्न कारणहरूले गर्दा सुरुमा योजना बनाइए अनुसार १० एकल/महिला-घरमुलि भएका घरपरिवारहरूको अर्न्तवार्ता लिन सम्भव भएन । यद्यपि, प्रत्येक जिल्लाका कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने गाउँहरू बीचमा जोडी र एकल/महिला-घरमुलि भएका घरपरिवारहरूको अनुपात सहि राख्ने प्रयास गरिएको थियो ।

त्यसै गरी सिराहा जिल्लाको लक्ष्मीपुर पतारी गाउँपालिका, वडा नम्बर ५ को खर्कुयाही टोल र सखुवानन्कारकाट्टी गाउँपालिका वडा नम्बर २ को पटना टोलगरि दुई गाउँहरूमा लक्षित घरपरिवारको संख्या वास्तविक कुल घरपरिवारभन्दा कम देखियो । यसलाई सम्बोधन गर्न कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD), संयुक्त राष्ट्र संघको लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी एकाई (UN Women) र न्यु एरा (New ERA) का टोलीले सरोकारवाला र समुदायका सदस्यहरूसँगको परामर्शमा अग्रिम रूपमा कार्यक्रमका लक्षित सहभागीहरू छनौट गरिएको थियो । स्थलगत टोलीलाई कार्यक्रमका सहभागीहरूको सूचि प्रदान गरिएको थियो र यसै सूचीबाट उनीहरूले सर्वेक्षणमा समावेश गर्नका लागि जोडी घरपरिवार र एकल/महिला-घरमुलि भएका घरपरिवारहरूको छनौट गरेका थिए ।

# २ लाभग्राहीहरूको प्रोफाईल

यस परिच्छेदले सर्वेक्षणका उत्तरदाताहरूको लिङ्ग, उमेर, शिक्षा, नेपाली पढ्न, लेख्न र बोल्न सक्ने क्षमता, अपांगताको अवस्था, नीति तथा अधिकारका बारेमा ज्ञान, एकल/महिला-घरमुलि भएका घरपरिवार जानकारी, घरपरिवारका विशेषता तथा आय जस्ता जानकारी तथा बिशेषताहरू प्रस्तुत गर्दछ। यी जानकारीहरू यस आधारभुत सर्वेक्षणको कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) लाई प्रभाव पार्ने तत्वहरू तथा अन्य महत्वपूर्ण सूचकहरूको बारेमा बुझ्न उपयोगी रहेका छन्।

## २.१ सर्वेक्षणका उत्तरदाताहरूको आधारभूत विशेषताहरू

कार्यक्रमको आधारभूत सर्वेक्षणमा सिराहा र सप्तरी जिल्लाबाट कुल ६०० वटा घरपरिवारसँग अन्तर्वार्ता लिईएको थियो। प्रत्येक जिल्लाबाट ३०० घरपरिवारको सर्वेक्षण गरिएको थियो, जसमा १५० वटा कार्यक्रम कार्यान्वयन नगरिने गाउँका घरपरिवार र १५० वटा कार्यक्रम कार्यान्वयन गरिने गाउँका घरपरिवार रहेका थिए। यी १५० घरपरिवारमा ५० एकल/महिला-घरमुलि भएका घरपरिवार र १०० जोडी घरपरिवार थिए। समग्रमा, त्यहाँ १,००० जना उत्तरदाताहरू थिए, जसमा ६०० महिला र ४०० जना पुरुषहरू रहेका थिए *(चित्र २.१)*।

चित्र २.१

**जिल्ला, कार्यक्रम कार्यान्वयन गरिने समूह र कार्यान्वयन नगरिने समूहभित्रका नमूना**



*तालिका २.१* ले जिल्ला र लिङ्गको आधारमा व्यक्तिहरूको फरक फरक विशेषताहरूलाई देखाउँदछ। *तालिका २.२* ले कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने समूह र लिङ्गमा आधारित भिन्नताहरूलाई देखाउँदछ। दुवै जिल्लामा सर्वेक्षणमा युवा वा प्रौढ महिलाहरूको तुलनामा मध्यम उमेर समूह (३५ देखि ५५ वर्ष) का महिलाहरूको उच्च प्रतिशत समावेश गरिएको थियो। यहि कुरा पुरुषहरूमा पनि लागू भएको छ। लिङ्ग र कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने समूहमा लैङ्गिक भिन्नताहरूको तुलना गर्दा, भिन्नताहरू एकदमै कम छन्। यसले कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू दुवैमा समान उमेर समूहहरूलाई समावेश गराईएको थियो भन्ने दर्शाउँछ। साथै, अन्य मधेसी जात/जातिहरूको तुलनामा अधिकांश उत्तरदाताहरू दलित थिए।[६]

नेपालको जनसांख्यीक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले माध्यमिक वा उच्च शिक्षा हासिल गर्ने पुरुषको तुलनामा महिलाको संख्या कम रहेको देखाएको छ। विशेषगरी मधेश प्रदेशका महिलाले माध्यमिक वा उच्च शिक्षा हाँसिल गर्ने सम्भावना कम देखिएको छ।[७] त्यस्तै, दुवै जिल्लामा पुरुषको तुलनामा महिलाले शिक्षा हाँसिल नगर्ने वा कम शिक्षा हाँसिल गर्ने सम्भावना बढि रहेको पनि सर्वेक्षणले देखाएको छ।

**तालिका २.१**

**उत्तरदाताको विशेषताहरू, जिल्ला र लिङ्ग अनुसार**

| | सप्तरी | | सिराहा | |
|---|---|---|---|---|
| | पुरुष (%) | महिला (%) | पुरुष (%) | महिला (%) |
| **उत्तरदाताहरूको उमेर** | | | | |
| < ३५ | २०.५ | ३९.३** | २६.० | ३८.७* |
| ३५ - ५५ | ५९.० | ५४.७ | ५०.५ | ५१.० |
| > ५५ | २०.५ | ६.०** | २३.५ | १०.३** |
| **उत्तरदाताहरूको जातीयता** | | | | |
| दलित जाती | ७७.५ | ७९.६७ | ६८.५० | ६९.०० |
| अन्य मधेसी जाती | २२.५० | २०.३३ | ३१.५० | ३१.०० |
| **उत्तरदाताहरूको शिक्षा** | | | | |
| प्राथमिक तहमुनिको शिक्षा वा कुनै शिक्षा हाँसिल नगरेको | ८९.५ | ९७.०* | ७६.५ | ९२.७** |
| प्राथमिक शिक्षा वा सो भन्दा माथिको शिक्षा हाँसिल गरेको | १०.५ | ३.०* | २३.५ | ७.३** |
| पढ्न सक्ने | २०.५ | ४.३** | ४३.५ | १२.०** |
| लेख्न सक्ने | २१.० | ४.७** | ४४.० | १२.०** |

६ यस प्रतिवेदनमा यहाँ र अन्यत्र उल्लेख गरिएका "अन्य मधेसी जात/जातिह¿" ले पण्डित, शर्मा, दनुवार, मुखिया, मुस्लिम, नुनिया, सुडी, तेली र यादवलाई जनाईएको छ।

७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (नेपाल), New ERA / ICF, २०२२, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण काठमाडौं,: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (नेपाल)।

| | | | | |
|---|---|---|---|---|
| नेपाली बोल्न, लेख्न वा पढ्न सक्ने | ४६.५ | ५.३** | ७४.० | १५.३** |
| सामान्य अपांगता[८] | ५२.० | ३९.७ | २४.५ | ३७.३ |
| **कानूनी अधिकारको ज्ञान वा बुझाई** | १८.० | ३.०** | ४१.५ | १०.३** |
| मानव अधिकार | १४.० | १.०** | ३८.० | ३.३** |
| महिलाको मानव अधिकार | १०.० | २.०** | २९.५ | १०.०** |
| भूमि सम्बन्धी अधिकार | २.५ | ०.०* | १२.० | ०.३** |
| हेरचाह अर्थव्यवस्था र कृषि नीति | ०.० | ०.३ | २.० | ०.० |
| बैंकिङ, लघुवित्त र सहकारी नीति | २.५ | ०.३* | ३.५ | २.० |
| अन्य कार्यक्रमका लाभग्राही | २.५ | १.७ | १.० | ३.७ |
| **अवलोकन** | **२००** | **३००** | **२००** | **३००** |

*p-value <0.05 **p-value<0.001*

यी दुई जिल्लाका महिला र पुरुषमा नेपाली भाषा पढ्न, लेख्न र बोल्न सक्ने क्षमताको तुलना गर्दा कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने दुवै गाउँमा, पुरुषहरूको तुलनामा महिलाहरूको संख्या कम रहेको स्पष्ट देखिन्छ। तर, दुवै जिल्लाका महिलाहरूको तुलना गर्ने हो भने सप्तरीका महिलाहरूको तुलनामा सिराहाका महिलाको संख्या अलि बढि (पढ्न - सिराहाका १२ प्रतिशत र सप्तरीका ४ प्रतिशत, लेख्न - सिराहाका १२ प्रतिशत र सप्तरीका ५ प्रतिशत र बोल्न - सिराहाका १५ प्रतिशत र सप्तरीका ५ प्रतिशत) रहेको पाईयो *(तालिका २.१)*। कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको तुलना गर्दा, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा महिलाहरूको अलि बढि प्रतिशतमा नेपाली भाषा पढ्न (कार्यान्वयन गरिनेमा १० प्रतिशत र नगरिनेमा ६ प्रतिशत), लेख्न (कार्यान्वयन गरिनेमा १० प्रतिशत र नगरिनेमा ६ प्रतिशत) र बोल्न (कार्यान्वयन गरिनेमा १३ प्रतिशत र नगरिनेमा ८ प्रतिशत) सक्ने क्षमता भएको देखाउँछ *(तालिका २.२)*।

**तालिका २.२**

**उत्तरदाताको विशेषताहरू, लिंग र कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समूह अनुसार**

| | कार्यक्रम कार्यान्वयन गरिने | | कार्यक्रम कार्यान्वयन नगरिने | |
|---|---|---|---|---|
| | पुरुष (%) | महिला (%) | पुरुष (%) | महिला (%) |
| **उत्तरदाताहरूको उमेर** | | | | |
| < ३५ | २४.० | ३९.०** | २२.५ | ३९.०** |
| ३५ - ५५ | ५५.० | ५१.० | ५४.५ | ५४.७ |
| > ५५ | २१.० | १०.०* | २३.० | ६.३** |

८ सामान्य अपांगताहरूमा देख्न, सुन्न, हिँडडुल गर्न, वा पाइला चढ्न, सम्झन वा ध्यान केन्द्रित गर्न, आत्म-हेरचाह प्रदान गर्न वा अरूसँग कुराकानी गर्न कठिनाइहरू पर्दछन्।

| | | | | |
|---|---|---|---|---|
| **उत्तरदाताहरूको जातीयता** | | | | |
| दलित जाती | ६०.५० | ६०.६७ | ८५.५० | ८८.०० |
| अन्य मधेसी जाती | ३९.५० | ३९.३३ | १४.५० | १२.०० |
| **उत्तरदाताहरूको शिक्षा** | | | | |
| प्राथमिक तह मुनिको शिक्षा वा कुनै शिक्षा हाँसिल नगरेको | ८४.५ | ९४.०** | ८१.५ | ९५.७** |
| प्राथमिक शिक्षा वा सो भन्दा माथिको शिक्षा हाँसिल गरेको | १५.५ | ६.०** | १८.५ | ४.३** |
| पढ्न सक्ने | ३२.० | १०.३** | ३२.० | ६.०** |
| लेख्न सक्ने | ३१.० | १०.३** | ३४.० | ६.३** |
| नेपाली बोल्न, लेख्न वा पढ्न सक्ने | ५१.० | १३.०** | ६९.५ | ७.७** |
| सामान्य अपांगता | ४०.५ | ३३.० | ३६.० | ४४.० |
| **कानूनी अधिकारको ज्ञान वा बुझाई** | १७.० | ४.७** | ४२.५ | ८.७** |
| मानव अधिकार | १२.० | १.३** | ४०.० | ३.०** |
| महिलाको मानव अधिकार | ९.५ | ४.३* | ३०.० | ७.७** |
| भूमि अधिकार | ३.० | ०.३* | ११.५ | ०.०** |
| हेरचाह अर्थव्यवस्था र कृषि नीति | ०.५ | ०.० | १.५ | ०.३ |
| बैंकिङ लघुवित्त र सहकारी नीति | २.५ | २.० | ३.५ | ०.३* |
| अर्को कार्यक्रमका लाभग्राही | १.० | २.० | २.५ | ३.३ |
| **अवलोकन** | ३०० | ३०० | २०० | ३०० |

शिक्षा र पढ्न र लेख्न सक्ने क्षमता जस्तै, पुरुषहरूलाई कानूनी अधिकारको ज्ञान वा बुझाई महिला समकक्षीहरूको तुलनामा बढि रहेको अवलोकन गरिएको छ। सप्तरीका पुरुषहरूको तुलनामा सिराहा जिल्लाका पुरुषहरूमा कानूनी अधिकारको ज्ञान वा बुझाई सबैभन्दा बढि (४२ प्रतिशत) रहेको छ। विशिष्ट कानूनी अधिकारको ज्ञानको परीक्षण गर्दा सिराहामा पुरुषहरूको उच्च संख्यालाई मानव अधिकार (३८ प्रतिशत) र महिला मानव अधिकार (३० प्रतिशत) को ज्ञान रहेको पाइयो (*तालिका २.१*)।

## २.२ घरहरूका आधारभुत विशेषताहरू र घरपरिवारको जनसंख्या

### २.२.१ घरपरिवारको जनसंख्या

*तालिका २.३* ले जिल्ला अनुसार घरपरिवारको जनसंख्या आधारभुत जानकारी प्रदान गर्दछ, भने *तालिका २.४* ले कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने गाउँहरूमा आधारित भई सोही जानकारी प्रस्तुत गर्दछ।

तालिका २.३

**घरपरिवारको जनसंख्या, जिल्ला अनुसार**

| | जिल्ला | |
|---|---|---|
| | सप्तरी | सिराहा |
| पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका घरपरिवारको प्रतिशत | ४०.० | ४९.०* |
| घरपरिवारमा पाँच वर्षमुनिका बालबालिकाको औषत संख्या | ०.६ | ०.७३ |
| घरका महिला सदस्यहरूको औषत संख्या | २.४६ | २.६ |
| औषत घरको आकार | ४.६९ | ४.७७ |
| महिला-घरमुलि भएका घरपरिवारको प्रतिशत | ३५.७ | ३३.३ |
| आर्थिक रूपमा आश्रित सदस्यहरूको प्रतिशत (१८-५९ वर्ष) | ३२.० | ४२.० |
| विगत ६ महिनामा विद्यालय बाहिर रहेका बालबालिका भएको घरपविारको प्रतिशत | ८.७ | १०.० |
| गर्भवती र स्तनपान गराउने महिला भएका घरपरिवारको प्रतिशत | २४.७ | ३१.४ |
| दीर्घरोगका कारण सहयोगको खाँचो पर्ने सदस्य भएका घरपरिवारको प्रतिशत | ८.७ | १३.३ |
| विगत १२ महिनामा कम्तीमा तीन महिनादेखि बिरामी वा दीर्घरोगी रहेका घरपरिवारका सदस्यहरूको औषत संख्या | ०.१ | ०.० |
| अपांग सदस्यहरू भएका घरपरिवारहरूको प्रतिशत | ३.३ | ४.० |
| स्वास्थ्य सेवामा पहुँच भएका घरपरिवारको प्रतिशत | ९५.० | ९५.० |
| बैदेशिक रोजगारी (Remittance) मुख्य आय भएका घरपरिवारको प्रतिशत | ३५.० | ४४.० |
| गैर-कृषिमा मुख्य आय ज्याला भएका घरपरिवारहरूको प्रतिशत | ३१.० | २०.० |
| अनुमानित मासिक मुख्य आय (रूपैँया) | १५,८२५.४२ | १७,३४४.९५ |
| मुख्य आयको सापेक्ष योगदान | ७८.३९ | ७७.४६ |
| **अवलोकन** | **३००** | **३००** |

पाँच वर्षभन्दा कम उमेरका कम्तीमा एकजना बच्चा भएका घरपरिवारहरू सिराहा जिल्लामा ४९ प्रतिशत छन् भने सप्तरीमा थोरै कम अर्थात् ४० प्रतिशत रहेका छन्। सिराहा र सप्तरी दुबै जिल्लाका घरपरिवारहरूमा औषतमा तीन जना महिला सदस्य रहेका छन् *(तालिका २.३)*। महिला-घरमुलि रहेका घरपरिवारहरू सप्तरी जिल्लामा ३६ प्रतिशत रहेका छन्, भने सिराहा जिल्लामा ३३ प्रतिशत छन् *(तालिका २.३)*। यसै गरी कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू (२९ प्रतिशत) को तुलनामा कार्यान्वयन नगरिने गाउँहरूमा महिला-घरमुलि भएका घरपरिवारहरू संख्या धेरै (४० प्रतिशत) छ *(तालिका २.४)*।

आधारभुत अध्ययनको नतिजाले सिराहाका ४२ प्रतिशत घरपरिवारमा आर्थिक रूपमा सक्रिय उमेरका व्यक्तिहरू घरपरिवारका अन्य सदस्यमा निर्भर रहेको देखाएको छ[९] भने सप्तरीमा यस्ता

[९] नेपालमा बालश्रम (निषेध तथा नियमन) ऐन, २०५६ (२००० ई.सं.) ले जोखिमपूर्ण काम का लागि न्यूनतम उमेर १४ वर्ष र १७ वर्ष तोकेको छ। हाम्रो अध्ययनका लागि, हामी आर्थिक रूपमा सक्रिय, १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरूमा केन्द्रित रहेका छौं।

घरपरिवारहरू ३२ प्रतिशत मात्र रहेका छन् *(तालिका २.४)*। यसको अतिरिक्त, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा १८-५९ वर्ष उमेरका सक्रिय व्यक्तिहरू वित्तीय/आर्थिक रूपमा घरपरिवारका अन्य सदस्यमा निर्भर रहेका व्यक्तिहरू ३३ प्रतिशत छन् भने कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा सो भन्दा धेरै अर्थात ४१ प्रतिशत रहेका छन् *(तालिका २.४)*। स्वास्थ्य सेवाको पहुँचको अवस्था सिराहा र सप्तरी दुवै जिल्ला लगभग बराबर (९५ प्रतिशत) छ *(तालिका २.३)*। यद्यपि, स्वास्थ्य सेवाहरूमा पहुँच भएका घरपरिवारहरू कार्यान्वयन गरिने गाउँहरू (९१ प्रतिशत) को तुलनामा कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा बढी (९९ प्रतिशत) रहेको पाईयो *(तालिका २.४)*।

सप्तरीका ३५ प्रतिशत घरपरिवार र सिराहाका ४४ प्रतिशत घरपरिवारको मुख्य आयस्रोतका रूपमा बैदेशिक रोजगारी (Remittance) रहेको पाईयो *(तालिका २.३)*। यसैगरी कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ३७ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ४२ प्रतिशत घरपरिवारहरू बैदेशिक रोजगारी मा निर्भर रहेछन् *(तालिका २.४)*। दोस्रो मुख्य आयस्रोतका रूपमा रहेका गैर-कृषि कार्यबाट प्राप्त हुने ज्यालामा सप्तरीमा ३१ प्रतिशत र सिराहामा २० प्रतिशत घरपरिवारहरू निर्भर रहेको पाईयो *(तालिका २.३)*। सप्तरीमा औषत अनुमानि मासिक आय १६ हजार, सिराहामा १७ हजार र कार्यक्रम कार्यान्वयन गरिने गाउँमा १५ हजार र कार्यक्रम कार्यान्वयन नगरिने गाउँमा १८ हजार नेपाली रूपैंया रहेको पाईयो। दुवै जिल्लाको कुल आयको लगभग ८० प्रतिशत योगदान गर्ने मुख्य आयस्रोत बैदेशिक रोजगारी रहेको पाईयो भने कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ७५ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ८१ प्रतिशत योगदान बैदेशिक रोजगारीको रहेको पाईयो *(तालिका २.३ र २.४)*।

**तालिका २.४**

**घरपरिवार जनसंख्या, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समूह अनुसार**

| घरपरिवारको जानकारी | कार्यक्रम कार्यान्वयन गरिने | कार्यक्रम कार्यान्वयन नगरिने |
|---|---|---|
| पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका घरपरिवारको प्रतिशत | ४१.७ | ४७.३ |
| घरपरिवारमा पाँच वर्षमुनिका बालबालिकाको औषत संख्या | ०.६१ | ०.७२ |
| घरका महिला सदस्यहरूको औषत संख्या | २.४ | २.६६ |
| औषत घरपरिवारको आकार | ४.४७ | ४.९९ |
| महिला-घरमुलि भएका घरपरिवारको प्रतिशत | २९.३ | ३९.७ |
| आर्थिक रूपमा सक्रिय सदस्यहरू भएको घरपविारको प्रतिशत (१८-५९ वर्ष) | ३३.३ | ४०.७ |
| विगत ६ महिनामा विद्यालय बाहिर रहेका बालबालिका भएको घरपरिवारहरूको प्रतिशत | १०.७ | ८.० |
| गर्भवती र स्तनपान गराउने महिला भएका घरपरिवारको प्रतिशत | २४.७ | ३१.४ |
| दीर्घरोगका कारण सहयोगको खाँचो पर्ने सदस्य भएका घरपरिवारको प्रतिशत | ७.७ | १४.३ |
| विगत १२ महिनामा कम्तीमा तीन महिनादेखि बिरामी वा दीर्घरोगी रहेका घरपरिवारका सदस्यहरूको औषत सङ्ख्या | ०.०४ | ०.०५ |
| अपांग सदस्यहरू रहेका घरपरिवारहरूको प्रतिशत | ०.०४ | ०.०३ |

| घरपरिवारको जानकारी | कार्यक्रम कार्यान्वयन गरिने | कार्यक्रम कार्यान्वयन नगरिने |
|---|---|---|
| स्वास्थ्य सेवामा पहुँच भएका घरपरिवारको प्रतिशत | ९१.३ | ९८.७ |
| बैदेशिक रोजगारी मुख्य आय भएका घरपरिवारको प्रतिशत | ३७.० | ४२.० |
| गैर-कृषिमा मुख्य आय ज्याला भएका घरपरिवारहरूको प्रतिशत | २९.० | २२.० |
| मासिक अनुमानित मुख्य आय (रूपैयाँ) | १५,१२४.०९ | १८,०४६.२८ |
| मुख्य आयको सापेक्ष योगदान | ७४.६१ | ८१.२४ |
| **अवलोकन** | ३०० | ३०० |

## २.२.२ घरहरूका विशेषताहरू

सप्तरी र सिराहाका अधिकांश घरहरूका बाहिरी पर्खाल बाँस (६७ प्रतिशत) र माटो (५० प्रतिशत) ले बनेका छन् *(तालिका २.५)*। घरहरूको संरचना कार्यक्रम कार्यान्वयन नगरिने र कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूबीच उस्तै छ *(तालिका २.६)*। तथापि, दुई जिल्लाहरूबीचमा छतमा प्रयोग भएको सामग्रीमा भने उल्लेखनीय भिन्नताहरू पाईएको छ। सप्तरीमा ८२ प्रतिशत घरपरिवारले धातु/ग्याल्भेनाइज (Metal/Galvanized) पाता प्रयोग गरेकाछन् भने सिराहाका घरहरूमा ग्याल्भेनाइज पाता (३८ प्रतिशत), सिमेन्ट (२६ प्रतिशत) र खर तथा छ्वाली (१८ प्रतिशत) प्रयोग गरेको पाईयो *(तालिका २.५)*।

त्यस्तै, दुबै जिल्लाहरूमा भुईंमा प्रयोग भएका सामग्रीहरू पनि फरक-फरक रहेका छन्। सप्तरीका ५ मध्ये ४ घरहरू (८० प्रतिशत) मा सामान्य भुई रहेको पाईयो भने १० मध्ये १ घरमा (१० प्रतिशत) मात्र कंक्रिटको (Concrete) भुईं रहेको छ। तर सिराहामा भने ६७ प्रतिशत घरमा सामान्य भुईं २५ प्रतिशत घरमा कंक्रिटको भुईं रहेको पाईयो *(तालिका २.६)*।

सिराहा र सप्तरीका अधिकांश (सप्तरीमा ३८ र सिराहामा २४ प्रतिशत) घरपरिवारहरू सरकारी स्वामित्वमा रहेको जग्गामा बसोवास गरेकाछन् *(तालिका २.५)*। यस्ता घरपरिवारहरू कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ४२ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा २० प्रतिशत रहेको पाईयो *(तालिका २.६)*।

घरपरिवार घनत्व भनेको घरको शयनकक्षमा कतिजना सम्म मानिसहरू रहन्छन् भन्ने हो। एउटा शयन कक्षमा एकभन्दा बढी मानिस रहन्छन भने त्यसलाई अधिक घनत्व भनिन्छ।[१०] दुवै जिल्लाका कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा हेर्दा, ९० प्रतिशत भन्दा बढि घरहरूमा घरपरिवार घनत्व एक भन्दा बढि रहेको देखियो *(तालिका २.५ र तालिका २.६)*। सप्तरीका ३९ प्रतिशत घरपरिवारमा तथा सिराहाका ५६ प्रतिशत घरपरिवारको छुट्टै भान्साकोठा रहेको छ। त्यसैगरी, कार्यक्रम कार्यान्वयन नगरिने गाउँका धेरै घरपरिवार (५८ प्रतिशत) मा छुट्टै भान्साकोठा रहेको पाईयो। कार्यक्रम कार्यान्वयन गरिने गाउँमा (३७ प्रतिशत) को तुलनामा कार्यक्रम कार्यान्वयन नगरिने गाउँमा बढि (५८ प्रतिशत) घरपरिवारहरूमा छुट्टै भान्साकोठा रहेको पाईयो *(तालिका २.५ र तालिका २.६)*।

दुवै जिल्लाहरूमा खाना पकाउने मुख्य ईन्धनका रूपमा दाउरा र गुँईठाको प्रयोग गर्ने गरेको देखियो। सप्तरीमा ५४ प्रतिशतले दाउरा र २९ प्रतिशतले गुँईठा र सिराहामा ५९ प्रतिशतले दाउरा र १९

[१०] Chambers EC, Schechter C, Tow A, Torrens L, Kohlieber R, Calderon R. Household Density and Obesity in Young Black and White Adults. Ethn Dis 2010; 20:366–9.

प्रतिशतले गुँईठा प्रयोग गर्ने गरेको पाईयो । साथै, दुबै जिल्लाका कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका प्राय सबै घरहरूमा बत्तीका लागि विजुली प्रयोग गर्ने गरेको पाईयो *(तालिका २.५ र २.६)* ।

**तालिका २.५**

## घरहरूका विशेषताहरू, जिल्ला अनुसार

| घरहरूका विशेषताहरू | जिल्ला | |
|---|---|---|
| | सप्तरी (%) | सिराहा (%) |
| **बाहिरी भित्तामा प्रयोग भएको सामग्री** | | |
| बाँस र माटोले बनेको | ६७.३ | ५०.०** |
| ईँटा र सिमेन्ट | २४.० | २५.० |
| **छानामा प्रयोग भएको सामग्री** | | |
| जस्ता पाता | ८१.७ | ३८.३ |
| सिमेन्ट | ९.३ | २५.७ |
| खर/छ्वाली | ५.० | १८.० |
| **भुईँमा प्रयोग भएको सामग्री** | | |
| सामान्य भुईं | ८१.३ | ६६.७ |
| कंक्रिट | ९.३ | २५.३ |
| **आवास एकाइ** | | |
| घर | ८८.७ | ९१.७ |
| खर/परालको झुपडी | ११.३ | ८.३ |
| **घर घडेरीको स्वामित्व** | | |
| सरकारी स्वामित्वको जग्गा | ३८.३ | २३.७ |
| स्वामित्व | २१.३ | ३३.० |
| घरपरिवारको स्वामित्वमा रहेको घरमा बस्ने | २१.३ | १७.० |
| सह-स्वामित्व | १८.७ | १८.० |
| **घरमा प्रयोग हुने कोठाहरू** | | |
| एउटा कोठा | ४४.० | ३६.३ |
| दुईवटा कोठा | ४०.७ | ४१.७ |
| तीन वा सो भन्दा बढि | १५.३ | २२.० |
| **घरपरिवार घनत्व** | | |
| <=१ | ७.३ | ९.७ |
| >२ | ९२.७ | ९०.३ |

| | | |
|---|---|---|
| **खाना पकाउने ठाउँ** | | |
| घरमा भान्साको सुविधा नभएको | ६.३ | ६.० |
| घरमा छुट्टै भान्साको सुविधा नभएको | ५५.० | ३८.० |
| घरमा छुट्टै भान्साको सुविधा भएको | ३८.७ | ५६.० |
| **खाना पकाउने इन्धन** | | |
| दाउरा | ५४.० | ५८.७ |
| गोबर/गुईंठा | २८.७ | १९.३ |
| लिक्विफाईड पेट्रोलियम ग्याँस | १.० | १३.३ |
| छ्वाली/पात पतिङ्गर | १६.३ | ८.७ |
| **प्रकाशको ईन्धन** | | |
| विद्युत | ९८.३ | ९८.३ |
| **स्वस्थ र स्वच्छताका सामग्री किन्न सक्षम** | ८२.० | ६८.३ |
| **अवलोकन** | **३००** | **३००** |

**तालिका २.६**

**घरहरूका विशेषताहरू, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँ अनुसार**

| घरहरू विशेषताहरू | कार्यक्रम कार्यान्वयन गरिने (%) | कार्यक्रम कार्यान्वयन नगरिने (%) |
|---|---|---|
| **बाहिरी भित्तामा प्रयोग भएको सामग्री** | | |
| बाँस र माटोले बनेको | ६७.३ | ५०.० |
| ईंटा र सिमेन्ट | १६.० | ३३.० |
| **छानामा प्रयोग भएको सामग्री** | | |
| जस्ता पाता | ५८.० | ६२.० |
| सिमेन्ट | ११.३ | २३.७ |
| खर/छ्वाली | १९.० | ४.० |
| **भुईंमा प्रयोग भएको सामग्री** | | |
| सामान्य भुईं | ८०.७ | ६७.३ |
| कंक्रिट | १०.३ | २४.३ |
| **आवास एकाइ** | | |
| घर | ८२.२ | ९८.३ |
| खर/परालको झुपडी | १८.० | १.७ |
| **घर घडेरीको स्वामित्व** | | |
| सरकारी स्वामित्वको जग्गा | ४२.० | २०.० |
| स्वामित्व | १७.७ | ३६.७ |
| घरपरिवारको स्वामित्वमा रहेको घरमा बस्ने | १७.३ | २१.० |
| सह-स्वामित्व | १५.० | २१.७ |

| घरहरू विशेषताहरू | कार्यक्रम कार्यान्वयन गरिने (%) | कार्यक्रम कार्यान्वयन नगरिने (%) |
|---|---|---|
| **घरमा प्रयोग हुने कोठाहरू** | | |
| एउटा कोठा | ५१.३ | २९.० |
| दुईवटा कोठा | ३३.३ | ४९.० |
| तीन वा सो भन्दा बढि | १५.३ | २२.० |
| **घरपरिवार घनत्व** | | |
| <=१ | ८.० | ९.० |
| >२ | ९२.० | ९१.० |
| **खाना पकाउने ठाउँ** | | |
| घरमा भान्साको सुविधा नभएको | ७.० | ५.३ |
| घरमा छुट्टै भान्साको सुविधा नभएको | ५६.० | ३७.० |
| घरमा छुट्टै भान्साको सुविधा भएको | ३७.० | ५७.७ |
| **खाना पकाउने इन्धन** | | |
| दाउरा | ६८.० | ४४.७ |
| गोबर/गुइँठा | १७.३ | ३०.७ |
| लिक्विफाईट पेट्रोलियम ग्याँस | ४.३ | १०.० |
| छवाली/पात पतिङ्गर | १०.३ | १४.७ |
| **प्रकाश ईन्धन** | | |
| विद्युत | ९८.३ | ९८.३ |
| स्वस्थकर सामग्री किन्न सक्षम | ६३.७ | ८६.७ |
| **अवलोकन** | ३०० | ३०० |

## २.२.३ घरपरिवारको सरसफाई सुविधा

सुधारिएको शौचालय सुविधाहरूमा साझा नगरि प्रयोग गरिने विभिन्न प्रकारका शौचालयहरू जस्तै, पाइप जडान गरिएको ढल, सेप्टिक ट्यांकी र खाल्डो शौचालयहरूसँग जोडिएको पखाल्न/बगाउन मिल्ने (Flush/Pour flush) शौचालयहरू; हावाको आवतजावत भएको सुधारिएको खाल्डे शौचालय; ढलान (Slab) भएको खाल्डे शौचालय; र कुहाउने (Composting) खाल्डो शौचालयहरू पर्दछन्, ।

**तालिका २.७**

**घरपरिवारमा सरसफाइका सुविधाहरू, जिल्ला अनुसार**

| शौचालयको प्रकार/सुविधा | जिल्ला | |
|---|---|---|
| | सप्तरी (%) | सिराहा (%) |
| **सुधारिएको सरसफाई** | ३७.० | ५७.७ |
| सेप्टि ट्यांकीमा बगाउन मिल्ने | ७.३ | १७.० |
| खाल्डोमा शौचालयमा बगाउन मिल्ने | ११.७ | ३८.३ |
| ढलान (Slab) भएको खाल्डे शौचालय | १८.० | २.३ |

| | | |
|---|---|---|
| **सुधार नगरिएको सरसफाई** | ६३.० | ४२.३ |
| **साझा सुविधा** | ९.३ | १३.० |
| सेप्टिक ट्यांकमा बगाउन मिल्ने | १.३ | १.० |
| खाल्डोमा शौचालयमा बगाउन मिल्ने | ५.३ | १२.० |
| ढलान (Slab) भएको खाल्डे शौचालय | २.७ | ०.० |
| **खुला शौच** | **५३.७** | **२९.३** |
| **अवलोकन** | **३००** | **३००** |

सुधारिएको शौचालयको प्रयोग भनेको ति व्यक्तिगत सुविधाहरू हुन् जसले मानवजन्य फोहोरसँग प्रत्यक्ष सम्पर्क हुनबाट मानिसलाई रोक्दछ। सुधारिएको शौचालयले हैजा र टाइफाइड जस्ता संक्रामक रोगहरूको संक्रमणलाई कम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। सप्तरीका ३७ प्रतिशत घरपरिवारले मात्र सुधारिएको सरसफाइ प्रयोगगरेको पाईयो भने ५४ प्रतिशत घरपरिवारले खुला शौच गर्ने गरेको तथ्याङ्कले देखाएको छ। यसको तुलनामा सिराहाका ५८ प्रतिशत घरपरिवारले सुधारिएको सरसफाई र २९ प्रतिशतले खुला शौच गर्ने गरेको पाईयो। *(तालिका नं. २.७)*।

**तालिका नं. २.८**

**घरपरिवारको सरसफाईका सुविधाहरू, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समूह अनुसार**

| घरपरिवारको जानकारी | कार्यक्रम कार्यान्वयन गरिने (%) | कार्यक्रम कार्यान्वयन नगरिने (%) |
|---|---|---|
| **शौचालय/शौचालय सुविधाको प्रकार** | | |
| **सुधारिएको सरसफाई प्रयोग गर्ने** | ३८.३ | ५६.३ |
| **सुधार नगरिएको सरसफाई प्रयोग गर्ने** | ६१.७ | ४३.७ |
| साझा सुविधा प्रयोग गर्ने | १०.३ | १२.० |
| खुला शौच/शौचालय नभएको/झाडी/खुला स्थान | ५१.३ | ३१.७ |
| **अवलोकन** | **३००** | **३००** |

कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू (३२ प्रतिशत)को तुलनामा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा रहेका परिवारहरूका अधिक संख्या (५१ प्रतिशत) ले खुला रूपमा दिसापिसाव गर्ने गरेको पाईयो *(तालिका नं. २.८)*।

### २.२.४ घरपरिवारमा खानेपानीको सुविधा

सप्तरी र सिराहा दुवै जिल्लाहरू, साथै कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै गाउँहरूमा खानेपानीको प्रमुख स्रोत भनेको ट्युबवेल वा इनार रहेको पाईयो *(तालिका २.९ र २.१०)*। अधिकांश घरपरिवारको आफ्नै घरपरिसरभित्र वा सोको नजिकै पानी उपलब्ध रहेको छ। सप्तरीमा ८९ प्रतिशत, सिराहामा ९१ प्रतिशत, कार्यक्रम कार्यान्वयन गरिने गाउँमा ८३ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँमा ९८ प्रतिशत घरपरिवारमा आफ्नै घरपरिसरभित्र वा नजिकै पानी उपलब्ध रहेको पाईयो (तालिका २.९ र २.१०)।

तालिका २.९

**घरपरिवारमा खानेपानीको सुविधा, जिल्ला अनुसार**

| खानेपानीको स्रोत र स्थान | जिल्ला | |
|---|---|---|
| | सप्तरी (%) | सिराहा (%) |
| **सुधारिएको खानेपानीको स्रोत** | | |
| ट्युववेल तथा इनार | १००.० | १००.० |
| **खानेपानीको मुख्य स्रोत रहेको स्थान** | | |
| घरपरिसर भित्र वा परिसर नजिकै | ८९.३ | ९१ |
| **अवलोकन** | ३०० | ३०० |

**तालिका २.१० : घरपरिवारमा खानेपानीको सुविधा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँअनुसार**

| घरपरिवार जानकारी | कार्यक्रम कार्यान्वयन गरिने (%) | कार्यक्रम कार्यान्वयन नगरिने (%) |
|---|---|---|
| **सुधारिएको खानेपानीको स्रोत** | | |
| ट्युववेल तथा इनार | १००.० | १००.० |
| **खानेपानीको मुख्य स्रोतरहेको स्थान** | | |
| परिसर वा परिसर नजिकै | ८२.७ | ९७.७ |
| **अवलोकन** | ३०० | ३०० |

## २.२.५ सवैभन्दा नजिकमा रहेको सेवा/सुविधाको दुरी

*तालिका २.११* ले दुवै जिल्लाहरूका करिब ५८ प्रतिशत घरपरिवारहरूले १५ मिनेटको दुरीमा यातायातका सुविधाहरू प्राप्त गर्न सक्ने देखाएको छ । तथापि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका उच्च प्रतिशत घरपरिवार (७४ प्रतिशत) ले कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका घरपरिवार (४१ प्रतिशत) को तुलनामा सो समयभित्र यातायातका सुविधाहरूसम्म पुग्नसक्ने देखाएको छ *(तालिका २.१२)*। बजारको पहुँचको सन्दर्भमा, सिराहाका धेरै (७१ प्रतिशत) घरपरिवारले र सप्तरीमा चार प्रतिशतले मात्रै आफ्नो घरदेखि सबभन्दा नजिकको बजार एक किलोमिटर दूरीभित्र रहेको बताएका छन् । त्यसैगरी स्वास्थ्य संुविधाको दुरीको हिसावले सप्तरीका २८ प्रतिशत घरपरिवारले मात्र एक किलोमिटरभित्रै स्वास्थ्य सुविधा रहेको बताएका छन् भने सिराहाका ६५ प्रतिशत घरपरिवारले स्वास्थ्य सविधा नजिक रहेको बताएका छन् *(तालिका २.११)*।

तालिका २.११

**नजिकमा रहेका सेवा/सुविधाहरूको दूरी, जिल्ला अनुसार**

| सुविधाहरू | जिल्ला | |
|---|---|---|
| | सप्तरी (%) | सिराहा (%) |
| १५ मिनेटभित्र यातायातको सुविधा भएका घरपरिवार | ५७.३ | ५८.० |
| मुख्य सडकबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ६२.३ | ६२.७ |
| बजारबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ३.७ | ७१.३ |
| सामुदायिक भवनबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ७८.० | ८५.३ |
| विद्यालयबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ८२.७ | ८३.३ |
| स्वास्थ्य संस्थाबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | २८.० | ६४.७ |
| औषधी पसलबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ७८.० | ८५.३ |
| **अवलोकन** | ३०० | ३०० |

तालिका नं. २.१२

**नजिकको सेवा/सुविधाहरूको दूरी, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँ अनुसार**

| घरपरिवारको जानकारी | कार्यक्रम कार्यान्वयन गरिने (%) | कार्यक्रम कार्यान्वयन नगरिने (%) |
|---|---|---|
| **सवभन्दा नजिकको सेवा/सुविधाको दुरी** | | |
| १५ मिनेटभित्र यातायातको सुविधा भएका घरपरिवार | ४१.० | ७४.३ |
| मुख्य सडकबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ४४.३ | ८०.७ |
| बजारबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | २९.० | ४६.० |
| सामुदायिक भवनबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ८७.० | ७६.३ |
| विद्यालयबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ७१.३ | ९४.७ |
| स्वास्थ्य संस्थाबाट १ किलोमिटर भित्रको दूरीमा रहेका घरपरिवार | ४०.० | ५२.७ |
| औषधी पसलबाट १ किलोमिटर भित्रको दूरीका घरपरिवार | ८७.० | ७६.३ |
| **अवलोकन** | ३०० | ३०० |

### २.२.६ घरपरिवारको आय

नेपालको कूल गार्हस्थ्य उत्पादन (GDP) को करिब ३० प्रतिशत भाग विदेशमा काम गर्ने नेपालीहरूले पठाएको वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीमा निर्भर रहेको छ। विशेष गरी तराई क्षेत्र र ग्रामीण घरपरिवारहरूमा यस्तो प्रवृत्ति बढि देखिन्छ, जहाँ आयको ३० प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त

हुन्छ ।[११] बैदेशिक रोजगारी माथीको यो निर्भरता नेपालमा रोजगारीका अवसरमा देखिने विभिन्न चुनौतीहरूको परिणाम हो र तराई क्षेत्रमा श्रमको अभाव हुनुमा आप्रवासन (Outmigration) एक महत्वपूर्ण कारक तत्वको रूपमा रहेको पाईन्छ । कुनै समयमा तराई क्षेत्र नेपालको अन्न भण्डारक रूपमा चिनिन्थ्यो, तर अब यहाँको जीवनयापनको मुख्य स्रोत बैदेशिक रोजगारी बन्न पुगेको छ ।

यस आधारभुत अध्ययनले पनि यही प्रवृत्तिको पुष्टि गर्दै, तराई भेगका, मुख्यतया ग्रामीण क्षेत्रका घरपरिवारहरू बैदेशिक रोजगारी मा अधिक निर्भर रहेको देखाउँदछ । तल उल्लेखित *चित्र २.१* अनुसार ४० प्रतिशत घरपरिवारको आयको प्राथमिक स्रोतको रूपमा बैदेशिक रोजगारी रहेको देखिएको छ । त्यसैगरी २६ प्रतिशतले ज्यालादारी श्रमिकका रूपमा गैरकृषि क्षेत्रमा काम गर्ने गरेको पाईयो । दोस्रो आयस्रोतको तथ्यङ्क हेर्दा २७ प्रतिशतले कृषि र साना-स्तरका कृषिजन्य उत्पादनमा अदक्ष ज्यालादारी श्रम गर्ने गरेको पाईयो । तेस्रो आयस्रोत भएका मध्ये, थोरैमात्र घरपरिवार (११ प्रतिशत)ले कृषिमा अदक्ष ज्यालादारी रहेको देखियो ।

**चित्र २.२**

**घरपरिवारको आय वितरण, कामको प्रकार अथवा आय अनुसार**




*चित्र २.२* ले अधिकांश घरपरिवार (३४ प्रतिशत) हरूको मासिक आय १० देखि २० हजार रूपैयाँ भित्र रहेको देखाउँछ । सप्तरीमा, यस अनुपातभित्र मासिक आय हुने घरपरिवारको संख्या बढि (३८ प्रतिशत) रहेको छ । तर सिराहामा भने अधिकांश घरपरिवार (३३ प्रतिशत) को मासिक आय ३० हजार रूपैयाँभन्दा बढि रहेको पाईयो । लगभग १६ प्रतिशत घरपरिवारको मासिक आय १० हजार रूपैयाँ भन्दा कम रहेको छ । घरको आयमा महिलाको योगदानको सन्दर्भमा, करिब आधा महिलाले मात्र २० प्रतिशत वा सो भन्दा कम योगदान गर्ने गरेको पाईयो *(चित्र २.३)* ।

[११] Sah BN. Remittance and Economic Development of Nepal. Patan Pragya 2019; 5:196–208. https://doi.org/10.3126/pragya.v5i1.30475

चित्र २.३

## घरपरिवारको आय, जिल्ला अनुसार




चित्र २.४

## घरपरिवारको आयमा महिलाको योगदान




पाँचमध्ये करिब एक भाग महिलाले घरको आयमा अलिकति पनि योगदान गरेका छैनन् भने पाँच प्रतिशतले घरपरिवारको आम्दानीमा आफ्नो आम्दानीको अधिकांश हिस्सा योगदान गरेका छन्। घरपरिवारको आय वितरण हेर्दा, जोडी घरपरिवारहरू कम आय श्रेणीभित्र पर्ने बढि रहेको देखियो, जबकि एकल/महिला-घरमुलि भएका घरपरिवारहरू उच्च-आयश्रेणी तर्फ उन्मुख देखिनु उल्लेखनीय रहेको छ *(चित्र २.४)*। एकल/महिला-घरमुलि भएका अधिकांश घरपरिवारका पुरुषहरू आप्रवासी कामदारका रूपमा विदेशमा काम गर्ने र स्वदेशमा रकम पठाउँने गरेको हुनाले समग्र पारिवारिक

आयमा वृद्धि भएको हुनसक्दछ । त्यसैगरी दलित समुदायहरूनिम्नस्तरको आयश्रेणीमा अधिक परेको देखाउँछ भने अन्य मधेसी जात/जातिहरूको उच्च आयश्रेणी तर्फ उन्मुख रहेका देखिएको छ *(चित्र २.५)*।

**चित्र २.५**

### आय वितरण, घरपरिवार अनुसार




**चित्र २.६**

### आय वितरण, जातीयता अनुसार



# ३ खाद्य असुरक्षा अनुभव स्तर (FIES)

यस भागमा खाद्य असुरक्षा अनुभव स्तर (FIES) को सन्दर्भमा, सर्वेक्षणबाट प्राप्त निष्कर्षहरूलाई पहिले घरपरिवार स्तरमा र त्यसपछि व्यक्तिगत उत्तरदाता स्तरमा प्रस्तुत गरिएको छ। FIES भनेको खाद्य तथा कृषि संगठन (FAO) ले घरपरिवार तथा व्यक्तिगत स्तरमा खाद्य असुरक्षाको आंकलन गर्न बनाएको मापन गर्ने एक पद्धती हो। यस पद्धतिले विगत १२ महिनामा खाद्य असुरक्षासँग सम्बन्धित उत्तरदाताहरूको अनुभवहरू संकलन गर्नका लागि सामान्यतया आठ वटा प्रश्न वा कथन (Statement) हरू (संक्षिप्तमा: चिन्तित (Worried), स्वस्थ्य (Healthy), थोरै खाना (Few Foods), छोडेको (Skipped), कम खाएको (Ate Less), रित्तिएको (Run Out), भोको (Hungry) र पुरा दिन (Whole Day) को प्रयोग गर्दछ।[१२] प्रश्नहरूमा खाना सकिँदा, खानाको गुणस्तर र प्रकार घट्दा र स्रोतको अभावका कारण खाना नखाई बस्दाको अनुभव जस्ता विषयहरू समावेश गरिएका छन्। प्रत्येक प्रतिक्रियालाई १ (यसको अर्थ अनुभव गरिएको भन्ने जनाउँदछ) वा ० (त्यस्तो कुनै अनुभव महसुस नगरिएको) मा टिपोट गरिएको थियो। Infit र Outfit तथ्याङ्कहरू स्वीकार्य दायराभन्दा बाहिर हुने भएका कारण खाद्य असुरक्षा अनुभव स्तर पद्धतिको अनुसरण गर्दै, घरपरिवार-स्तरको विश्लेषणमा दुई प्रश्नहरू (चिन्तित (Worried) र स्वस्थ्य (Healthy)) र व्यक्तिगत (उत्तरदाता) स्तरको विश्लेषणमा दुई प्रश्नहरू (चिन्तित (Worried) र केही खाद्य पदार्थहरू (Few Foods)) लाई राखिएको थियो। उपलब्ध परिणामहरूलाई आवश्यकताअनुसार विभिन्न जनसंख्या र देशहरूसंग पनि तुलना गरिएको थियो।

## घरपरिवारमा खाद्य असुरक्षा अनुभव स्तर (FIES)

कार्यक्रममा कर्यान्वयन गरिने गाउँका ३०० घरपरिवारहरू मध्ये ४४ प्रतिशतले मध्यम वा गम्भीर खाद्य असुरक्षाको अनुभव गरेको पाइएको थियो भने १० प्रतिशतले गम्भीर खाद्य असुरक्षाको अनुभव गरेको पाइयो। जिल्लाहरूको तुलना गर्दा, मध्यम वा गम्भीर खाद्य असुरक्षाको हिसाबले ६ प्रतिशत बिन्दुले र गम्भीर खाद्य असुरक्षाको हिसाबले ११ प्रतिशत बिन्दुले सिराहाको तुलनामा सप्तरीमा उच्च खाद्य असुरक्षाको अनुभव गरेको पाईयो *(चित्र ३.१)*।

**चित्र ३.१**

**घरपरिवारमा खाद्य असुरक्षा अनुभव स्तर**




---

[१२] कृपया पूर्ण FIES प्रश्न/कथनहरुका लागि सर्वेक्षण प्रश्नावलीमा जानुहोस्।

*चित्र ३.२* ले सम्पादन नगरिएको (Raw Scores) अंक बढ्दै जाँदा खाद्य असुरक्षाको गम्भिरता पनि संगै बढेको देखाउँछ (Fit तथ्याङ्कमा आधारित दुई प्रश्नहरू बाहेक यो पद्धतिमा प्रयोग गरिएका छ वटा FIES प्रश्नहरूमा घरपरिवारले दिएको कुल “हो/छ” प्रतिक्रियाहरूको आधारमा)। प्रस्तुत चित्रबाट नजिकको दुई अंकहरूबीचको गम्भीरताको भिन्नता Raw score को ३ अंकसम्म घट्छ, र त्यसपछि बिस्तारै बढेको बुझ्न सकिन्छ। अर्को शब्दमा भन्नुपर्दा, गम्भिरता उच्च Raw score मा भन्दा मध्यममा बढि समान रहेको छ।

**चित्र ३.२**

**खाद्य असुरक्षाको गम्भीरता र असम्पादित अंकहरु**




आय समूहहरूबाट हेर्दा (गत महिनामा घरपरिवारको मासिक आयद्वारा मापन गरिएको), यो स्पष्ट देखिन्छ कि घरपरिवारको आय बढ्दै जाँदा मध्यम वा गम्भिर र गम्भिर खाद्य असुरक्षा घट्दै गएको देखिएको छ। पहिलाको खाद्य असुरक्षा स्तर (मध्यम वा गम्भिर) द्रुत गतिमा घट्दै जान्छ *(चित्र ३.३)*। त्यस्तै, चित्र ३.४ ले देखाएअनुसार खाद्य असुरक्षा, विशेष गरी गम्भिर खाद्य असुरक्षा, ठूलो आकारको घरपरिवारमा बढि रहेको देखिन्छ। घरपरिवारको खाद्यान्नमा खर्चको अनुपात (Food Expenditure Share) को सम्बन्धमा जाँच गर्दा, खाद्य असुरक्षाले खाद्यान्नमा खर्चको हिस्सा बढ्दै जाँदा घट्दो र बढ्दो मिश्रित प्रवृत्तिमा देखाएकोछ *(चित्र ३.५)*। यी तथ्याङ्कको आधारमा के तथ्य उजागर भएको छ भने, अधिकांश कम आय भएका घरपरिवारहरू (जसमा बढि खाद्य असुरक्षा छ) मा उच्च खाद्य असुरक्षाको अनुभव छ, जबकि उच्च आय भएका धेरै घरपरिवारहरू (जसमा कम खाद्य असुरक्षा छ) मा कम खाद्य असुरक्षाको अनुभव भएको छ। यसको अतिरिक्त, जोडी घरपरिवारहरू (पुरुष र महिला दुवै वयस्क रहेका) मा मध्यम वा गम्भीर खाद्य असुरक्षा थोरै बढि (सात प्रतिशत बिन्दुले) छ भने गम्भिर खाद्य असुरक्षा चाहिँ सामान्यतया एकल/महिला-घरमुलि भएका घरपरिवारहरू (कुनै वयस्क पुरुष नभएका) मा दुई प्रतिशत बिन्दुले उच्च छ *(चित्र ३.६)*। सानो नमूना आकार भएका कारण यी निष्कर्षहरू मध्ये केहीमा, अन्य कारकहरूका कारणले अस्पष्ट प्रवृत्तिहरू देखिएको हुन सक्ने कुरामा ध्यान पुऱ्याउनु जरुरी छ। अन्त्यमा, जातीयताको हिसाबले हेर्दा, अन्य मधेसी जात/जाति (मध्यम वा गम्भीर खाद्य असुरक्षा २९ प्रतिशत र गम्भीर खाद्य असुरक्षा ९ प्रतिशत) को तुलनामा दलित जातिमा (मध्यम वा गम्भीर खाद्य असुरक्षा ५४ प्रतिशत र गम्भीर खाद्य असुरक्षा १२ प्रतिशत) बढि रहेको पाईएको छ *(चित्र ३.७)*।

**चित्र ३.३**

## खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको आय




**चित्र ३.४**

## खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको आकार




**चित्र ३.५**

## खाद्य असुरक्षा अनुभव स्तर वि. खाद्य खपतको अनुपात




**चित्र ३.६**

## खाद्य असुरक्षा अनुभव स्तर वि. घरपरिवारको प्रकार




**चित्र ३.७**

## खाद्य असुरक्षा अनुभव स्तर, जातीयता अनुसार



## व्यक्तिगत स्तरमा खाद्य असुरक्षा अनुभव स्तर (FIES)

सर्वेक्षणमा सहभागी जम्मा ५०० जना (३०० महिला र २०० पुरुष) उत्तरदाताहरूमध्ये ४४ प्रतिशतमा मध्यम वा गम्भीर खाद्य असुरक्षा र ११ प्रतिशतमा गम्भीर खाद्य असुरक्षा रहेको पाइयो । यी नतिजाहरू घरपरिवार तहमा देखिएको परिणामहरूसँग धेरै मिल्दाजुल्दा रहेका छन् *(चित्र ३.८)* ।

**चित्र ३.८**

**व्यक्तिगत-स्तरमा खाद्य असुरक्षा अनुभवको स्तर, विभिन्न श्रेणी तथा जातीयता अनुसार**




मध्यम वा गम्भीर खाद्य असुरक्षाको हिसाबले, सप्तरीका व्यक्तिहरूले सिराहाका व्यक्तिहरूको तुलनामा पाँच प्रतिशत बिन्दुले र गम्भीर खाद्य असुरक्षाको सन्दर्भमा तेह्र प्रतिशत बिन्दुले उच्च खाद्य असुरक्षाको अनुभव गरेको पाईयो *(चित्र ३.८)* । महिलाहरूले पनि पुरुषसरह मध्यम वा गम्भीर खाद्य असुरक्षाको अनुभव गरेका छन् तर उच्च गम्भीर खाद्य असुरक्षा पुरुषमा भन्दा महिलामा बढि (महिलामा १५ प्रतिशत र पुरुषमा ६ प्रतिशत) देखिएको छ । त्यस्तै, जोडी घरपरिवारका पुरुष र महिला उत्तरदाताहरू (१० प्रतिशत) को तुलनामा एकल/महिला-घरमुलि भएका घरपरिवार का महिलाहरू (१६ प्रतिशत) मा उच्च गम्भीर खाद्य असुरक्षा छ ।

अन्तमा, आहार विविधताको बारेमा जानकारी लिईएका २३५ जना महिलाहरू मध्ये, बढि आहार विविधता भएका (अघिल्लो दिनमा पाँच वा बढि खाद्य समूहहरूको उपभोग गर्ने) महिलामा मध्यम वा गम्भीर खाद्य असुरक्षा कम रहेको तर गम्भीर खाद्य असुरक्षा भने उच्च रहेको पाईयो । यो अस्पष्ट र केही हदसम्म अनपेक्षित नतिजा, पाँच भन्दा बढि खाद्य समूहहरू उपभोग गर्ने महिलाहरूको निकै सानो अनुपात (१६ प्रतिशत) का लागि लागू हुन सक्छ, तर बहुमत (८४ प्रतिशत) ले भने पाँच भन्दा कम खाद्य समूहहरू मात्र उपभोग गर्ने गरेका छन् ।

# ४ कृषि उत्पादन नतिजाहरू

साना किसान कृषि बजार सहयोग (The Smallholder Agricultural Market Support, SAMS) मा, खेती गरिएको बाली र उपजमा केन्द्रित भई, विशेष गरी कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू र प्राथमिक उत्तरदाताहरूमा लागू गरिएको थियो । कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) मोड्युलमा प्रमुख अन्न बाली वा उच्च-मूल्यका नगदे बाली खेती लगाउने भन्ने बारेमा निर्णय लिने कार्यमा उनीहरूको संलग्नता रिपोर्ट गर्ने र जोडी घरपरिवार (Dual Household) का द्वितिय उत्तरदाताहरूको विश्लेषणका लागि भने, SAMS बाट संकलित तथ्याङ्कहरूलाई नै लिईएको थियो । सर्वेक्षणमा सहभागी ५०० उत्तरदाताहरूमध्ये, ४० प्रतिशत पुरुष तथा ४० प्रतिशत महिला जोडी घरपरिवारबाट र २० प्रतिशत एकल/महिला-घरमुलि भएका घरपरिवारका महिलाहरू रहेका थिए । विगत १२ महिनामा जोडी घरपरिवारका २६ प्रतिशत महिला र पुरुष उत्तरदाताहरू तथा एकल/महिला-घरमुलि भएका घरपरिवारका ९ प्रतिशत महिला उत्तरदाताहरू खेतीपातीमा संलग्न रहेको पाइयो *(चित्र ४.१)* ।

चित्र ४.१

**कृषकहरुको प्रोफाईल**




यसबाहेक, आधारभूत सर्वेक्षणले उत्तरदाताहरूमध्ये लगभग ३/५ भाग (६० प्रतिशत) सँग खेती वा खेतीको लागि आफ्नै जमिन रहेको देखाएको छ । महिला उत्तरदाताहरूको तुलनामा अलि बढि पुरुष

चित्र ४.२

**अन्तिम सिजनमा भूमि र खेती गरिएको जमिनको स्वामित्व**



उत्तरदाताहरूसंग खेतीको लागि जमिन रहेको पाईयो। विशेष गरी, जमिनको स्वामित्वका बारेमा हेर्दा प्रायः भाडामा लिएको (३८ प्रतिशत पुरुष र ३३ प्रतिशत महिलाले) पाईएको छ, जबकि २३ प्रतिशत पुरुष र २१ प्रतिशत महिलाले मात्र आफ्नै जमिनमा खेती गरिरहेका छन्। हाल ५७ प्रतिशतसँग मात्र खेतीका लागि जमिन भएतापनि, विगत १२ महिनामा ६१ प्रतिशत साना स्तरका कृषकहरू खेतीपातीमा संलग्न रहेको पाईयो *(चित्र ४.२)*।

सर्वेक्षण गरिएका क्षेत्रहरूमा सानास्तरका कृषकहरूसँग एक कट्ठा (०.०८३ एकड) देखि २.४० बिघा (चार एकड) सम्म गरि औषतमा १२.७९ कट्ठा (१.०६ एकड) जमिन रहेको छ। खेतीपातीमा संलग्न कृषक मध्ये ३५ प्रतिशत किसानले दुई प्रकारका बाली, २६ प्रतिशतले एक प्रकारको बाली र ११ प्रतिशतले तीन प्रकारका बाली लगाएका पाईयो। नेपालमा मुख्य बाली धान भएको हुँदा सबैभन्दा बढि धानकै उत्पादन हुनु अनौठो रहेन। खेतीपातीमा संलग्न घरपरिवारमध्ये सप्तरीका प्रायः सबै घरपरिवारले विगत १२ महिनामा धानकै खेती गरेका छन्। सिराहाका ७० प्रतिशत किसानले पहिलो धान र दोस्रो मुख्य बालीका रूपमा गहुँ लगाउने गरेको पाईयो। यसबाहेक सप्तरी र सिराहाका किसानले दाल, तेलहन, आलु र प्याजको खेती गरेको पाईएको छ। विशेष गरी, सप्तरीका किसानको तुलनामा सिराहाका किसानले गहुँ, दाल, तेलहन, आलु र प्याजको खेती उच्च अनुपातमा गरेका छन् *(तालिका ४.१)*।

**तालिका ४.१**

**गएको १२ महिनामा लगाईएका बालीहरू**

| बालीको प्रकार | सप्तरी | | | सिराहा | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| धान | १००% | ९९% | ९९% | ९१% | ९३% | ९२% |
| गहुँ | ५३% | ४८% | ५१% | ७३% | ६८% | ७०% |
| दाल | २१% | १७% | १८% | ६४% | ५७% | ६०% |
| आलु | ५% | ५% | ५% | ४६% | ४२% | ४४% |
| तेलहन | ४% | ५% | ५% | ३६% | २७% | ३१% |
| प्याज | ०% | १% | १% | २०% | २१% | २०% |
| कालो चना | ०% | ०% | ०% | १३% | ११% | १२% |
| मटर | ०% | ०% | ०% | ७% | ९% | ८% |
| मकै | ०% | ०% | ०% | २% | १% | १% |
| अन्य | ३% | २% | २% | ९% | ११% | १०% |

*तालिका ४.२* ले सामान्यतया उब्जिएका बालीहरूको उपजको तथ्यांक प्रस्तुत गर्दछ। धानको औषत उत्पादन प्रतिहेक्टर २.६३ मेट्रिक टन रहेको छ। त्यस्तै गहुँको औषत उत्पादन प्रतिहेक्टर १.२२ मेट्रिक टन रहेको छ। यसको अतिरिक्त, *तालिका ४.३* ले किसानहरूले सबैभन्दा बढि बिक्री गर्ने बालीहरू, धान र गहुँको बिक्रीको परिमाण र मूल्य देखाउँदछ। ३२ प्रतिशत किसानले मात्रै प्रतिकिलो २४.७६

रूपैयाँका दरले धान बिक्री गरेको र धान बिक्रीबाट प्रति सिजन१७, ४५१.११ रूपैयाँ औषत आम्दानी गरेको देखिन्छ। गहुँको सन्दर्भमा, १७ प्रतिशत मात्र किसानहरूले प्रति किलो औषत ३८.८८ रूपैयाँ मूल्यको दरले गहुँ बिक्रीबाट प्रति सिजन औषत आय ११,७३२.३५ रूपैयाँ कमाई गरेको पाईयो।

**तालिका ४.२**

### साना किसानको लिंग अनुसार प्रत्येक बालीको उब्जनी

| बाली | संख्या | टन/हेक्टरमा औषत उपज (पुरुष) | संख्या | टन/हेक्टरमा औषत उपज (महिला) |
|---|---|---|---|---|
| धान | १२३ | २.५७९ | १६४ | २.५९७ |
| गहुँ | ८० | १.१३ | ९८ | १.२१६ |
| दाल | ५२ | ०.२२९ | ५९ | ०.२४२ |
| आलु | ३० | ५.००३ | ३८ | ४.४०३ |
| तेलहन | २३ | ०.१८६ | २७ | ०.१८१ |
| प्याज | ११ | २.०८८ | १८ | २.२४३ |

**तालिका ४.३**

### बिक्रिको परिमाण र मूल्य

| बाली | संख्या | केजीको औषत मुल्य (पुरुष) | संख्या | केजीको औषत मुल्य (महिला) | जम्मा कमाई (पुरुष) | जम्मा कमाई (महिला) |
|---|---|---|---|---|---|---|
| धान | ४० | २३.६७५ | ५१ | २५.०० | १९,८९९.०० | १७,८२२.७५ |
| गहुँ | १४ | ३९.३५७ | १७ | ३८.८८ | १२,८५३.५७ | ११,७३२.३५ |

# ५ महिलाको न्युनतम आहार विविधता (MDD-W)

यस अध्ययनमा, सप्तरीका १२९ र सिराहाका १०६ गरी कुल २३५ महिलाको न्यूनतम आहार विविधता (MDD-W)का लागि समेटिएका थिए। प्रश्नावली विशेष गरी कार्यक्रम कार्यान्वयन गरिने गाउँका उत्तरदाताहरूलाई मात्र सोधिएको थियो। यस आधारभुत अध्ययनले महिलाको न्यूनतम आहार विविधता सूचकाँका लागि १० वटा फरक फरक खाद्यन्न समूहहरूको उपभोगमा ध्यान केन्द्रित गरिएको थियो। यसका लागि २४ घण्टामा खाएको आहारलाई संभिmन लगाएर जानकारी लिइएको थियो, र एक महिलाले पछिल्लो २४ घण्टामा १० मध्ये कम्तिमा पाँच वटा खानाहरू खाएको भएमा न्यूनतम आहार विविधता प्राप्त गरेको मानिएको थियो।

**तालिका ५.१**

**प्रजनन् उमेर समूहका महिलाका लागि एकिकृत न्युनतम आहार विविधता निर्धारण**

| महिलाका लागि न्युनतम आहार विविधतामा रहेका १० खाना समूह | | प्रश्नावलीमा भएको समूह/प्रकार/पंक्ति |
|---|---|---|
| १. | अन्न, बाली, र सेतो जरा र कन्दमुलहरू | अन्नबाट बनेको खाना |
| | | सेतो जराहरू र कन्दमुल र बिरुवाहरू |
| २. | दालहरू | दाल (सिमी, मटर, दाल) |
| ३. | बिज (Nuts) र बीउहरू | बिज (Nuts) र बीउहरू |
| ४. | दुग्धजन्य | दूध र दूधजन्य पदार्थ |
| ५. | मासु, कुखुरा र माछा | भित्री (आन्द्राभुडी) मासु |
| | | मासु र कुखुरा |
| | | माछा र समुद्री खाना |
| ६. | अण्डा | अण्डा |
| ७. | गाढा हरियो सागपात | हरियो सागपात |
| ८. | अन्य भिटामिन 'ए' युक्त फलफुल र तरकारी | अन्य भिटामिन 'ए' युक्त तरकारी, जरा र कन्दमुलहरू |
| | | भिटामिन 'ए' युक्त फलफूलहरू |
| ९. | अन्य तरकारी | अन्य तरकारी |
| १०. | अन्य फलफूलहरू | अन्य फलफूलहरू |

दुःखको कुरा, अध्ययनको निष्कर्षले १६ प्रतिशत मात्र महिलाहरूले सिफारिस गरिएको न्यूनतम आहार विविधता प्राप्त गर्न सक्षम भएको *चित्र ५.१* ले देखाउँदछ। सप्तरी र सिराहा दुबै जिल्लाका महिलाले न्यूनतम आहार विविधता प्राप्त गर्ने सन्दर्भमा कुनै भिन्नता देखिएको छैन। किनभने यी दुवै जिल्लामा समान, अर्थात १६ प्रतिशत महिला मात्र प्राप्त गर्न सक्षम रहेको देखिएको छ।

१८ देखि ४९ वर्ष उमेर समूहका अधिकांश महिलाहरूले तीन वटा खाद्य समूह (३१ प्रतिशतले), त्यसपछि दुई वटा खाद्य समूह (२९ प्रतिशतले), चार वटा खाद्य समूह (२१ प्रतिशतले) र पाँच वटा खाद्य समूह (११ प्रतिशतले) बाट खाना खाने गरेको पाईयो *(चित्र ५.२)*। यसबाहेक, सबै महिलाहरूले आफ्नो आहारामा अन्न, बिरुवा, र जरा र कन्दमूल समावेश गरेको पाईयो, भने ७३ प्रतिशतले दालजन्य र ४५ प्रतिशतले हरियो सागसब्जी खाने गरेको देखियो। यसबाहेक, २६ प्रतिशतले मात्र अन्य तरकारी खाने गरेकाछन्। २३ प्रतिशतले दुध तथा दुधजन्य उत्पादनको उपभोग गर्ने गरेका छन्। २० प्रतिशतले माछा, मासु, कुखुरा खान्छन्। २० प्रतिशतले भिटामिन 'ए' युक्त फलफूल र तरकारी खान्छन्। थोरैले मात्र, लगभग पाँच प्रतिशतले बिज (Nuts) र बीउ, अण्डा र अन्य फलफूलहरूको उपभोग गरेको पाईयो *(चित्र ५.३)*।

**चित्र ५.१**

**पाँचभन्दा बढि समूहको खाना खाने ग्रामिण महिलाको प्रतिशत**




**चित्र ५.२**

**खाद्य समूहको उपभोग प्रतिशत**




**चित्र ५.३**

**खाद्यान्नका प्रकार अनुसार महिलाले गर्ने उपभोगको प्रतिशत**




न्यूनतम आहार विविधता सूचकलाई घरपरिवारको आकार, प्रकार, जातीयता, खाद्यान्न असुरक्षा अनुभव स्तर र खाद्यान्न खपतको अनुपातका आधारमा छुट्याएर हेरीएको छ। न्यूनतम आहार विविधताका यी चरहरूमा आधारित उपलब्धिहरूमा निकै न्यून भिन्नता देखिएको छ। *(चित्र ५.४)* पाँच वा सोभन्दा बढि खाद्य समूहको उपभोग गर्ने महिलाको संख्या, घरपरिवारको आकार बढेसँगै न्यूनतम आहार विविधता सात प्रतिशत बिन्दुले घट्दै गएको तथ्याङ्कले देखाएको छ। त्यस्तै दलित महिला (१२ प्रतिशत) को तुलनामा अन्य मधेसी जात/जातिका (२२ प्रतिशत) महिलाले न्यूनतम आहार विविधता प्राप्त गरेका छन्। साथै, मध्यमदेखि गम्भिर खाद्य असुरक्षा भएका र खाद्य असुरक्षा नभएका महिलाहरूबीचमा ६ प्रतिशतको भिन्नता छ।

**चित्र ५.४**

**> = पाँच खाद्य समूहहरू, घरपरिवारको आकार, प्रकार, जातीयता, FIES र FES अनुसार**



# ६ घरपरिवारको खाद्यान्न खपतको अंश (HFES)

घरपरिवार खाद्यान्न खपतको अंश (FES) भनेको कुनै घरपरिवारको आर्थिक जोखिम मापन गर्न प्रयोग गरिने एउटा सूचक हो । जब घरपरिवारको उपभोग खपतको उच्च अनुपात (उनीहरूको कुल उपभोग खर्चको) खानामा गरिन्छ, तब उक्त घरपरिवारमा खाद्य असुरक्षाको जोखिम पनि उच्च हुन्छ ।[१३] यस सर्वेक्षणमा घरपरिवारहरूको उपभोग खपतको तथ्याङ्क, तीनवटा उप-मोड्युलहरू; पहिलो, खाद्यान्न उप-मोड्युल (७ दिनको स्मरण), दोश्रो, गैर-खाद्यान्न उप-मोड्युल (३० दिनको स्मरण) र तेश्रो, गैर-खाद्यान्न उप-मोड्युल (६ महिनाको स्मरण) मार्फत संकलन गरिएको थियो । गैर-खाद्यान्न उप-मोड्युल, ३० दिन को स्मरणको प्रयोगबाटयातायात, ईन्धन, पानी आपूर्ति, बिजुली, आदि जस्ता सेवाहरू कहिलेकाहीँ तर नियमितरूपमा गरिने खरीदको बारेमा जानकारी संकलन गरिएको थियो । त्यसैगरी गैर-खाद्यान्न उप-मोड्युल अर्न्तगत नै ६ महिनाको संस्मरणमा आधारित भएर, लुगाफाटा, जुत्ताचप्पल, भान्साका उपकरण, स्वास्थ्य सेवा आदि जस्ता कम बारम्बार र कहिलेकाहीं मात्र खरिद हुने बस्तु तथा सेवाका बारेमा जानकारी सङ्कलन गरिएको थियो । कुल खाद्यान्न खपतमा भएको खर्चलाई कुल घरेलू खर्चले भाग गरेर घरपरिवारको खाद्यन्न खपत (FES) सूचक निकालिएको छ । विश्‍व खाद्य कार्यक्रम (WFP) द्वारा प्रदान गरिएको निर्देशिकाको प्रयोग गरि घरपरिवारको खाद्यन्न खपत सूचकको निर्माण गरिएको थियो ।[१४] घरपरिवारले खाद्यान्नमा गर्ने खर्चको आधारमा घरपविारलाई चार श्रेणी : क)घरपरिवारको कुल खर्चको ५० प्रतिशतभन्दा कम खर्च गर्ने, ख) ५० प्रतिशतदेखि ६४ प्रतिशत खर्च गर्ने, ग) ६५ देखि ७४ प्रतिशत खर्च गर्ने र ७५ प्रतिशतभन्दा बढि रकम खर्च गर्ने भनि बर्गीकरण गरिएको छ । आफ्नो मासिक बजेटको ६५ प्रतिशतभन्दा बढि खाद्यान्नमा खर्च गर्ने घरपरिवारहरूलाई आर्थिक रूपले जोखियुक्तमानिएको छ ।

कार्यक्रम कार्यान्वयन गरिने गाउँका घरपरिवारहरूमध्ये ३६ प्रतिशतले आफ्नो घरको आम्दानीको ७५ प्रतिशतभन्दा बढि प्रतिशत खाद्यान्नमा खर्च गर्ने गरेको अध्ययनले देखाएको छ । सप्तरी जिल्लामा सबैभन्दा बढि (४६ प्रतिशत) घरपरिवारले आफ्नो आयको ७५ प्रतिशतभन्दा बढि खाद्यान्नमा खर्च गरेका छन् । ५९ प्रतिशत घरपरिवारले आफ्नो आम्दानीको ६५ प्रतिशत वा सोभन्दा बढि रकम खाद्यान्न खर्चका लागि छुट्याएको अध्ययनले देखाएको छ । विशेष गरी, सिराहा (५१ प्रतिशत) को तुलनामा सप्तरीमा अधिक घरपरिवार (६७ प्रतिशत) ले आयको बढि अंश खाद्यन्नमा खर्च गरेको *(चित्र ६.१)* देखियो ।

**चित्र ६.१**

**खाद्यन्न खपतको अनुपात प्रतिशत**




[१३] Food Expenditure Share. https://resources.vam.wfp.org/data-analysis/quantitative/food-security/food-expenditure-share

[१४] https://resources.vam.wfp.org/data-analysis/quantitative/food-security/technical-guidance-for-the-consolidated-approach-for-reporting-indicators-of-food-security-cari

## घरपरिवार, जातीयता र घरपरिवारको आयका आधारमा खाद्यान्न खपतको अनुपात (FES)

खानामा ६५ प्रतिशतभन्दा बढि वा सो भन्दा बढि खर्च गर्ने घरपरिवारको अनुपात जोडी र एकल/महिला-घरमुलि भएका घरपरिवार बिचमा खासै फरक देखिएन। जोडी र एकल/महिला-घरमुलि रहेका दुवै घरपरिवारको लगभग ३/५ भागले खाद्यान्नमा आफ्नो बजेटको ६५ प्रतिशतभन्दा बढि वा बराबर खर्च गर्ने गरेको पाइएको छ। तर, जातीयताका आधारमा विभाजन गर्दा अन्य मधेसी जात/जाति (४८ प्रतिशत) को तुलनामा दलित जाती (६६ प्रतिशत) ले आफ्नो बजेटको ६५ प्रतिशतभन्दा बढि खाद्यान्नमा खर्च गर्ने सम्भावना धेरै रहेछ *(चित्र ६.२)*। त्यसैगरी, कम मासिक आय भएका घरपरिवार (६९ प्रतिशत) हरूले आफ्नो आयको ठूलो हिस्सा खाना खर्चमा गरेका छन् र आफ्नो आयको ६५ प्रतिशत वा सोभन्दा बढि खाद्यान्नमा खर्च भएको देखियो। अर्कोतर्फ, उच्च आय भएका घरपरिवारहरूले आफ्नो आयको अनुपातमा सानो अंशमात्र (२७ प्रतिशत) खाना खर्चमा छुट्याउने गरेको पाईयो *(चित्र ६.३)*।

**चित्र ६.२**

**FES >=६५% बि. घरपरिवारको आय**




यस अध्ययनले खानामा हुने खर्चको अनुपात र घरपरिवारको कुल मासिक आयबीच नकारात्मक सम्बन्ध रहेको देखाएको छ। घरपरिवारको मासिक आम्दानी बढ्दै जाँदा खाद्यान्नमा खर्च हुने आम्दानीको अनुपात घट्दै गएको छ। यसको विपरीत, घरपरिवारको मासिक आय घट्दै जाँदा, खानामा हुने अनुपात बढ्दै जाने गरेको देखियो। आय र खाद्यान्न खपतबीचको बलियो सम्बन्धलाई सङ्केत गर्ने यस अर्न्तसम्बन्ध तथ्याङ्कीय रूपमा निकै महत्त्वपूर्ण छ।

**चित्र ६.३**

**FES >=६५%, घरपरिवारको प्रकार अनुसार**




**चित्र ६.४**

**FES >=६५%, जातीयता अनुसार**



# ७ गैर-कृषि रोजगारी र व्यवसायिक गतिविधिहरू

यस अध्ययनमा सहभागीहरूको गैर-कृषिमा संलग्नताको बारेमा र उनीहरूले यस्ता गतिविधिहरूबाट आर्जन गरेको आयको आंकलन गर्न गैर-कृषिजन्य रोजगार र व्यवसायिक गतिविधि मोड्युल प्रयोग गरिएको थियो । यो मोड्युल विशेष गरी कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका उत्तरदाताहरूका लागि लागू गरिएको थियो ।

यस सर्वेक्षणका सहभागीहरू मध्ये ३२ प्रतिशत मात्र हाल गैर-कृषि रोजगारमा संलग्न रहेको देखिएको छ *(चित्र ७.१)* । विशेष गरी, यसमा महिलाहरू (३ प्रतिशत) को तुलनामा पुरुषहरूको संलग्नता उच्च (२९ प्रतिशत) रहेको छ । सिराहाका पुरुषको (२५ प्रतिशत) तुलनामा सप्तरीका पुरुष (३३ प्रतिशत) हरू यस्ता गतिविधिमा बढी संलग्न रहेका छन् । यसबाहेक, उत्तरदाताहरू मध्ये, १३ जना पहिले देखिनै एक व्यवसायमा कार्यरत भएता पनि दोस्रोमा पनि संलग्न रहेको कुरा उल्लेख्य रहेको छ (तर यस तथ्याङ्को निश्चित विवरण यहाँ प्रस्तुत गरिएको छैन) । ज्यालादारी रोजगारमा संलग्न मध्ये अधिकांश (६७ प्रतिशत) मानिसहरू गैर-कृषि ज्यालादारीमा काम गर्ने र २० प्रतिशत चाहिँ निर्माण कार्यमा संलग्न रहेको पाइयो । यसबाहेक, गैर-कृषि रोजगारबाट औषत वार्षिक आय महिलाहरूको तुलनामा पुरुषहरूको दोब्बर भन्दा बढि भएको तथ्याङ्ले देखाउँदछ । विशेष गरी, पुरुषहरूको वार्षिक औषत आय ९३,९५१.३८ रूपैयाँ रहेको छ भने महिलाहरूको जम्मा ३९,८०६.६७ रूपैयाँ रहेको पाईयो । यस बाहेक, दुई प्रतिशत पुरुष र महिला स्वरोजगारमा पनि संलग्न रहेको पाइएको छ । उनीहरूले आफ्नै पसलहरू सञ्चालन गरेका थिए, खुद्रा व्यापार वा खाद्यन्न र पेय सामाग्रीहरू राखेका छन् । तीमध्ये दुईजना आफ्नै दोस्रो व्यवसायमा संलग्न रहेको पनि पाइएको छ । उनीहरूको पहिलो व्यवसायबाट प्रति महिना औषत ८,०८८.२४ रूपैयाँ मुनाफा गरेका छन् । पुरुषहरूको प्रति महिना ८,६११.११ रूपैयाँ र महिलाहरूको प्रति महिना ७,५०० रूपैयाँ मुनाफा हुने गरेको पाईयो (यस तथ्याङ्को विस्तृत विवरण भने यहाँ प्रस्तुत गरिएको छैन) ।

**चित्र ७.१**

**गैर-कृषि रोजगारीमा संलग्नता, लिंग अनुसार**




**चित्र ७.२**

**गैर-कृषि रोजगारीको प्रकार**



# ८ जलवायु क्षमता अंक (CCS) नतिजा

जलवायु क्षमता अंक (Climate Capacity Score) ले जलवायुसँग सम्बन्धित आघात र जोखिमहरूको प्रभावलाई व्यवस्थापन र न्यूनीकरण गर्न समुदायको क्षमता कस्तो छ भन्ने कुराको परिक्षण गर्दछ । यस सूचकले निम्नानुसारका पाँच विषयगत क्षेत्रहरूको परीक्षण गर्दछ: (क) जलवायु/मौसम सम्बन्धी जानकारीमा पहुँच; (ख) जलवायु अनुकूलित जीविकोपार्जनका अभ्यासहरूको प्रयोग; (ग) जलवायु सम्बन्धी आघातहरूबाट समुदायको रक्षा गर्ने जलवायु-उत्थानशील सम्पत्तिहरू; (घ) जोखिम स्थानान्तरण संयन्त्र (लघु बीमा) मा पहुँच; र (ङ) आकस्मिक वित्तीय सहयोग संयन्त्रमा पहुँच । अध्यनका लागि छानिएका प्रत्येक समुदायलाई ० देखि १५ सम्मको ऋऋक अंक दिइएको थियो । यो अंक गणनाका लागि, पाँच विषयगत प्रश्नहरूको उत्तर सङ्कलन गर्नका लागि कुल १९ उप-प्रश्नहरू ;मावेश गरिएका थिए । प्रत्येक विषयवस्तुका लागि उप-प्रश्नहरूमा “हो” (Yes), “होइन” (No), वा “लागू नहुने” (NA) प्रतिक्रियाहरू आउनु आवश्यक पर्दथ्यो । “हो” प्रतिक्रियाले १ अंक, “होइन” लाई ० र “NA” लाई लागू नहुने जनाउँथ्यो । CCS पद्धति को अनुसरण गर्दै प्रत्येक समुदायका लागि पाँच विषयगत क्षेत्रहरूको प्रत्येक ० देखि ३ सम्म अंकका गरि अधिकतम कुल अंक ५×३ = १५ कायम गरिएको थियो । ५ भन्दा कम आएकाको कुल अंक लाई “कम अंक” (Low CCS) को रूपमा, ५ भन्दा बढि र १० भन्दा कम अंकलाई “मध्यम अंक” (Medium CCS) र १० वा सो भन्दा माथिको अंकलाई “उच्च अंक” (High CCS) को रूपमा वर्गीकृत गरिएको थियो ।

चित्र ८.१

**जलवायु क्षमता अंक (CCS)**




आधारभूत अध्ययनको क्रममा, कुल दस (१०) समुदाय (प्रत्येक जिल्लाबाट तीन कार्यक्रम कार्यान्वयन गरिने र दुई कार्यान्वयन नगरिने गाउँहरू र प्रत्येक गाउँबाट एक समुदाय) हरूमा जलवायु क्षमता अंक परीक्षण गरिएको थियो । सिराहाका १० समुदायहरूमा कर्जन्हा नगरपालिकाको पहिलाको गौतडी गाविस वडा नं. ८ र खोला टोल, सखुवानन्कारकट्टी गाउँपालिकाको पहिलाको इटहर्वा गाविस वडा नं. ४ र पटना टोल तथा लक्ष्मीपुर पतारी गाउँपालिकाको पोखरबिन्डा/पर्सा टोल रहेका छन् । सप्तरीका, छिन्नमस्ता गाउँपालिकाको मुसहर टोल, खत्वे टोल, मुस्लिम टोल र पहिलाको कोचभकारी गाविस वडा नं. ९ तथा तिलाठीकोइलाडी गाउँपालिकाको रोय टोल रहेका छन् । प्रत्येक समुदायमा, दुई स्थानीय समुदायका नेताहरू वा जानकार व्यक्तिहरूलाई प्रश्नावली सोधिएको थियो । सप्तरीमा समग्र अंक (CCS) २.६ छ भने सिराहामा ३.७ रहेको छ, जसले गर्दा दुवै जिल्ला “कम अंक”को श्रेणीमा परेका छन् । जिल्ला भित्रको कार्यक्रमको अवस्थालाई विचार गर्दा सप्तरीमा कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समुदायमा पनि केही हदसम्म त्यस्तै देखियो । तर सिराहामा कार्यक्रम कार्यान्वयन गरिने समुदायहरू (४.० अंक) मा कार्यक्रम कार्यान्वयन नगरिने समुदायहरू (३.२५ अंक) को तुलनामा अलि राम्रो स्थिति देखाएको छ *(चित्र ८.१)*।

**चित्र ८.२**

**जलवायु क्षमता अंक बर्गीकरण**




*चित्र ८.२* ले जिल्ला र कार्यक्रम कार्यान्वयन गरिने गाउँको अवस्था अनुसार जलवायु क्षमता अंक श्रेणीहरू प्रस्तुत गर्दछ। सप्तरीका पाँचवटै समुदायमा कम अंक देखिएको छ भने सिराहाका कार्यक्रम कार्यान्वयन नगरिने एक चौथाइ समुदायमा मध्यम, करिब १७ प्रतिशतमा मध्यम र उच्च, र कार्यक्रम कार्यान्वयन गरिने समुदायमा करिब एक तिहाइमा कम अंक रहेको पाइएको छ।

*चित्र ८.३* मा प्रस्तुत मानचित्रले दुई जिल्लामा विशिष्ट जलवायु क्षमता अंकका चरहरूको योगदान/गम्भीरतालाई देखाउँछ। जसले मौसम सूचकांकको लागि समुदायहरूको अंक सबैभन्दा कम रहेको संकेत देखाएको छ, त्यसपछि क्रमश आकस्मिक कोष र जलवायु सेवाहरू। तर जलवायु-उत्थानशील अभ्यासहरू र जलवायु-उत्थानशील सामग्रीहरूको सन्दर्भमा भने केही राम्रो देखिएको छ। नमूना आकार सानो भएका कारण, यहाँ प्रस्तुत गरिएका निष्कर्षहरूलाई सांकेतिक रूपमा लिएर तिनीहरूको सावधानीपूर्वक व्याख्या गरिनुपर्दछ।

**चित्र ८.३**

**जलवायु क्षमता अंकका तत्वहरु**



# १ कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro-WEAI) का नतिजाहरू

माथि उल्लेख गरिएझैं, कृषि सूचकांकमा महिला सशक्तीकरणको मापन गर्न र बुझ्नको लागि बनाईएको एक उपकरण हो, Pro-WEAI । यसले महिला सशक्तीकरणका विभिन्न आयामहरूको अध्ययन गर्दछ, जस्तै निर्णय गर्ने शक्ति, स्रोतहरू माथिको नियन्त्रण, आयमा पहुँच र नियन्त्रण, नेतृत्व र समयको उपयोग आदि । Pro-WEAI मा १२ वटा सूचकहरू छन्, जुन तीनवटा सशक्तिकरणका क्षेत्रहरूमा मापन गरिएको छ : क) आन्तरिक शक्ति (Intransic Agency-Power Within), ख) महत्त्वपूर्ण शक्ति (Instrumental Agency -Power To) र, ग) सामूहिक शक्ति (Collective Agency- Power With) ।

कृषि सूचकांकमा महिला सशक्तीकरण पद्धतिको अनुसरण गर्दै, प्रत्येक व्यक्तिको एक विशिष्ट सूचकका लागि पर्याप्तता अथवा अपर्याप्तताको स्थितिलाई एक बिशेष दायरा (Threshold) को आधार बनाएर सबैभन्दा पहिले १ (अपर्याप्त) वा ० (पर्याप्त) मा टिपोट गरिएको थियो । त्यसपछि, प्रत्येक व्यक्तिका लागि अपर्याप्तता अंक (० र १ को बीचमा मापन गरिएको) लाई सबै सूचकहरूमा व्यक्तिको अपर्याप्तताको अवस्थासंग जोडेर गणना गरिएको थियो, प्रत्येकलाई उनीहरूको सम्बन्धित भार (१/१२) द्वारा गुणा गरिएको थियो ।[१५] विश्लेषणमा प्रयोग गरिएको असशक्तीकरण दायरा (Disempowerment cut-off) २५ प्रतिशत भन्दा बढि अंक प्राप्त गरेमा कुनै पनि व्यक्तिलाई असशक्त (Disempowered) मा गणना गरिएको थियो । यसको अर्थ यो हो कि यदि कुनै व्यक्ति १२ वटा सूचकहरू मध्ये तीनवटा भन्दा बढि सूचकाकंमा अपर्याप्त देखियो भने सो व्यक्तिलाई असशक्त रहेको मानिएको थियो । पद्धतिका दुई प्रमुख उप-सूचकांकहरू - १. सशक्तीकरणका तीन क्षेत्रहरू (3DE) र २. लैङ्गिक समानता सूचकांक (GPI) र अन्य आवश्यक जानकारीहरूको पनि प्रयोग गरेर अपर्याप्तता अंकको गणना गरिएको थियो । यी मध्ये, पहिलो उप-सूचकांक (3DE) ले नमूनाहरूको सशक्तीकरणको सीमा हेर्ने गर्दछ र यसलाई ० र १ को बीचमा मापन गर्दछ । १ को नजिकको अंकले अधिक सशक्तीकरणलाई संकेत गर्दछ र ० को नजिकको अंकले कम सशक्तीकरणलाई देखाउँदछ । दोस्रो उप-सूचकांक (GPI), लाई घरेलु स्तरमा मात्र गणना गर्न सकिन्छ (3DE जसरी व्यक्तिगत स्तरमा होईन), यसले नमूना जनसंख्यामा सशक्तीकरणका दुई पक्षहरू: (क) लैंगिक समानता प्राप्तगर्ने घरपरिवारहरूको अनुपात (जहाँ महिलाहरू सशक्त छन् वा Pro-WEAI द्वारा संकलन गरिएका तीन सशक्तिकरणका क्षेत्रहरूमा महिलाका उपलब्धिहरू घरका पुरुषहरूको जत्तिकै उच्च छन् वा छैनन्) र, (ख) लैङ्गिक समानता नभएका घरपरिवारहरूबीचको औषत सशक्तीकरण अन्तर कस्तो रहेको छ सोको मापन गर्दछ । लैङ्गिक समानता सूचकांक (GPI) भनेको एउटा यस्तो मिश्रित सूचकांक हो जसले नमूनामा लैंगिक समानताको सीमा (व्यापकता) र गहनता (गहिराई) देखाउँछ । सशक्तीकरणका तीन क्षेत्रहरू (3DE) जस्तै, लैङ्गिक समानता सूचकांक (GPI) पनि ० र १ को बीचमा मापन गरिन्छ, जसमा १ ले पूर्ण समानता (सबै घरपरिवारहरूमा समानता रहेको) र ० ले पूर्ण असमानता (कुनै पनि घरपरिवारमा समानता नभएको) लाई बुझाउँछ । अर्को शब्दमा भन्ने हो भने, लैङ्गिक समानता सूचकांक (GPI) अंक १ को जति नजिक छ, घरपरिवारभित्र लैङ्गिक सशक्तीकरणको अन्तर त्यति नै

[१५] प्रत्येक सूचकमा देखिएको सशक्तताको स्तर मापन गर्न सकिन्छ । प्रत्येक सूचकको लागि, उपलब्धिको स्तर एक निश्चित दायरा (Adequacy cut -off) भन्दा माथि छ भने सो व्यक्ति सशक्त भएको मानिन्छ ।

कम हुन्छ। सशक्तीकरणका तीन क्षेत्रहरू (3DE) अंकबाट ९० प्रतिशत र लैङ्गिक समानता सूचकांक (GPI) अंकबाट १० प्रतिशतको आधारमा तुलना गरिएको औषतको रूपमा अन्तिम कृषि सूचकांकमा महिला सशक्तीकरणको अंक निकालिएकोछ (Pro-WEAI = ०.९* 3DE + ०.१* GPI)। यो अंक पनि ० देखि १ सम्मनै हुन्छ; उच्च अंकहरूले अधिक सशक्तीकरणलाई दर्शाउँछ।[16]

महिलाहरूको नमूना, जोडी र एकल/महिला-घरमुलि भएका घरपरिवार गरि दुबै घरपरिवारहरूबाट लिईएको छ जबकि पुरुषहरूको नमूना केवल जोडी घरपरिवारहरूबाट लिईएको छ। यसकारण सबै परिणामहरूमा महिला र पुरुषहरूको तुलना गर्दा सावधानीपूर्वक (यस खण्डमा उनीहरूलाई समेत राखि) गर्नु आवश्यक छ। एकल/महिला-घरमुलि रहेका घरपरिवारमा कुनै वयस्क पुरुषहरू नहुने हुँदा, यी घरपरिवारका महिलाहरू जोडी घरपरिवारका भन्दा बढि सशक्त (विशेष गरी निर्णय लिने सन्दर्भमा) हुने सम्भावना बढि हुन्छ। *तालिका ९.१* (*चित्र ९.१* मा संक्षेपमा दिइएको) मा १२ वटा कृषि सूचकांकमा महिला सशक्तीकरणका सूचकहरू मध्ये प्रत्येकमा अपर्याप्त रहेका महिला र पुरुषहरूको संख्यालाई प्रस्तुत गरिएको छ। यदि कुनै व्यक्ति एउटा सूचकमा मात्रै अलग्गै तोकिएको निश्चित मापदण्डको आधारमा पर्याप्त रहेको पाईएमा सो व्यक्ति उक्त सूचकमा सशक्त भएको मानिन्छ। प्यानल ए ले देखाएअनुसार, सामुहिक शक्तिमा सदस्यता (प्रभावशाली समूहको सदस्यता र समूहको सदस्यता) को सन्दर्भमा महिलाहरू कम सशक्त हुने सम्भावना छ। यसमा सप्तरीमा २० देखि ३० प्रतिशत महिला मात्र सशक्त रहेको र कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा अलि बढि र सिराहाको कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा कम देखियो। त्यस्तै, महत्त्वपुर्ण शक्ति (कार्य सन्तुलन र गतिशीलता, अर्थात् महत्त्वपूर्ण स्थानहरू भ्रमण गर्ने क्षमता) र आन्तरिक शक्ति (आयमा स्वायत्तता र घनिष्ठ साथीद्वारा हुने हिंसाप्रति दृष्टिकोण) मा दोश्रो कम संख्यामा महिलाहरू सशक्त देखिए। तर कार्यक्रम कार्यान्वयन नगरिने र कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू र जिल्लाहरू बीचमा केही भिन्नताहरू देखिएका छन्। उदाहरणका लागि, सप्तरीका २० प्रतिशत र सिराहाका ३६ प्रतिशत महिला मात्र "घरपरिवारका सदस्यबीचमा सम्मान" सूचकमा सशक्त छन् तर कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा यो प्रतिशत धेरै (६३ देखि ९२ प्रतिशत) रहेको देखियो। अन्य सूचकहरूको तुलनामा, उत्पादनशील निर्णयहरूमा संलग्नता, भूमि र अन्य सम्पत्तिहरूको स्वामित्व, र वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरू मा महिलाहरू उच्च प्रतिशतमा सशक्त रहेको देखिएको छ।

**तालिका ९.१**

**पर्याप्तता प्रतिशत, क्षेत्र तथा सूचक, क्षेत्रीय र कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने समूह अनुसार**

| | | सप्तरी | | सिराहा | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| **अ. कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू** | | (१) | .(२) | (३) | (४) |
| *आन्तरिक शक्ति* | आयमा स्वायत्तता | ५५% | ७१% | ६९% | ५८% |
| | स्वयममा प्रभावकारीता | ८८% | ७६% | ५५% | ६६% |
| | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रति दृष्टिकोण | ६४% | ७७% | ६१% | ७५% |
| | घरपरिवारका सदस्यहरूबीचमा सम्मान | ९२% | ७८% | ६३% | ९५% |

[16] यसलाई प्रतिशतको रुपमा व्याख्या गरिनुहुँदैन।

| | | | | | |
|---|---|---|---|---|---|
| *महत्त्वपूण शक्ति* | उत्पादनशिल निर्णयहरूमा संलग्नता | ९०% | ९६% | ८७% | ९३% |
| | जमिन र अन्य सम्पत्तिको स्वामित्व | ८1% | ९५% | ९४% | ८८% |
| | वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरू | ८७% | ७९% | ७८% | ७1% |
| | आयको उपयोगमा नियन्त्रण | ८७% | ७०% | ७०% | ९०% |
| | कार्य सन्तुलन | ६०% | ७९% | ६८% | ७८% |
| | महत्त्वपूर्ण स्थानहरूको भ्रमण | ५९% | ६९% | ४२% | ६४% |
| *सामुहिक शक्ति* | समूह सदस्यता | ३1% | ४०% | 1७% | २८% |
| | प्रभावशाली समूहहरूमा सदस्यता | ३०% | ३९% | 1५% | २८% |
| | **अवलोकन** | 1५० | 1०० | 1५० | 1०० |
| **आ.कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू** | | | | | |
| *आधारभुत निकाय* | आयमा स्वायत्तता | ६४% | ९९% | ८०% | ४८% |
| | स्वयममा प्रभावकारीता | ६३% | ८३% | ६७% | ९९% |
| | घनिष्ठ साथीद्वारा हुने हिंसाप्रति दृष्टिकोण | ३०% | ७९% | ८९% | ८४% |
| | घरपरिवारका सदस्यहरूबीच सम्मान | २०% | ८२% | ३६% | ८८% |
| *यान्त्रिक निकाय* | उत्पादक निर्णयहरूमा संलग्नता | ९७% | ९०% | ८५% | ९९% |
| | जमिन र अन्य सम्पत्तिको स्वामित्व | ९८% | ९९% | ९1% | ९७% |
| | वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरू | ८६% | ९1% | ८७% | ७1% |
| | आयको उपयोगमा नियन्त्रण | ९५% | ८६% | ६२% | ९९% |
| | कार्य सन्तुलन | ५५% | ७२% | ५६% | ६७% |
| | महत्त्वपूर्ण स्थानहरूको भ्रमण | ५७% | ७६% | ६९% | ६८% |
| *सामुहिक निकाय* | समूह सदस्यता | २1% | ५४% | ३६% | ३६% |
| | प्रभावशाली समूहहरूमा सदस्यता | २०% | ५२% | २८% | ३३% |
| | **अवलोकन** | 1५० | 1०० | 1५० | 1०० |

यद्यपी, संख्या थोरै बढि भएता पनि (२८ देखि ५४ प्रतिशत), महिलाहरूको जस्तै, पुरुषहरू पनि सामूहिक निकायहरूमा सशक्त हुने सम्भावना कम देखिएको छ। अर्कोतर्फ, उत्पादनशील निर्णयहरूमा संलग्नतामा (सप्तरीका कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू बाहेक) र भूमि र अन्य सम्पत्तिहरूको स्वामित्वमा (सिराहाका कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू बाहेक) बढि पुरुषहरू सशक्त रहेकाछन्। जहाँसम्म आम्दानीको प्रयोगमा नियन्त्रणको सन्दर्भ छ, सप्तरीमा महिलाको तुलनामा पुरुषहरू कम सशक्त पाईएका छन् र सिराहामा भने यसको ठीक विपरित देखिएको छ।

## ९.१ कृषि सूचकांकमा महिला सशक्तीकरण (Pro- WEAI) र लैङ्गिक समानता सूचकांक (GPI)

तालिका ९.३ मा अध्ययनमा सर्वेक्षण गरिएका १,००० व्यक्तिहरूको कृषि सूचकांकमा महिला सशक्तीकरण परिणामलाई लिङ्ग, जिल्ला र कार्यक्रम कार्यान्वयन अवस्थाअनुसार छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

समग्रमा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै गाउँहरूमा पुरुषहरूको तुलनामा महिलाहरूमा, सशक्तीकरणका तीन आयामहरू (3 DE) आन्तरिक शक्ति, महत्त्वपुर्ण शक्ति र सामुहिक शक्ति० मा अंक धेरै कम छ । यो भिन्नता कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा अझ बढि छ । कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा, 3 DE अंक महिलाहरूको लागि ०.६४ र पुरुषहरूको लागि ०.७१ छ, र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ०.६२ र ०.७७ छ । सप्तरीका कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा महिला र पुरुषबीचको अन्तर ०.०३ अंक छ भने सप्तरीका कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ०.२१ अंकसम्म छ । अर्कोतर्फ, सिराहाका कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा महिला र पुरुषबीचको 3 DE अंकको अन्तर लगभग समान (०.०८ र ०.०९ अंक) जस्तै छ ।

सशक्तीकरण प्राप्त गर्ने महिलाको अनुपात पुरुषको तुलनामा कम छ । यसको अंक कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा २२ प्रतिशत र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा २० प्रतिशत छ, जबकि पुरुषहरूको क्रमशः ३३ प्रतिशत र ४१ प्रतिशत छ । सशक्त पुरुष र महिला बीचको अन्तर सिराहाका कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा पाँच प्रतिशत बिन्दु देखि सप्तरीका कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ३८ प्रतिशत बिन्दुसम्म छ भने सप्तरी र सिराहा जिल्लाका कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा क्रमशः ८ देखि १३ प्रतिशत बिन्दुको बीचमा रहेको छ । अपेक्षाअनुरुप, असशक्त भएका (Disempowered) हरूको लागि औषत 3DE अंक कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू, दुवै जिल्ला र लिङ्गहरूमा सम्बन्धित 3DE अंकभन्दा कम रहेको छ ।

लैङ्गिक समानता सूचकांक को सन्दर्भमा, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूको तुलनामा कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा पुरुषहरू भन्दा महिलाहरू (GPI = ०.८३) बढि असशक्त (disempowered) देखिएका छन् । (यसमा १ को अर्थ लैङ्गिक समानता हासिल भएको भन्ने हो) जिल्ला भरि, पुरुषहरूको पक्षमा असमानता सप्तरी (०.८९) को तुलनामा सिराहा (०.८३) मा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा बढि छ, जबकि कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा भने त्यसको बिपरित सप्तरीमा ०.८२ र सिराहामा ०.८५ देखिएको छ ।

समग्र कृषि सूचकांकमा महिला सशक्तीकरण अंक हेर्दा, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू (०.६४) को तुलनामा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा थोरैले बढि (०.६७) देखिएको छ । जिल्लाहरूको तुलना गर्दा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा सिराहाको तुलनामा सप्तरीमा ०.०९ विन्दुले बढि अंक प्राप्त भएको छ भने कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा सिराहामा ०.०७ विन्दुले बढि छ । कृषि सूचकांकमा महिला सशक्तीकरण अंकमा अवलोकन गरिने ढाँचाहरूले 3 DE अंक र लैङ्गिक समानता सूचकांकमा प्रस्तुत गरेको छ ।

**तालिका ९.२**

**कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकमा आधारित पुरुष र महिलाको सशक्तीकरणको आधाररेखा, जिल्ला र कार्यक्रम कार्यान्वयन अवस्थाको आधारमा**

| | सबै क्षेत्रहरू | | सप्तरी | | सिराहा | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | (१) | (२) | (३) | (४) | (५) | (६) |
| | कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू | | | | | |
| **अवलोकनको संख्या** | ३०० | २०० | १५० | १०० | १५० | १०० |
| 3DE अंक | ०.६४ | ०.७१ | ०.६९ | ०.७२ | ०.६ | ०.६९ |
| असशक्तिकरण अंक (1–3DE) | ०.३६ | ०.२९ | ०.३१ | ०.२८ | ०.४ | ०.३१ |
| सशक्तीकरण भएकाको % | २२% | ३३% | ३०% | ३८% | १५% | २८% |
| सशक्तीकरण नभएकाको % | ७८% | ६७% | ७०% | ६२% | ८५% | ७२% |
| अझै सशक्त नभएकाको लागि औषत 3DE अंक | ०.५४ | ०.५७ | ०.५५ | ०.५६ | ०.५३ | ०.५८ |
| औषत अशक्तता अंक (1-3DE) | ०.४६ | ०.४३ | ०.४५ | ०.४४ | ०.४७ | ०.४२ |
| लैगिक समानता सुचकांक (GPI) | ०.८६ | | ०.८९ | | ०.८३ | |
| **जोडी–वयष्क घरपरिवार** | २०० | | १०० | | १०० | |
| लैंगिक समानता हाँसिल गरेका % | ४९% | | ५४% | | ४३% | |
| लैंगिक समानता हाँसिल नगरेका % | ५१% | | ४६% | | ५७% | |
| औषत सशक्तीकरण अन्तर | ०.२७ | | ०.२४ | | ०.२९ | |
| कृषि सूचकांकमा महिला सशक्तीकरण अंक | ०.६७ | | ०.७१ | | ०.६२ | |
| | कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू | | | | | |
| **अवलोकनको संख्या** | ३०० | २०० | १४९ | १०० | १५१ | १०० |
| 3DE अंक | ०.६२ | ०.७७ | ०.५९ | ०.८ | ०.६६ | ०.७४ |
| असशक्तिकरण अंक (1-3DE) | ०.३८ | ०.२३ | ०.४१ | ०.२ | ०.३४ | ०.२६ |
| सशक्तीकरण हासिल गरेकाको % | २०% | ४१% | १२% | ५०% | २७% | ३२% |
| सशक्तीकरण हासिल नगरेकाको % | ८०% | ५९% | ८८% | ५०% | ७३% | ६८% |
| अझै सशक्त नभएकोको लागि औषत 3DE अंक | ०.५३ | ०.६१ | ०.५३ | ०.६१ | ०.५३ | ०.६२ |
| औषत असशक्तता अंक (1-3 DE) | ०.४७ | ०.३९ | ०.४७ | ०.४ | ०.४७ | ०.३८ |
| लैगिक समानता सुचकांक (GPI) | ०.८३ | | ०.८२ | | ०.८५ | |
| **जोडी–वयष्क घरपरिवारको संख्या** | २०० | | १०० | | १०० | |
| लैंगिक समानता हाँसिल गरेकाको % | ०.४२ | | ०.३४ | | ०.४९ | |
| लैंगिक समानता हाँसिल नगरेकाको % | ०.५८ | | ०.६६ | | ०.५१ | |
| औषत सशक्तीकरण अन्तर | ०.२८ | | ०.२७ | | ०.३ | |
| कृषि सूचकांकमा महिला सशक्तीकरण अंक | ०.६४ | | ०.६१ | | ०.६८ | |

***नोट** : लेखकको गणना । Cut-off ३० प्रतिशतमा निर्धारित*

*चित्र ९.१* मा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू (बायाँ प्यानल ए) र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू (दायाँ प्यानल बी) मा असशक्तताको लागि प्रत्येक उपसूचकांकको योगदानलाई देखाईएको छ। समूह सदस्यता र प्रभावशाली समूहहरूका सदस्यता सूचकले लैङ्गिकताको आधारमा र कार्यक्रम कार्यान्वयन गरिने/कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा असशक्तता कायम गर्न सबैभन्दा ठूलो योगदान पुऱ्याएको छ। घरका सदस्यहरूमा एक अर्का प्रतिको आदरसम्मानले कार्यक्रम कार्यान्वयन नगरिने गाउँका महिलाहरूको असशक्ततामा प्रमुख योगदान पुऱ्याएको छ। महत्वपूर्ण स्थानहरूको भ्रमण र कार्य सन्तुलनले पुरुषहरूको तुलनामा महिलाहरूको असशक्ततामा बढि योगदान पुऱ्याएको छ र त्यस्तै घनिष्ठ साथी द्वारा हुने हिंसाप्रति को दृष्टिकोणले पनि असशक्तता बढाउँछ। कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा असशक्तिकरण मा निर्णय-प्रक्रिया हुने स्वायत्तताले कही बढि योगदान पुऱ्याएको छ। उत्पादनशिल निर्णयहरूमा संलग्नताले महिला र पुरुषमा देखिएको असशक्तताका लागि सबैभन्दा थोरै योगदान रहेको पाईयो।

**चित्र ९.१**

**असशक्तीकरणमा विभिन्न सुचाकनकहरुको योगदान**

**प्यानल ए : कार्यक्रम कार्यान्वयन गरिने गाउँ**




**प्यानल बि : कार्यक्रम कार्यान्वयन नगरिने गाउँ**



*तालिका* ९.३ र ९.४ मा कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा, कृषि सूचकांकमा महिला सशक्तीकरणका परिणामहरूलाई प्रमुख जनसांख्यिकीय र अन्य विशेषताहरूमा क्रमशः प्रस्तुत गरिएको छ। तालिकाहरूमा महिलाको लागि, सशक्तीकरणका तीन क्षेत्र (3DE) को अंक, सशक्तीकरण प्राप्त गर्ने प्रतिशत (H), लैंगिक समानता सूचकांक (GPI), लैंगिक समानता प्रतिशत (HGPI) र कृषि सूचकांकमा महिला सशक्तीकरण अंक एकै साथमा प्रस्तुत गरिएको छ। तथापि, पहिलो दुईवटामा पुरुषहरूको लागि प्रस्तुत गरिएको छ, तर पछिल्ला तीनवटामा पुरुषहरूका लागि गणना गर्न सकिदैन। परिणाममा प्रस्तुत गरिएका विशेषताहरूमा, जिल्ला (सप्तरी वा सिराहा), उत्तरदाताको उमेर (<३५, ३५-५५ र >५५); उत्तरदाताहरूको जातीयता (दलित वा अन्य मधेसी जात/जाति); उत्तरदाताको शिक्षा (प्राथमिक तह वा कुनै शिक्षा हाँसिल नगरेको, वा प्राथमिक तह वा सोभन्दा माथि); उत्तरदाताले नेपाली बोल्न, पढ्न वा लेख्न सक्छ कि सक्दैन; उत्तरदातालाई कुनै प्रकारको अपांगता छ कि छैन; उत्तरदातालाई कानूनी अधिकारको ज्ञान वा बुझाइ छ कि छैन; उत्तरदाताको घरपरिवारको खाद्य खपतको अनुपात (<६५ प्रतिशत वा > = ६५ प्रतिशत); र उत्तरदाताको खाद्य सुरक्षा स्थिति (कुनै खाद्य असुरक्षा, वा मध्यम वा गम्भीर खाद्य असुरक्षा) रहेका छन्। यो कुरा उल्लेखनिय छ कि नमूना आकारहरू अति साना भएपनि परिणामहरू प्रायः सबैमा उत्कृष्टता संकेत गर्ने देखिएको छ।

यी तालिकाहरूले सिराहाको तुलनामा सप्तरीको समग्र नतिजा, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा दुवै लिङ्गका लागि राम्रो रहेको देखाएका छन्। कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा महिलाका लागि सिराहामा र पुरुषका लागि सप्तरीमा राम्रो नतिजा देखिएको छ। तीन उमेर समूहमध्ये, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा, महिला र पुरुष दुवैको लागि मध्यम उमेर समूह (३५-५५ वर्ष) का लागि स्पष्ट रूपमा राम्रो देखिन्छ, त्यसपछि प्रौढ (५५ वर्ष माथीका) पर्दछन्। कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा सबैभन्दा सानो उमेर समूहको तुलनामा दुई माथिल्लो उमेर समूहका महिला र पुरुष दुवैका लागि परिणाम स्पष्ट र राम्रो छ, यद्यपि अधिकांश परिणामहरू सामान्यतया मध्यम उमेर समूहको तुलनामा माथिल्लो उमेर समूहमा राम्रा देखिएका छन्। त्यसैगरी, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै गाउँका दलित जातिको तुलनामा अन्य मधेसी जात/जातिका पुरुषमा सशक्तीकरणको नतिजा राम्रो रहेको पाईयो। समग्रमा भन्ने हो भने, महिलाका लागि पनि केही हदसम्म यस्तै निष्कर्ष निकाल्न सकिन्छ, तर लैंगिक समानता सूचकांक (GPI) र लैंगिक समानता प्रतिशत (HGPI) भने दुवै गाउँहरूका दलित जातिहरूमा अलि राम्रो पाईयो।

शिक्षाको स्तरले महिलाहरूको समग्र नतिजालाई कसरी प्रभाव पार्छ भन्ने कुरा अलि अस्पष्ट देखिन्छ। असमान रूपमा उच्च संख्यामा प्राथमिक तहभन्दा कम शिक्षा भएका व्यक्तिहरू भएका कारण तुलना गर्नु अर्थपूर्ण देखिएन। तथापि, दुईवटा शिक्षा समूहहरू बीच पुरुषहरूको स्तर तुलनात्मक रूपमा धेरै समान छ, र शिक्षाले कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू दुवैमा सशक्तीकरणका लागि सकारात्मक प्रभाव पारेको देखिएको छ। पढ्न वा लेख्न सक्ने क्षमताले कार्यक्रम कार्यान्वयन गरिने गाउँका पुरुषहरूको सशक्तीकरणमा मात्र सकारात्मक प्रभाव पारेको देखिएको छ, तर कार्यक्रम कार्यान्वयन नगरिने गाउँका पुरुष र महिलाहरूका लागि भने परिणामहरू विपरीत रहेको पाईयो र कार्यक्रम कार्यान्वयन गरिने गाउँका महिलाहरूमा केही अस्पष्ट परिणाम देखियो। आधारभुत अध्ययनको समयमा सङ्कलन गरिएका तथ्य तथ्याङ्कहरूले यी अप्रत्याशित परिणामहरू बुझ्न मद्दत गर्दैनन्, र थप स्पष्टताको लागि भावी अध्ययनहरूमा विशेष ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ। त्यस्तै, नेपाली बोल्न, लेख्न वा पढ्न सक्ने क्षमताले सशक्तीकरणमा सामान्यतया कुनै प्रभाव (कार्यक्रम कार्यान्वयन नगरिने गाउँका पुरुषहरूमा) पारेको देखिँदैन वा कम प्रभाव (कार्यक्रम कार्यान्वयन गरिने गाउँका पुरुषहरू र कार्यक्रम कार्यान्वयन नगरिने गाउँका महिलाहरूलाई) पारेको देखियो। कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा पुरुषहरू बाहेक, कानूनी अधिकारहरूको बारेमा केही ज्ञान वा बुझाई भएका पुरुष र महिलाहरूमा सशक्तीकरणको राम्रो परिणाम देखियो। अर्को आश्चर्यजनक परिणाम भनेको व्यक्तिहरूको अपांगताको अवस्था र उनीहरूको सशक्तीकरणबीचको सम्बन्ध हो। कार्यक्रम

कार्यान्वयन गरिने गाउँहरूमा अपांगता नभएका पुरुष र महिलाहरू सामान्य अपांगता भएकाहरूको तुलनामा सामान्यतया बढि सशक्त पाइए, तर कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा समान्य अपाङ्गता भएको अवस्था भने यसको ठीक विपरित देखियो ।

*तालिका* ९.३ ले देखाएअनुसार, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा कुल खर्चको ६५ प्रतिशत वा सोभन्दा बढि को खाद्यन्न खपतको अनुपात भएका व्यक्तिहरूको तुलनामा आफ्नो कुल खर्चको ६५ प्रतिशतभन्दा कम खाद्यान्नमा खर्च गर्ने व्यक्तिहरूमा सशक्तीकरणको नतिजा सामान्यतया राम्रो पाईयो । त्यस्तै गरी, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा मध्यम वा गम्भीर खाद्य असुरक्षा भएका व्यक्तिहरूको तुलनामा कुनै खाद्य असुरक्षा नभएका व्यक्तिहरूमा सशक्तीकरणको परिणामहरू अझ राम्रो रहेको देखिएको छ । यी दुई मोड्युलहरू कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा मात्र लागू गरिएको हुँदा, यसमा कार्यक्रम कार्यान्वयन नगरिने गाउँको तुलनात्मक परिणाम दख्न सकिदैन् ।

**तालिका ९.३**

**कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकहरूमा आधारित महिला र पुरुषहरूको सशक्तीकरणको आधाररेखा, व्यक्तिगत र घरपरिवार सामाजीक जनसांख्यिकीय विशेषताहरू अनुसार**

| | कार्यक्रम कार्यान्वयन गरिने गाउँहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | | | | | पुरुष | | |
| | अवलोकनको संख्या | 5/3DE सुचकांक | सशक्तीकरण हाँसिल गरेका % (H) | लैंगिक समानता सुचकांक (GPI) | लैंगिक समानता भएका % (HGPI) | pro-WEAI | अवलोकनको संख्या | 5/3DE सुचकांक | सशक्तीकरण हाँसिल गरेका % (H) |
| **जिल्लाहरू** | | | | | | | | | |
| सप्तरी | १५० | ०.६९ | ३०.० | ०.८९ | ५४.० | ०.७१ | १०० | ०.७२ | ३८.० |
| सिराहा | १५० | ०.६० | १४.७ | ०.८३ | ४३.० | ०.६२ | १०० | ०.७० | २८.० |
| **उत्तरदाताको उमेर** | | | | | | | | | |
| <३५ | ११७ | ०.६१ | १९.७ | ०.८१ | ३२.५ | ०.६३ | ४८ | ०.६४ | २०.८ |
| ३५-५५ | १५३ | ०.६८ | २५.५ | ०.९० | ५८.३ | ०.७० | ११० | ०.७३ | ३७.३ |
| ५५> | ३० | ०.६० | १६.७ | ०.८४ | ५२.४ | ०.६३ | ४२ | ०.७३ | ३५.७ |
| **उत्तरदाताको जातीयता** | | | | | | | | | |
| दलित जाति | १८२ | ०.६३ | २१.४ | ०.८७ | ५१.२ | ०.६६ | १२१ | ०.६८ | २७.३ |
| अन्य मधेसी जातिहरू | ११८ | ०.६६ | २३.७ | ०.८५ | ४४.३ | ०.६८ | ७९ | ०.७६ | ४१.८ |
| **उत्तरदाताको शिक्षा** | | | | | | | | | |
| प्राथमिक तहमुनिको शिक्षा वा कुनै शिक्षा हाँसिल नगरेका | २८२ | ०.६४ | २२.० | ०.८७ | ५२.७ | ०.६६ | १६९ | ०.६९ | ३०.२ |
| प्राथमिक तह भन्दा माथीको शिक्षा हासिल गरेका | १८ | ०.६९ | २७.८ | ०.८८ | ३७.५ | ०.७१ | .३१ | ०.७९ | ४८.४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पढ्न वा लेख्न नसक्ने | २६९ | ०.६४ | २१.९ | ०.८८ | ५३.४ | ०.६७ | १३६ | ०.७० | ३१.६ |
| पढ्न वा लेख्न सक्ने | ३१ | ०.६५ | २५.८ | ०.८२ | ३७.५ | ०.६७ | ६४ | ०.७३ | ३५.९ |
| नेपाली बोल्न, लेख्न वा पढ्न नसक्ने | २६१ | ०.६४ | २२.२ | ०.८८ | ५२.६ | ०.६६ | ९८ | ०.७२ | ३५.७ |
| नेपाली बोल्न, लेख्न वा पढ्न सक्ने | ३९ | ०.६८ | २३.१ | ०.८९ | ४७.१ | ०.७० | १०२ | ०.७० | ३०.४ |
| अपांगता नभएको | २७७ | ०.६५ | २२.७ | ०.८६ | ४८.४ | ०.६७ | १८४ | ०.७२ | ३४.२ |
| सामान्य अपांगता भएको | २३ | ०.५९ | १७.४ | ०.८१ | ५०.० | ०.६२ | १६ | ०.६४ | १८.२ |
| कानूनी अधिकारको कुनै ज्ञान वा बुझाई नभएको | २८६ | ०.६४ | २२.० | ०.८५ | ४६.६ | ०.६६ | १६६ | ०.७१ | ३३.७ |
| कानूनी अधिकारको ज्ञान वा बुझाई भएको | १४ | ०.७१ | २८.६ | ०.९८ | ८०.० | ०.७४ | ३४ | ०.६९ | २९.४ |
| FES<६५ | १२३ | ०.६७ | २६.० | ०.८६ | ४५.८ | ०.६९ | ८३ | ०.७४ | ३८.६ |
| FES>=६५ | १७७ | ०.६३ | १९.८ | ०.८६ | ५०.४ | ०.६५ | ११७ | ०.६९ | २९.१ |
| खाद्य असुरक्षा नभएको | १६८ | ०.६५ | २०.२ | ०.८७ | ४९.३ | ०.६७ | ११० | ०.७२ | ३४.५ |
| मध्यम वा गम्भीर खाद्य असुरक्षा भएको | १३२ | ०.६४ | २५.० | ०.८५ | ४२.० | ०.६६ | ९० | ०.६९ | ३१.१ |

## तालिका ९.४

**कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा कृषि सूचकांकमा महिला सशक्तीकरण सूचकहरूमा आधारित महिला र पुरुषहरूको सशक्तीकरणको आधाररेखा, व्यक्तिगत र घरपरिवार सामाजीक जनसांख्यिकीय विशेषताहरू अनुसार**

| | कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | | | | | पुरुष | | |
| | अवलोकनको संख्या | 5/3DE सुचकांक | सशक्तीकरण हाँसिल गरेका % (H) | लैंगिक समानता सुचकांक (GPI) | लैंगिक समानता भएका % (HGPI) | pro-WEAI | अवलोकनको संख्या | 5/3DE सुचकांक | सशक्तीकरण हाँसिल गरेका % (H) |
| **जिल्लाहरू** | | | | | | | | | |
| सप्तरी | १५० | ०.५९ | १२.७ | ०.८२ | ३४.० | ०.६२ | १०० | ०.८० | ५०.० |
| सिराहा | १५० | ०.६५ | २६.७ | ०.८५ | ४९.० | ०.६७ | १०० | ०.७४ | ३२.० |
| **उत्तरदाताको उमेर** | | | | | | | | | |
| < ३५ | ११७ | ०.५७ | १२.० | ०.७३ | २१.९ | ०.५९ | ४५ | ०.७१ | २६.७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५-५५ | १६४ | ०.६५ | २५.६ | ०.८४ | ४६.४ | ०.६७ | १०९ | ०.७७ | ४०.४ |
| >५५ | १९ | ०.६७ | १५.८ | ०.८८ | २१.४ | ०.६९ | ४६ | ०.८४ | ५६.५ |
| **उत्तरदाताको जातीयता** | | | | | | | | | |
| दलित जाती | २६४ | ०.६२ | १८.९ | ०.८४ | ४२.७ | ०.६४ | १७१ | ०.७६ | ३८.६ |
| अन्य मधेसी जाती | ३६ | ०.६५ | २५.० | ०.८३ | ३४.५ | ०.६७ | २९ | ०.८४ | ५५.२ |
| **उत्तरदाताको शिक्षा** | | | | | | | | | |
| प्राथमिक तहमुनिको शिक्षा वा कुनै शिक्षा हाँसिल नगरेका | २८७ | ०.६३ | २०.२ | ०.८३ | ३९.० | ०.६५ | १६३ | ०.७७ | ३९.९ |
| प्राथमिक तह भन्दा माथीको शिक्षा हासिल गरेका | १३ | ०.५५ | ७.७ | ०.७३ | २०.० | ०.५६ | ३७ | ०.७९ | ४५.९ |
| पढ्न र लेख्न नसक्ने | २८१ | ०.६३ | २०.६ | ०.८३ | ३७.६ | ०.६५ | १२९ | ०.७९ | ४४.२ |
| पढ्न वा लेख्न सक्ने | १९ | ०.५३ | ५.३ | ०.७० | १२.५ | ०.५४ | ७१ | ०.७५ | ३५.२ |
| नेपाली बोल्न, लेख्न वा पढन नजान्ने | २७७ | ०.६३ | २०.६ | ०.८६ | ३९.० | ०.६५ | ६१ | ०.७७ | ४१.० |
| नेपाली बोल्न, लेख्न वा पढ्न जान्ने | २३ | ०.५५ | ८.७ | ०.७४ | २३.१ | ०.५७ | १३९ | ०.७७ | ४१.० |
| अपांगता नभएको | २५७ | ०.६१ | १८.७ | ०.८३ | ३९.८ | ०.६३ | १६६ | ०.७७ | ३९.८ |
| सामान्य अपांगता भएको | ४३ | ०.६८ | २५.६ | ०.८८ | ५०.० | ०.७० | ३४ | ०.७९ | ४७.१ |
| कानूनी अधिकारका बारेमा ज्ञान वा बुझाईनभएको | २७४ | ०.६२ | १९.० | ०.८४ | ४०.९ | ०.६४ | ११५ | ०.७६ | ३९.१ |
| कानूनी अधिकारका बारेमा ज्ञान वा बुझाई भएको | २६ | ०.६६ | २६.९ | ०.९० | ६०.० | ०.६८ | ८५ | ०.७९ | ४३.५ |
| FES<६५ | - | - | - | - | - | - | - | - | - |
| FES>=६५ | - | - | - | - | - | - | - | - | - |
| खाद्य असुरक्षा नभएको | - | - | - | - | - | - | - | - | - |
| मध्यम वा गम्भीर खाद्य असुरक्षा भएको | - | - | - | - | - | - | - | - | - |

# ९.२ आन्तरिक शक्ति (Intransice Agency)

## ९.२.१ आयमा स्वायत्तता

कृषि सूचकांकमा महिला सशक्तीकरणमा आयमा स्वायत्तताको मापन, महिला र पुरुषहरूले व्यक्तिगत निर्णयहरू गर्दा सामाजिक मुल्यमान्यताहरू वा अरूको रायअनुरूप भन्दा स्वयंको सिद्धान्तहरूबाट निर्देशित भएर गर्छन् भन्ने आधारमा गरिन्छ। यो सूचकलाई मोड्युल जि २ बाट गणना गरिएको छ। यदि उनीहरू संलग्न सबै कृषि गतिविधिहरूमा निम्नानुसारका अवस्थाहरू मध्ये कम्तिमा एउटा पुरा गरेमा पर्याप्त मानिन्छ : (१) सम्बन्धित निर्णय आफैँ गर्ने, (२) संयुक्त रूपमा निर्णय गरेपनि कम्तिमा केही संलग्नता रहेको र/वा (३) यदि उनीहरू चाहेमा निर्णय लिन सक्ने (कम्तिमा केही हदसम्म) महशुस गर्ने गरेमा। कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा, ६० प्रतिशत भन्दा बढि पुरुष र महिलाहरू यस सूचकमा सशक्त रहेको पाइयो, भने यो संख्या कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा पुरुष र महिलाहरूको ७० प्रतिशत भन्दा बढि देखिएको छ *(चित्र ९.२)*। जिल्लाअनुसार हेर्दा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै गाउँहरूमा सप्तरीको तुलनामा सिराहाका महिलाहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि छ, जबकि कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरू दुवैमा सिराहाको तुलनामा सप्तरीका पुरुषहरूमा सशक्तीकरण बढि पाईयो *(चित्र ९.२)*। चित्र ९.३ को तथ्याङ्कले कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा युवा र प्रौढ पुरुषहरूको तुलनामा बयस्क उमेरका पुरुषहरूमा उल्लेखनीय रूपमा आयमा स्वायत्तता बढि रहेको दर्शाउँदछ।

चित्र ९.२

**आयमा स्वायत्ततमा सशक्तीकरण, जिल्ला अनुसार**




चित्र ९.३

**आयमा स्वायत्ततामा सशक्तीकरण, उमेर अनुसार**




चित्र ९.४

**आयमा स्वायत्ततामा सशक्तीकरण, जाति अनुसार**



तथापि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा, प्रौढ पुरुषहरूमा सबैभन्दा बढि र युवाहरूमा सबैभन्दा कम छ। महिलाहरूको सन्दर्भमा, उनीहरू कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा सबै उमेर समूहहरूमा लगभग समान रूपमा सशक्त छन्। तथापि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा, प्रौढ महिलाहरूको तुलनामा वयष्क उमेरका महिलाहरूमा बढि छ। त्यस्तै, आयमा स्वायत्तता दलित जातिको तुलनामा अन्य मधेसी जात/जातिका पुरुष र महिलामा बढि छ। कार्यक्रम कार्यान्वयन गरिने गाउँका महिलाहरू बाहेक, अन्य मधेसी जातिहरूको तुलनामा दलित जातिहरूमा यो अलि बढि देखिएको छ। *चित्र ९.४* ले कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा अन्य मधेसी जातिका पुरुषहरूको तुलनामा दलित पुरुषहरूमा यो सूचकमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि रहेको देखाउँछ। त्यसैगरी, जोडी र एकल/महिला-घरमुलि भएका घरपरिवारहरू बीचमा हेर्दा, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा एकल/महिला-घरमुलि रहेका घरपरिवारका महिलाहरूको तुलनामा जोडी घरपरिवारका महिलाहरूको आयमा उच्च स्वायत्तता देखियो, जबकि कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा भने यो उस्तै उस्तै (बराबर) रूपमा देखिएको छ *(चित्र ९.५)* (थप जानकारीको लागि परिशिष्ट "क": तालिका १ हेर्नुहोस्)।

**चित्र ९.५**

**आयमा स्वायत्ततामा सशक्तीकरण, घरपरिवारको प्रकार अनुसार**




## ९.२.२ स्वयममा प्रभावकारीता

यो सूचक अर्न्तगत उत्तरदातालाई उनीहरूको जीवनसँग सम्बन्धित आठवटा कथनहरूसँग सहमत वा असहमत के छ भन्ने सोधेर गणना गरिएको छ। आएका उत्तरहरूलाई १ देखि ५ सम्मको तहमा राखिएका छन्, जहाँ १ को अर्थ "पुरै असहमत" र ५ को अर्थ "पुरै सहमत" भन्ने हुन्छ। यदि उत्तरदाताले आफ्नो सक्षमतामा र आफ्नो लक्ष्यमा पुग्न सक्ने खुबिमा विश्वास गर्दछ र यी उत्तरहरूको योग ३२ भन्दा बढि निस्कियो भने सो व्यक्ति सशक्त भएको मानिएको छ।

**चित्र ९.६**

**स्वयममा प्रभावकारीतामा सशक्तीकरण, जिल्ला अनुसार**




यस अध्ययनले कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ७२ प्रतिशत महिला र ७१ प्रतिशत पुरुषहरू र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ६५ प्रतिशत महिला र ९१ प्रतिशत पुरुषहरू स्वयममा प्रभावकारीता सूचकमा सशक्त रहेको देखाएको छ *(चित्र ९.६)*। जिल्लाअनुसार हेर्दा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा, सिराहाको तुलनामा सप्तरीका महिलाहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि पाईयो, भने कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा, सप्तरीको तुलनामा सिराहामा

पुरुषहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि देखियो *(चित्र ९.६)*। कार्यक्रम कार्यान्वयन नगरिने र कार्यक्रम कार्यान्वयन गरिने दुवै गाउँहरूमा प्रौढ पुरुष र महिलाहरू अन्य उमेर समूहका पुरुष र महिलाहरूको तुलनामा यस सूचकमा कम सशक्त पाइए। कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा विभिन्न उमेर समूहका महिलाहरू बीचमा सशक्तीकरणमा देखिएको भिन्नता पनि तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण देखियो *(चित्र ९.७)*। अध्ययनले माध्यमिक वा उच्च शिक्षा हाँसिल गरेका पुरुष र महिलाहरू प्राथमिक तह भन्दा तलको शिक्षा हाँसिल गरेका वा निरक्षर व्यक्तिहरूको तुलनामा स्वयममा प्रभावकारीता सूचकमा बढि सशक्त देखिए *(चित्र ९.८)*। *चित्र ९.९* मा प्रस्तुत तथ्याङ्कले अन्य मधेसी जातिका पुरुष र महिलाहरू दलित जातिका पुरुष र महिलाहरू भन्दा बढि सशक्त रहेको देखाउँछ, तर कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा भने दलित जातिका पुरुषहरू अन्य मधेसी जातिका पुरुषहरूको तुलनामा आत्म-क्षमतामा बढि सशक्त रहेको पाईयो। त्यसैगरी, घरपरिवारको प्रकारको वर्गीकरणद्वारा अवलोकन गर्दा, एकल/महिला-घरमुलि भएका घरपरिवारका महिलाहरू यस सूचकमा जोडी घरपरिवारका महिलाहरू भन्दा बढि सशक्त रहेको पाइएको छ *(चित्र ९.१०)*। (थप जानकारीको लागि परिशिष्ट "क": तालिका २ हेर्नुहोस्)।

**चित्र ९.७**

**स्वयममा प्रभावकारीतामासशक्तीकरण, उमेर अनुसार**




**चित्र ९.८**

**स्वयममा प्रभावकारीतामासशक्तीकरण, शिक्षा अनुसार**




**चित्र ९.९**

**स्वयममा प्रभावकारीतामासशक्तीकरण, जाति अनुसार**




**चित्र ९.१०**

**स्वयममा प्रभावकारीतामासशक्तीकरण, घरपरिवारको प्रकार अनुसार**



### ९.२.३ घनिष्ठ साथी (Intimate Partner) द्वारा हुने हिंसाप्रतिको दृष्टिकोण

घनिष्ठ साथीद्वारा हुने हिंसाको बारेमा मानिसहरूको दृष्टिकोणको अध्ययनका लागि उत्तरदाताहरू संग विभिन्न पाँचवटा अवस्थाहरूमा (१.यदि महिलाले पुरुषलाई नबताइकन बाहिर गएमा, २. यदि महिलाले बच्चाहरूलाई बेवास्ता गरेमा, ३. यदि महिलाले पुरुषसँग तर्क गरेमा, ४. यदि महिलाले पुरुषसँग यौन सम्बन्ध राख्न इन्कार गरेमा र/वा ५.यदि महिलाले खाना डढाएमा), श्रीमान्‌ले आफ्नी श्रीमतिलाई कुटपिट गर्नु उचित मान्छन्‌ कि मान्दैनन्‌ भनेर सोधिएको थियो । कुनै पनि परिस्थितिमा श्रीमान्‌ले आफ्नी श्रीमतिलाई कुटपिट गर्नु उचित हुँदैन भन्ने विश्वास राखेको पाईएमा मात्र कुनै व्यक्ति सशक्त भएको मानिन्छ । यस अध्ययनले कुनै पुरुषले अनिश्चितताका कारण काम-जन्य तनाव महसुस गरेमा र/वा आफ्नो सामाजिक जीवनमा कुनै प्रकारको सीमितता महसुस गर्दा आफ्नी श्रीमतिलाई कुटपिट गर्नु न्यायोचित ठान्छ कि ठान्दैन भन्ने बारेमा पनि जानकारी संकलन गरिएको थियो । एउटा रोचक जानकारी के पाईयो भने महिलाहरूको तुलनामा पुरुषहरूको उल्लेखनीय उच्च प्रतिशतले श्रीमान्‌ले कुनै पनि अवस्थामा आफ्नो श्रीमतिलाई कुट्नु पिट्नु न्यायोचित हुँदैन भन्ने विश्वास राख्ने गरेको पाईयो । *(चित्र ९.११)* ।

चित्र ९.११

**घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, लिंग अनुसार**




सशक्तीकरणको स्तरमा हेर्दा, ६० प्रतिशत भन्दा बढि महिला र ७५ प्रतिशत भन्दा बढि पुरुषहरू यस सूचकमा सशक्त रहेको पाईयो *(चित्र ९.११)* । जिल्लाअनुसार, सप्तरीको तुलनामा सिराहाका कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका महिलाहरू उल्लेखनीय रूपमा बढि सशक्त रहेछन्‌, जबकि अन्य समूहहरूमा सशक्तीकरणको भिन्नता खासै देखिएन *(चित्र ९.१२)* ।

*चित्र ९.१३* मा प्रस्तुत तथ्याङ्कले प्रौढ महिला र पुरुषहरू उनीहरूका समकक्षीहरूको तुलनामा यस सूचकमा बढि सशक्त रहेको दर्शाउँदछ । त्यस्तै जातीयताका आधारमा हेर्दा, दलित जातिको तुलनामा अन्य मधेसी जात/जातिका महिला र पुरुष घनिष्ठ साथी द्वारा हुने हिंसाप्रतिको दृष्टिकोणमा बढि सशक्त रहेको पाईयो । तथापि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा दलित महिलाहरू अन्य मधेसी जात/जातिका महिलाहरूको तुलनामा बढि सशक्त रहेका छन्‌ *(चित्र ९.१४)* । शिक्षाको आधारमा यस सूचकमा सशक्तीकरणको तुलना गर्दा भने, माध्यमिक वा उच्च शिक्षा हाँसिल गरेका पुरुष र महिलाहरू निरक्षर वा प्राथमिक तहको शिक्षा भन्दा कम शिक्षा पाएकाहरू भन्दा बढि सशक्त रहको *चित्र ९.१५* बाट स्पष्ट देखिन्छ (थप जानकारीको लागि परिशिष्ट “क” : तालिका ३ हेर्नुहोस्) ।

चित्र ९.१२

**घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, जिल्ला अनुसार**




चित्र ९.१३

**घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, उमेर अनुसार**




चित्र ९.१४

**घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, जाति अनुसार**




चित्र ९.१५

**घनिष्ठ साथीद्वारा हुने हिंसाप्रतिको दृष्टिकोण, शिक्षा अनुसार**




## ९.२.४ घरपरिवारका सदस्यहरूमा एक अर्का प्रतिको सम्मान

घरपरिवारका सदस्यहरूबीच आपसमा सम्मानको सूचकलाई एउटा मोड्युलबाट गणना गरिएको छ । यस मोडुलमा, उत्तरदाताले उनका आफ्ना श्रीमान् वा श्रीमति वा घरका अन्य नातेदारहरूको सम्मान गर्दछन् कि गर्दैनन् ?, उनका श्रीमान् वा श्रीमति वा अन्य नातेदारले पनि उनलाई सम्मान गर्दछन् कि गर्दैनन ?, उनलाई उनका श्रीमान् वा श्रीमति वा अन्य नातेदारहरूले उनको सर्वोत्तम हितका लागि काम गर्दछन् भन्ने विश्वास लाग्छ वा लाग्दैन ?, र उत्तरदाता आफ्नो श्रीमान् वा श्रीमति वा अन्य नातेदारसंग आवश्यक

चित्र ९.१६

**घरपरिवारका सदस्यहरुबीचमा सम्मानमा सशक्तीकरण, जिल्ला अनुसार**



परेमा कुनै कुरामा असहमती जनाउन सहज महसुस गर्दछ कि गर्दैन ? जस्ता कुराहरू सोधिन्छन् । कुनै पनि व्यक्तिले चारवटा प्रश्नहरूको उत्तर "धेरैजसो समय" (Most of the Time) भन्ने दिएमा सशक्त भएको मानिन्छ । यसबाट आएका उत्त्रहरूको विश्लेषणबाट, घरका सदस्यहरूमा एक अर्का प्रतिको सम्मानको सन्दर्भ हेर्दा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँका ७५ प्रतिशतभन्दा बढि महिला र ८५ प्रतिशतभन्दा बढि पुरुषहरू सशक्त रहेको पाईयो, जबकि कार्यक्रम कार्यान्वयन नगरिने गाउँका भने २८ प्रतिशत महिलाहरू मात्र सशक्त पाईए *(चित्र ९.१६)*। जिल्लाअनुसार हेर्दा सिराहाको तुलनामा सप्तरीका महिला र सप्तरीको तुलनामा सिराहाका पुरुषहरूमा उल्लेख्य रूपमा सशक्तीकरण बढि देखियो । कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूको सन्दर्भमा, सप्तरीको तुलनामा सिराहाका महिलाहरूमा सशक्तीकरण उल्लेख्य रूपमा बढि भए पनि कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूको तुलनामा धेरै नै कम छ *(चित्र ९.१६)*। यो निष्कर्ष आश्चर्यजनक छ, र कुनै निश्चित उत्तरहरू मात्रै यस सर्वेक्षणबाट मात्र प्राप्त गर्न सकिँदैन । भविष्यमा गरिने अध्ययनहरूले कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा महिलाहरू बीचको यो अनपेक्षित उच्च भिन्नतामा थप स्पष्टता ल्याउन सक्नेछ भन्ने आशा गरिएको छ । दलित जातिको तुलनामा अन्य मधेसी जात/जातिका पुरुष र महिलामा घरपरिवारका सदस्यहरूमा एक अर्का प्रतिको सम्मानमा सशक्तीकरण बढि देखिन्छ । तथापि, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका पुरुषहरू बीच मात्र तथ्याङ्कीय भिन्नता धेरै छ *(चित्र ९.१७)*। त्यस्तै, खाद्य असुरक्षाको दृष्टिकोणबाट हेर्दा यस सूचकमा सशक्त पुरुष र महिलाहरूको अनुपातमा भिन्नता छ, किनभने गतवर्षमा खाद्य असुरक्षा नभएका महिलाहरूको तुलनामा मध्यम वा गम्भीर खाद्य असुरक्षा अनुभव गर्ने महिलाहरू उल्लेखनीय रूपमा कम सशक्त पाइएका थिए *(चित्र ९.१८)*। (थप जानकारीको लागि परिशिष्ट "क": तालिका ४ हेर्नुहोस्) ।

**चित्र ९.१७**

**परिवारका सदस्यहरुबीचको सम्मानमा सशक्तीकरण, उमेर अनुसार**




**चित्र ९.१८**

**घरपरिवारका सदस्यहरुबीचमा सम्मानमा सशक्तीकरण, खाद्य असुरक्षा स्तर अनुसार**



## ९.३ महत्वपूर्ण शक्ति (Instrumental Agency)

### ९.३.१ उत्पादनशील निर्णयहरुमा संलग्नता

यदि कुनै व्यक्तिले आफ्नो परिवारमा हुने सबै कृषि सम्बन्धी गतिविधिहरूमा हुने निर्णयहरूमा उसले चाहेमा, (संयुक्त होस् वा एकल रूपमा) कम्तिमा केहि मात्रामा भाग लिएको भएमा कृषिमा उत्पादनशील निर्णयहरूमा संलग्नतामा सशक्त रहेको मानिन्छ । यदि व्यक्ति कृषि गतिविधिमा भाग लिँदैन भने, उनीहरू सशक्त नभएका मानिन्छन् । कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका लगभग ८० प्रतिशत पुरुष र महिलाहरू यस सूचकमा सशक्तपाइए *(चित्र ९.१९)*। जिल्लाअनुसार हेर्दा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुबै गाउँहरूमा सिराहाको तुलनामा सप्तरीका महिलाहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि देखियो भने कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा सप्तरीको तुलनामा सिराहामा पुरुषहरूमा सशक्तीरण उल्लेखनीय रूपमा बढि पाईयो *(चित्र ९.१९)*। यसबाहेक *चित्र ९.२०* मा प्रस्तुत तथ्याङ्कले युवा र प्रौढ पुरुषहरूको तुलनामा मध्यम उमेरका पुरुष र महिलाहरू उत्पादनशिल निर्णयहरूमा अधिक सशक्त देखिएका छन् । कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै गाउँहरूमा कम उमेरका महिलाहरूको तुलनामा मध्यम उमेरका महिलाहरूमा उल्लेखनीय रूपमा सशक्तीकरणको स्तर उच्च रहेको देखिएको छ । साथै, प्राथमिक तहमुनिको शिक्षा हाँसिल गरेका वा निरक्षर पुरुष र महिलाहरू प्राथमिक तह वा उच्च शिक्षा हासिल गर्नेहरूको तुलनामा बढि सशक्त देखिए । यो भिन्नता कार्यक्रम कार्यान्वयन नगरिने गाउँका महिलाहरूको हकमा उल्लेखनीय रूपमा बढि देखिएको छ *(चित्र ९.२१)*। हामी सामान्यतया उच्च स्तरको शिक्षा हाँसिल गर्ने व्यक्तिहरूको

**चित्र ९.१९**

**उत्पादनशील निर्णयहरुमा संलग्नताको सशक्तीकरण, जिल्ला अनुसार**




**चित्र ९.२०**

**उत्पादनशील निर्णयहरुमा संलग्नताको सशक्तीकरण, उमेर अनुसार**




**चित्र ९.२१**

**उत्पादनशील निर्णयहरुमा संलग्नताको सशक्तीकरण, शिक्षा अनुसार**



उत्पादनशिल निर्णयहरूमा संलग्नताको अधिक सशक्त हुन्छ भन्ने अवधारणा राख्दछौं तथापि, यस अध्ययनको निष्कर्षले यस सूचकमा अवलोकन गरिएको सशक्तीकरण हाम्रो यस परम्परागत मान्यताको विपरीत रहेको देखाएको छ । (थप जानकारीको लागि परिशिष्ट “क”: तालिका ५ हेर्नुहोस्)

## ९.३.२ भूमि तथा अन्य सम्पत्तिको स्वामित्व

चित्र ९.२२

**भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, जिल्ला अनुसार**




भूमि र अन्य सम्पत्तिको स्वामित्वमा सशक्तताको मापन (१) भूमि, वा (२) निम्नमध्ये कम्तिमा तीनवटा : ठूला पशुपंक्षी, साना पशुपंक्षी, माछापोखरी वा माछा मार्ने उपकरण, गैर-यान्त्रिक कृषि उपकरण, यान्त्रिक कृषि उपकरण, गैर-कृषि व्यवसाय उपकरण, घर वा भवनहरू, ठूला उपभोक्ता सामग्री, साना उपभोक्ता सामग्री, मोवाईल, गैर-कृषि भूमि, वा यातायातका साधनहरूमा एकल वा संयुक्त स्वामित्वबाट निर्धारण गरिएको छ । तथ्याङ्कले समग्रमा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ९५ प्रतिशत भन्दा बढि पुरुष र महिलाहरू र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ८५ प्रतिशत भन्दा बढि पुरुष र महिलाहरू यस सूचकमा सशक्त रहेको देखाउँदछ *(चित्र ९.२२)*। जिल्लाअनुसार हेर्दा, सप्तरीको तुलनामा सिराहाका कार्यक्रम कार्यान्वयन गरिने गाउँका महिलाहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि पाईयो भने कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा हेर्दा सिराहाको तुलनामा सप्तरीका महिलाहरूमा उल्लेखनीय रूपमा बढि देखिन्छ *(चित्र ९.२२)*। *चित्र ९.२३* ले मध्यम उमेरका पुरुष र महिलाहरू कम उमेरका र प्रौढ पुरुष र महिलाहरूको तुलनामा बढि सशक्त रहेको देखायो । कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा मध्यम उमेरका महिलाहरू कम उमेरका महिलाहरूको तुलनामा उल्लेखनीय रूपमा बढि सशक्त रहेको पाईयो । मध्यम वा गम्भीर खाद्य असुरक्षा भएका पुरुष र महिला दुवै, खाद्य असुरक्षा नभएकाहरूको तुलनामा उल्लेखनीय रूपमा कम सशक्त हुने सम्भावना रहेको देखियो *(चित्र ९.२४)*। (थप जानकारीको लागि परिशिष्ट “क”: तालिका ६ हेर्नुहोस्) ।

चित्र ९.२३

**भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, उमेर अनुसार**




चित्र ९.२४

**भूमि तथा अन्य सम्पत्तिको स्वामित्वमा सशक्तीकरण, खाद्य असुरक्षा स्तर अनुसार**



## ९.३.३ वित्तीय सेवाहरूमा पहुच र निर्णय

चित्र ९.२५

**वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, जिल्ला अनुसार**




वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरूमा सशक्तता निम्न कुराहरूबाट निर्धारण गरिएको छ : (१) गत वर्षमा एकल वा संयुक्त रूपमा ऋणको स्रोत प्रयोग गर्ने र ऋण लिने निर्णयमा भाग लिएको घरपरिवारको सदस्य भएमा, (२) गत वर्षमा ऋण लिन सक्ने तर नलिएको घरपरिवारको सदस्य भएमा वा (३) वित्तीय खातामा एकल वा संयुक्त वित्तीय खाता रहेको वा नरहेको भएमा । यस अध्ययनले कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा चार भागको तीन भाग (७५ प्रतिशत) पुरुषहरू र र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका पुरुष र महिलाहरू पाँच भागको चार भाग महिलाहरू र पुरुषहरूको वित्तीय सेवाहरूमा पहुँच र निर्णयहरूमा सशक्त रहेको देखाएको छ *(चित्र ९.२५)*। जिल्लाअनुसार हेर्दा सिराहाको तुलनामा सप्तरीका कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका महिलाहरूको सशक्तिकरण उल्लेख्य रूपमा बढी पाईयो । त्यसै गरी कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा सिराहाको तुलनामा सप्तरीकै पुरुषहरूमा सशक्तीकरण उल्लेखनीय रूपमा बढि पाईयो *(चित्र ९.२५)*। यस सूचकमा सशक्तीकरण उमेर तथा जात/जाति समूहअनुसार पनि फरक रहेको छ। *चित्र* ९.२६ मा प्रस्तुत तथ्याङ्कले बढि उमेर समूहका व्यक्तिहरूको सशक्त हुने सम्भावना पनि बढि हुन्छ भन्ने देखाएको छ। तथापि, कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा आधा उमेरका महिलाहरू उनीहरूको समकक्षीहरूको तुलनामा बढि सशक्त रहेको पाइएको छ। यसबाहेक, यस सूचकमा दलित जातिको तुलनामा अन्य मधेसी जात/जातिका पुरुष र महिलाहरू बढि सशक्त रहेको पाईयो *(चित्र ९.२७)*। (थप जानकारीका लागि परिशष्ट "क": तालिका ७ हेर्नुहोस्)

चित्र ९.२६

**वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, उमेर अनुसार**




चित्र ९.२७

**वित्तीय सेवामा पहुँच तथा निर्णयमा सशक्तीकरण, जात/जाति अनुसार**



## ९.३.४ आयको प्रयोगमा नियन्त्रण

चित्र ९.२८

**आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, जिल्ला अनुसार**




आयको प्रयोगमा सशक्तता हुनुको अर्थ कुनै व्यक्तिले आफु संलग्न भएका सबै कृषिसम्बन्धी गतिविधिहरूबाट आर्जित कुनै पनि आयको प्रयोग कसरी गरिएको छ ?; कृषि गतिविधिहरूबाट आएको उत्पादन घरको खपतको लागि प्रयोग कसरी गरिएको छ वा गरिँदैन ?; र/वा कुनै गैर-कृषि, स्वरोजगार गतिविधिहरू र ज्याला वा तलब रोजगारीबाट प्राप्त आय जस्ता कुराहरूमा व्यक्तिको नियन्त्रण हुनु हो । यस अध्ययनको तथ्याङ्कले कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा ९३ प्रतिशत पुरुष र ७८ प्रतिशत महिलाहरू र कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा लगभग ८० प्रतिशत पुरुष र महिलाहरू यस सूचकमा सशक्त रहेको देखाएको छ *(चित्र ९.२८)*। जिल्लाअनुसार हेर्दा, सिराहाको तुलनामा सप्तरीका महिला उल्लेखनीय रूपमा बढि सशक्त देखियो तर सप्तरीको तुलनामा सिराहाका, दुबै कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने गाउँहरूमा पुरुषहरू उल्लेखनीय रूपमा बढि सशक्त देखियो *(चित्र ९.२८)*। आयको प्रयोगमा नियन्त्रणमा सशक्तीकरण र उत्तरदाताको उमेरबीचको सम्बन्धमा कुनै स्पष्ट प्रबृत्ति नदेखिएता पनि, कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा, कम उमेरका महिलाहरूको तुलनामा मध्यम उमेरका महिलाहरू बढी सशक्त भएको पाईयो *(चित्र ९.२९)*। कार्यक्रम कार्यान्वयन गरिने गाउँका पुरुषहरू बाहेक, प्राथमिक तहमुनिको शिक्षा हाँसिल गरेका वा निरक्षरहरूको तुलनामा माध्यमिक वा उच्च शिक्षा हासिल गरेका पुरुष तथा महिलाहरूमा सशक्तताको सम्भावना कम देखिनु अचम्म लाग्दो निश्कर्ष थियो । यो भिन्नता, विशेष गरी कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूका महिलाहरूमा उल्लेखनीय रूपमा देखियो *(चित्र ९.३०)*। उत्पादनशिल निर्णयहरूमा संलग्नता जस्तै, आयको प्रयोगमा नियन्त्रणको सन्दर्भमा पनि निरक्षर तथा प्राथमिक तहमुनिको शिक्षा हाँसिल गरेका व्यक्तिहरू तुलनात्मक रूपमा सशक्त रहेको पाईयो । (थप जानकारीको लागि परिशिष्ट “क”: तालिका ८ हेर्नुहोस्)

चित्र ९.२९

**आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, उमेर अनुसार**




चित्र ९.३०

**आयको प्रयोग सम्बन्धी निर्णयमा सशक्तीकरण, शिक्षा अनुसार**



## ९.३.५ समय बाडफाड

कार्य-जीवन सन्तुलनका अध्ययनहरू अति महत्वपूर्ण छन्, किनकि यी अध्ययनहरूमा एक व्यक्तिको वास्तविक गतिविधिहरू र ती गतिविधिहरूमा उसले बिताएको समयको सावधानीपूर्वक अभिलेख राखिएको हुन्छ, जसले समुदायहरूको बीचमा तुलना गर्नका साथै महिला र पुरुषहरूबीचमा हुने भिन्नताको अध्ययन गर्नका लागि पनि विस्तृतमा तथ्याङ्क प्रदान गर्दछन् ।[१७] यस आधारभुत अध्ययनमा, जिल्ला र लिङ्गमा आधारित भएर कार्य-जीवन सन्तुलनको समय बाँडफाँडमा देखिएका असमानताहरू समीक्षा गर्न यो मोड्युलको प्रयोग गरिएको थियो । यो अध्ययन दुई विशिष्ट चरहरूमा केन्द्रित थियो : क) कामका लागि समर्पित समय[१८] र ख) बच्चाको हेरचाहको लागि समर्पित समय ।

*चित्र ९.३१* मा महिला र पुरुषहरूले कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुबै गाउँहरूमा अर्न्तवार्ता लिनुभन्दा २४ घण्टा अघि बिताएको औषत समयलाई, घण्टामा प्रस्तुत गरिएको छ । कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुबै गाउँहरूमा, महिला र पुरुष दुबैले सुत्न र खान/पिउनका लागि समान समय छुट्याएको पाईयो । तर, यी दुबै गाउँहरूमा यी महिला र पुरुषले समय कसरी छुट्याउँछन् भन्नेमा चाँहि न्युनतम भिन्नता रहेको तथ्याङ्कले देखाउँदछ । यद्यपि, महिला र पुरुषबीचको तुलना गर्दा पुरुषको तुलनामा महिलाहरूको समयको ठुलो हिस्सा घरेलु काम, खाना पकाउने र बच्चाको हेरचाहमा व्यतित भएको पाईयो । यसको विपरीत, कार्यक्रम कार्यान्वयन गरिने र कार्यान्वयन नगरिने दुबै गाउँहरूका अधिकांश पुरुषहरूले आफ्नो समय काममा (पारिश्रमिक आउने), भ्रमण गर्न र आफ्नो व्यवसाय संचालन गर्न व्यतित गरेको पाईयो ।

**चित्र ९.३१**

**सबै गतिविधीहरूका लागि समय बाँडफाँड**




[१७] Colfer CJP. Time allocation studies: a methodological study. In: Feldstein, H. S. and Jiggins, J. (eds.). Tools for the field: methodologies handbook for gender analysis in agriculture., 1994, p. 163–70.

[१८] काममा समर्पित समयहरूमा तलबी रोजगारी, आवत-जावत, आफ्नै व्यवसायको काम, मुख्य बाली खेती, बगैंचा/उच्च-मूल्यका बाली खेती, ठूलो पशुपालन, कुखुरा/साना पशुपालन, माछापोखरी संस्कृति, आवत-जावत, बुनाई/सिलाई/टेक्सटाइल, खाना पकाउने, घरेलु काम, बच्चाहरूको र बृद्धहरूको हेरचाह आदि समावेश छ । यदि व्यक्तिले अन्य कार्य-सम्बन्धित गतिविधिहरू गर्दा बच्चाहरूको हेरचाह गरिरहेको छ भने बच्चाको हेरचाहलाई द्वितीय गतिविधि मानिन्छ ।


कार्यक्रम कार्यान्वयन गरिने गाउँका पुरुषहरु
सुत्ने/आराम गर्ने
खानपान
व्यक्तिगत हेरचाह
विद्यालय/गृहकार्य
जागिरेको रुपमा काम गर्ने/आवत जावत गर्ने समयसहित
आफ्नै उद्यम गर्ने
प्रमुख अन्नबाली खेती
फलफुलको बगैंचा/उच्च मूल्य पर्ने बाली खेती
पशुपालन (वृहत रुपमा गरिएको)
पशुपालन (थोरै मात्रामा गरिएको)
कुखुरापालन/साना पशुपालन
माछापोखरी
किनमेल गर्ने/सेवा प्राप्त गर्ने
सिलाई/बुनाई/लत्ताकपडा
खाना बनाउने
घरेलु काम
बालबालिकाको हेरचाह
व्यस्कको हेरचाह
घुमफिर गर्ने
व्यायम गर्ने
सामजिक कार्यहरु/रुचिहरु
धार्मिक कार्यहरु
०
२
४
६
८
१०
१२


कार्यक्रम कार्यान्वयन नगरिने गाउँका महिलाहरु
सुत्ने/आराम गर्ने
खानपान
व्यक्तिगत हेरचाह
विद्यालय/गृहकार्य
जागिरेको रुपमा काम गर्ने/आवत जावत गर्ने समयसहित
आफ्नै उद्यम गर्ने
प्रमुख अन्नबाली खेती
फलफुलको बगैंचा/उच्च मूल्य पर्ने बाली खेती
पशुपालन (वृहत रुपमा गरिएको)
पशुपालन (थोरै मात्रामा गरिएको)
कुखुरापालन/साना पशुपालन
माछापोखरी
किनमेल गर्ने/सेवा प्राप्त गर्ने
सिलाई/बुनाई/लत्ताकपडा
खाना बनाउने
घरेलु काम
बालबालिकाको हेरचाह
व्यस्कको हेरचाह
घुमफिर गर्ने
व्यायम गर्ने
सामजिक कार्यहरु/रुचिहरु
धार्मिक कार्यहरु
०
२
४
६
८
१०
१२




***नोट :*** *सर्वेक्षणको एक दिन अघि प्रत्येक कार्यका लागि दिएको कुल समय*

*चित्र ९.३२* मा विभिन्न कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा महिला र पुरुषहरूको लागि कामसम्बन्धित गतिविधिहरू र कामको समयमा बच्चाको हेरचाहमा बिताएको समय (द्वितिय गतिविधिको रूपमा) को विश्लेषण प्रस्तुत गरिएको छ। एक निश्चित समयको अन्तरालका साथ तथ्याङ्कीय भिन्नता (नदोहेरिएका (Non-overlapping) अन्तरालहरूले धेरै तथ्याङ्कीय भिन्नताहरू रहेको संकेत गर्दछ) को आंकलन गर्न, प्रत्येक गतिविधिमा बिताएको औषत समयको अभिलेखन गरिएको छ। प्यानल ए ले कामसँग सम्बन्धित गतिविधिहरूका लागि छुट्याइएको समयको भिन्नतालाई प्रस्तुत गर्दछ, जबकि प्यानल बी ले कामको समयमा द्वितिय गतिविधिको रूपमा गरेको बच्चाको हेरचाहमा ध्यान केन्द्रित गर्दछ।

**चित्र ९.३२**

**काम र कामसंगै बच्चाको हेरचाहमा दिएको घण्टा, लिंग अनुसार**



समग्रमा, कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने दुवै समूहका गाउँहरू र जिल्लाहरूमा पुरुषहरूको तुलनामा महिलाहरूले काम-सम्बन्धी गतिविधिहरूमा अधिक समय व्यतित गर्ने गरेको पाईयो। सप्तरीका कार्यक्रम कार्यान्वयन नगरिने गाउँका पुरुषहरूले अन्य क्षेत्र र जिल्लाका पुरुषहरूको तुलनामा कामसँग सम्बन्धित गतिविधिमा बढि समय दिने रहेछन्। कामको समयमा बच्चाको हेरचाहको सन्दर्भमा, सामान्यतया पुरुषहरूको तुलनामा महिलाहरूले नै बढि समय दिने गरेको पाईयो। तथापि, यहाँ विशेष समूहहरूभित्र भिन्नताहरू देखियो। सप्तरीका कार्यक्रम कार्यान्वयन नगरिने गाउँका पुरुषले अन्य पुरुषहरूको तुलनामा कामको समयमा बच्चाको हेरचाहमा बढि समय दिने गरेको पाईयो। अर्कोतर्फ, सिराहामा कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूका महिलाले अन्य महिलाको तुलनामा कामको समयमा बच्चाको हेरचाहमा कम समय बिताउने गरेको पाईयो।

पुरुष र महिलाहरूले पारिश्रमिक विनाका कामका लागि दिने समयको मुल्याङ्कन गर्नका लागि उनीहरूले खाना पकाउने, घरायसी काम गर्ने, जेष्ठ नागरिक र बच्चाको हेरचाह गर्ने जस्ता क्रियाकलापहरूमा बिताएको समयलाई जोडिएको थियो। अध्ययनको निष्कर्षले पुरुषको तुलनामा महिलाले यस्ता काममा बढि समय दिने गरेको देखाएको छ। औषत रूपमा, महिलाहरूले प्रतिदिन लगभग ५.७ घण्टा पारिश्रमिक विनाका काममा व्यतित गर्ने रहेछन्, जबकि पुरुषहरू औषतमा लगभग १.६ घण्टा मात्र खर्च गर्ने रहेछन्। यसबाहेक, सप्तरीका कार्यक्रम कार्यान्वयन गरिने गाउँका महिलाहरूले आफ्ना समकक्षीहरूले भन्दा बढि समय, औषत ६.३ घण्टा बेतलवी काममा खर्च गर्ने गरेको पाईयो *(चित्र ९.३३)*।

**चित्र ९.३३**

**कार्य सन्तुलनमा सशक्तीकरण, जिल्ला अनुसार**




यस सूचकमा, यदि कुनै व्यक्तिले पारिश्रमिक पाउने र पारिश्रमिक नपाउने गतिविधिहरू सहित दिनको १०.५ घण्टा भन्दा कम काममा खर्च गर्दछ भने सशक्त (पर्याप्त) मानिन्छ। यदि कुनै एक कार्य गर्दैगर्दा दोश्रो गतिविधिको रूपमा बच्चाको हेरचाह पनि गरेको छ भने, उक्त कार्यमा बिताएको समयलाई १.५ भागले गुणा गरेर यी दुई गतिविधिहरूको कुल समय निकालिन्छ। यस अध्ययनले कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रम कार्यान्वयन नगरिने गाउँहरूमा महिलाहरूको तुलनामा पुरुषहरू यस सूचकमा अधिक सशक्त रहेको देखाउँदछ। कार्यक्रम कार्यान्वयन गरिने गाउँहरूमा ७० प्रतिशत पुरुषहरू र

**चित्र ९.३४**

**कार्य सन्तुलनमा सशक्तीकरण, उमेर अनुसार**



